सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

३१ वैशाख २०८०, आइतबार (14 May 2023, Sunday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक ३१ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

किन सार्वजनिक गरिँदैन सांसदको सम्पत्ति ?

दोहोरो चरित्र तत्काल वेबसाइटमा सार्वजनिक गर्न सांसदहरूले माग गरे, तर गोप्य राख्नुपर्ने कानुनी प्रावधान हटाउन विचाराधीन विधेयकमा संशोधन हालेनन्, मन्त्रिपरिषद्का सदस्यको सम्पत्ति पनि सार्वजनिक हुन छाड्यो



भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० (४) मा अनुसन्धानको अवस्थाबाहेक सार्वजनिक पद धारण गरेका व्यक्तिको सम्पत्ति विवरण गोप्य राखिने व्यवस्था छ। यो व्यवस्थाका कारण संसद् सचिवालयले सांसदको सम्पत्ति विवरणको अभिलेख राख्छ, तर सार्वजनिक गर्दैन। अहिले विभिन्न भ्रष्टाचार तथा अनियमितता काण्डमा आफूमाथि आँला उठ्दा सांसदहरूले सम्पत्ति विवरण सार्वजनिक गरेर हेर्न चुनौती दिइरहेका छन्। तर, यही वेला राष्ट्रिय सभामा समितिमा दफावार छलफल भई पारित भएर सन्देशसहित आएको भ्रष्टाचार निवारण (पहिलो संशोधन) ऐन, २०७६ प्रतिनिधिसभामा दफावार छलफलको चरणमा छ। सैद्धान्तिक छलफलपछि ७२ घन्टा संशोधन हाल्ने समय पाएकोमा कुनै पनि सांसदले गोप्य राख्ने प्रावधान हटाएर वेबसाइटमा प्रकाशित गर्नुपर्ने भनी संशोधन प्रस्ताव हालेका छैनन्।

कमलराज भट्ट/नयाँ पत्रिका

कांग्रेस सांसद डा. आरजु राणा देउवाले २४ वैशाखको प्रतिनिधिसभा बैठकमा सबै सांसदको सम्पत्ति विवरण सार्वजनिक गर्न माग गरिन्। 'मेरो श्रीमान् आजसम्म पाँचपटक प्रधानमन्त्री भइसक्नुभएको छ। मेरोलगायत हाम्रो सम्पत्ति विवरण सरकारसँग सुरक्षित छ। म अनुरोध गर्न चाहन्छु कि हामी जति सांसद छौं, जहिलेदेखि सांसद बनेका छौं, सबै सांसदको सम्पत्ति विवरण प्रकाशित होस्, वेबसाइटमा राखियोस्, जनताले देखोस्। कसको के थियो, कहिलेदेखि थियो, कसको बढ्यो, कसको घट्यो, के स्रोत हो, सबै राखौं। अझ सार्वजनिक ओहोदामा बसेकाले सम्पत्ति खर्च गरेको विवरण दिनुपर्ने कानुनसमेत ल्याऊँ,' उनको माग थियो।

सम्पत्ति विवरण सार्वजनिक गर्नुपर्ने आरजुको प्रस्तावमा समर्थन जनाउँदै २६ वैशाखमा प्रतिनिधिसभामै रास्वपा सांसद डा. तोसिमा कार्कीले भनिन्, 'हामी सबै सांसदले सम्पत्ति विवरण बुझाइसकेका छौं। तत्कालै वेबसाइटमार्फत सम्पत्ति विवरण सार्वजनिक गरियोस् र करसहितको स्रोत खोज्न पनि निर्देशन दिइयोस्।'

सांसदहरूले सम्पत्ति विवरण सार्वजनिक गर्न भनेको यो पहिलोपटक भने होइन। यसअघि पनि सदनमा सम्पत्ति विवरण प्रकाशित गर्न आवाज उठ्ने गरेका थिए। तर, सम्पत्ति विवरण सार्वजनिक गर्न कानुन नै बाधक छ। भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० (४) मा अनुसन्धानको अवस्थाबाहेक सार्वजनिक पद धारण गरेका व्यक्तिको सम्पत्ति विवरण गोप्य राखिने व्यवस्था छ। यो व्यवस्थाका कारण संसद् सचिवालयले सांसदको सम्पत्ति विवरणको अभिलेख राख्छ, तर सार्वजनिक गर्दैन।

४ मंसिरको प्रतिनिधिसभा चुनावमा सिन्धुपाल्चोक १ बाट निर्वाचित माओवादी सांसद माधव सापकोटाले मात्रै सचिवालयमा पेस गरेको सम्पत्ति विवरण आफैं सार्वजनिक गरेका थिए। अहिले

» पृष्ठ ११ मा क्रमशः

दफावार छलफलमा अध्ययन गरेर अघि बढ्छौं

● **पदम गिरी**, प्रमुख सचेतक, एमाले

सांसद, मन्त्री, उच्चपदस्थ कर्मचारी सबैको अनिवार्य सम्पत्ति विवरण सार्वजनिक गर्नुपर्छ। सुशासन र पारदर्शिताको पक्षमा सम्पूर्ण हिसाबले सहयोग पुऱ्याउनुपर्छ। आम्दानी कहाँबाट भयो, खर्च केमा भयो, कति राज्यलाई कर तिऱ्यो लगायत यावत् कुरा जनताले थाहा पाउने गरी पारदर्शी बन्नुपर्छ। ऐन संशोधनको सवालमा हामी दफावार छलफलमा अध्ययन गरेर अघि बढ्छौं।

सम्पत्ति विवरण सार्वजनिक गर्न कोही आत्तिनुपर्दैन

● **रामहरि खतिवडा**, सांसद, कांग्रेस

आखिर ढिलो-चाँडो सार्वजनिक गर्नैपर्छ। नभए त विवरण किन बुझाउनुपऱ्यो ? सरकारका केही मान्छेलाई गोप्य राख्नका लागि दिने हो भने नदिए पनि भइहाल्यो नि ! कानुनमै उल्लेख गरेर सम्पत्ति सार्वजनिक गर्नुपर्छ, सार्वजनिक गर्दा कोही आत्तिनुपर्दैन। तर, कसैले पनि आँट गरेका छैनन्। अहिले यत्रो पारदर्शिताको कुरा आएका वेला ढिलो-चाँडो गर्नैपर्ने सम्पत्ति विवरण अहिले नै सार्वजनिक गर्दा पनि केही बिग्रिँदैन। ऐन संशोधनको सवालमा दफावार छलफलमा एउटा निचोडमा पुग्छौं।

बुझाइसकेको विवरण जनताले थाहा पाउँदा राम्रै हुन्छ

● **रूपा चौधरी**, सचेतक, माओवादी

सम्पत्ति विवरणहरू आवश्यक पर्दा विभिन्न ढंगले बाहिर आएकै छन्। ऐनले गोप्य राख्ने भन्छ। तर, नीति बनाएर जाँदा सार्वजनिक गर्दा पनि फरक पर्दैन। बुझाइसकेको विवरण जनताले थाहा पाउँदा राम्रै हुन्छ। प्रक्रिया र पद्धति कानुनमै व्यवस्थित गर्नुपर्छ।

दफावार छलफलबाट ऐन संशोधन गर्नुपर्छ

● **सन्तोष परियार**, प्रमुख सचेतक, रास्वपा

सार्वजनिक पदमा बसेका व्यक्तिको सम्पत्ति सार्वजनिक गर्नु खासै समस्याको कुरा होइन। हाम्रोजस्तो भ्रष्टाचारले व्याप्त देशमा सम्पत्तिको स्रोत चाहिन्छ। फेरि गोपनीयताको अधिकारबाट ऐनमा गोप्य राख्ने भनिएको छ। तर, यसलाई व्यवस्थित गर्नुपर्छ। दफावार छलफलबाट ऐन संशोधन गर्नुपर्छ। यद्यपि, राज्यका कतिपय व्यक्तिको सम्पत्तिकै कारण समस्या आउन सक्ने पनि हुन्छ, सुरक्षाको प्रत्याभूति हेर्नुपर्छ।

■ अन्तर्राष्ट्रिय मामिला जानकार भन्छन्-

शरणार्थीका नाममा भएको ठगीले देशको विश्वसनीयतामा प्रश्न उठ्यो

नेपाललाई दूरगामी क्षति पुगेको छ

● **डा. दिनेश भट्टराई**, पूर्वराजदूत

यो अत्यन्तै दुर्भाग्यपूर्ण घटना हो। नेपालले धेरैतिरबाट प्रश्नहरूको सामना गर्नुपर्नेछ। नेपालका नेता, राज्यसंयन्त्र सबैको विश्वसनीयतामा प्रश्न मात्र उठेन, यसले शरणार्थीका विषयमा भुटानसँग वार्ता प्रक्रिया थप अनिश्चित बन्ने वातावरण बनाइदियो। नेपाललाई दूरगामी क्षति पुगेको छ।

संलग्नलाई कारबाही भए मात्र छवि पुनर्स्थापना हुनेछ

● **प्रा.डा. खड्ग केसी**, त्रिभुवन विश्वविद्यालय

नक्कली शरणार्थी प्रकरणले हाम्रो अन्तर्राष्ट्रिय विश्वसनीयतामा धब्बा लागेको छ। पुर्खाले जोगाइदिएको नेपालको स्वाभिमान र पहिचानमा दाग लागेको छ। अपराध कर्ममा संलग्न सबैलाई कारबाही भए मात्रै अन्तर्राष्ट्रिय रूपमा नेपालका छवि पुनर्स्थापनमा सहयोग पुग्छ। नभए हामी फस्यौं।

भुटानसमक्ष मुख देखाउन नसक्ने अवस्था आयो

● **डा. निश्चलनाथ पाण्डे**, निर्देशक, नेपाल सेन्टर फर साउथ एसिया

भुटानले पहिल्यैदेखि शरणार्थी वर्गीकरणमा अपराधीहरू पनि छन् भन्ने गरेकोमा हामीले प्रतिवाद गर्ने गरेका थियौं। तर, अहिले यत्रो विवाद भएर स्वयं नेपाली नागरिक शरणार्थी हुन पैसा खुवाउने अवस्था आउँदा हामीले भुटानसमक्ष मुख देखाउन पनि नसक्ने अवस्था आएको छ।

पर्शुराम काफ्ले/नयाँ पत्रिका

अन्तर्राष्ट्रिय सम्बन्धका जानकार तथा अनुभवी कूटनीतिज्ञहरूले शरणार्थीका नाममा अमेरिका पठाइदिने भन्दै भएको ठगी धन्दामा देखिएको राज्यसंयन्त्रको संलग्नतालाई बाह्य जगत्मा देशको विश्वसनीयता र छविमा प्रश्न उठाएको टिप्पणी गरेका छन्।

पूर्वराजदूत एवं प्रधानमन्त्रीका तत्कालीन परराष्ट्र मामिला सल्लाहकार डा. दिनेश भट्टराईले यो प्रकरणले सरकारी संयन्त्रको विश्वसनीयतामा प्रश्न उठेको बताए। 'यो अत्यन्तै दुर्भाग्यपूर्ण घटना हो। नेपालले धेरैतिरबाट प्रश्नहरूको सामना गर्नुपर्नेछ,' उनले भने, 'नेपालका नेता, राज्यसंयन्त्र सबैको विश्वसनीयतामा प्रश्न मात्र उठेन, शरणार्थीका विषयमा भुटानसँग वार्ता प्रक्रिया थप अनिश्चित बन्ने वातावरण यसले बनाइदियो। नेपाललाई दूरगामी क्षति पुगेको छ।'

त्रिभुवन विश्वविद्यालयमा अन्तर्राष्ट्रिय सम्बन्धका प्राध्यापक डा. खड्ग केसीले राष्ट्रिय सुरक्षाको संवेदनशील ठाउँमा बसेका कर्मचारी र नेताहरूको यो तहको अपराधकर्मबाट नेपाललाई अहिलेसम्मकै ठूलो क्षति पुगेको टिप्पणी गरे। 'भुटानसँग हाम्रो अवस्था रक्षात्मक नै थियो। नक्कली शरणार्थी प्रकरणले हाम्रो अन्तर्राष्ट्रिय विश्वसनीयतामा धब्बा लागेको छ। यो लज्जाको पराकाष्ठाबीच अब भुटानसँग वार्ता कसरी हुन सक्छ ?' केसीले भने, 'पुर्खाले जोगाइदिएको नेपालको स्वाभिमान र पहिचानमा लागेको दाग लामो समयसम्म रहनेछ। अपराध कर्ममा संलग्न सबैलाई कारबाही भएमा मात्रै अन्तर्राष्ट्रिय रूपमा नेपालको छवि पुनर्स्थापनमा सहयोग गर्छ। नभए हामी फस्यौं।'

भुटानी शरणार्थीका विषयमा विद्यावारिधि गरेका नेपाल सेन्टर फर साउथ एसियाका निर्देशक डा. निश्चलनाथ पाण्डेले भुटानसँग नेपालले मुख देखाउन पनि नसक्ने अवस्था उत्पन्न भएको बताए। 'भुटानले पहिल्यैदेखि शरणार्थी वर्गीकरणमा अपराधीहरू पनि छन् भन्ने गरेकोमा हामीले प्रतिवाद गर्ने गरेका थियौं। तर, अहिले यत्रो विवाद भएर स्वयं नेपाली नागरिक शरणार्थी हुन पैसा खुवाउने अवस्था आउँदा

» पृष्ठ ११ मा क्रमशः

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

भुटानी शरणार्थी नेताको प्रश्न-

हाम्रो नाम बेचियो, हामी कहाँ जाने ?

नक्कली शरणार्थी प्रकरणले भुटानको नियतलाई फाइदा पुग्ने चिन्ता



● **बलराम पौडेल**
अध्यक्ष, भुटान पिपुल्स पार्टी

शरण भूमि नेपालमा हाम्रो नाम बेचिएको छ, नेपाल-भुटान वार्ता ठप्प छ। तेम्रो मुलुक जाने ढोका बन्द छ, हामी अब कहाँ जाऊँ ? भुटानभित्र ३० हजारजना नागरिकताबाट वञ्चित छन्। त्यहाँभित्रको समस्या बेग्लै छ। नेपालमा भएकालाई लैजान भुटानले आनाकानी गरिरहेको छ। अब हामी कहाँ जाने, कसलाई पुकारा गर्ने ?

शरणार्थीका नाममा भएको ठगी प्रकरणले भुटानको नियतलाई फाइदा पुग्ने देखिएको छ। नेपाल सरकारले ठगी प्रकरण र शरणार्थीको स्वदेश फिर्ताका विषयलाई अलग्गै ढंगले लिएर समाधानका लागि प्रयास गर्नुपर्छ।

(विस्तृत समाचार पृष्ठ ११)

भ्रष्टाचारविरुद्ध सडकमा नागरिक

■ नारायणचौरमा प्रहरीलाई फूलसहित धन्यवाद

■ माइतीघरमा नारा : करोडौंको बंगला तिमीलाई कसले किन्दियो ?



अनिल यादव/नयाँ पत्रिका

शनिबार दिउँसो करिब १ बजे। भ्रष्टाचारको विरोधमा स्वस्फूर्त सडकमा उत्रिएका नागरिकको उपस्थितिले प्रहरी मुख्यालयनजिकैको नारायणचौर भरिँदै थियो। हातमा फूल र छातीमा प्ले कार्ड बोकेर नागरिकहरू प्रहरीलाई धन्यवाद दिँदै थिए। त्यही भिडमा मिसिए, राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने।

» पृष्ठ ११ मा क्रमशः



श्रीमान्-श्रीमती मिलेर सहकारीको १० अर्ब हिनामिना

शिव शिखर सहकारीको कुल १४ अर्ब निक्षेप हिनामिना भएकोमा पूर्वअध्यक्ष केदारनाथ शर्मा र श्रीमती गीताले मात्र करिब १० अर्ब दुरुपयोग गरेको प्रहरीको प्रारम्भिक अनुसन्धानको निष्कर्ष



सहकारीका पूर्वअध्यक्ष केदारनाथ शर्मा र उनकी श्रीमती शिखर अर्गनाइजेसनकी अध्यक्ष गीता

पुष्कर मल्ल
सञ्चालक समिति सदस्य

नवराज मैनाली/नयाँ पत्रिका

भक्तपुरमा केन्द्रीय कार्यालय रही देशका विभिन्न सहरमा शाखा सञ्चालन गरेको शिव शिखर बहुउदेश्यीय सहकारी संस्थामा सर्वसाधारणको करिब १४ अर्ब निक्षेप हिनामिना भएको छ। त्यसमध्ये करिब १० अर्ब संस्थाका पूर्वअध्यक्ष केदारनाथ शर्मा र उनकी श्रीमती गीताले मात्र हिनामिना गरेको प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)को प्रारम्भिक अनुसन्धानले देखाएको छ।

उनीहरूले आफ्ना नाममा करिब एक दर्जन कम्पनी खोलेर सहकारीको पैसा त्यसमा लगानी गरेका थिए। त्यो पैसा फर्काउन नसकेपछि सहकारी समस्यामा परेको हो। सो हिनामिनाका

» पृष्ठ ११ मा क्रमशः



सहकारीको धनगढी शाखामा बचत फिर्ताका लागि जम्मा भएको भिड। फाइल तस्बिर

● **दिनेश आचार्य**, एसएसपी, सिआइबी

हिनामिनामा संलग्न बाँके कोहलपुर घर भई भक्तपुर बस्ने गीता शर्मा तथा बझाङ घर भई काठमाडौं बस्ने पुष्कर मल्ललाई पक्राउ गरेर अनुसन्धान थालिएको छ। उनीहरूविरुद्ध हालसम्म संस्थाको तीन करोड १० लाख सात हजार रुपैयाँ हिनामिना गरेको उजुरी परेको र उजुरी आउने क्रम चलिरहेको छ। संस्थामा बचतकर्ताको करिब १४ अर्ब रकम हिनामिना भएको भन्ने छ। भर्खरै उजुरी लिएर हामीले अनुसन्धान थालेका छौं।

काठमाडौं महानगरले २४सै घन्टा निःशुल्क एम्बुलेन्स सेवा दिने



काठमाडौं/ काठमाडौं महानगरले २४सै घन्टा निःशुल्क एम्बुलेन्स सेवा प्रदान गर्ने भएको छ। मेयर बालेन्द्र साहले शनिबार सामाजिक सञ्जालमार्फत अब २४सै घन्टा निःशुल्क सेवा उपलब्ध गर्ने घोषणा गरेका हुन्। '१०२ नम्बर डायल गरी काठमाडौंभरि २४सै घन्टा निःशुल्क एम्बुलेन्स सेवा लिन सक्नुहुन्छ,' उनले सामाजिक सञ्जालमार्फत भनेका छन्, 'यो सुविधा प्रयोग गरेबापत कुनै शुल्क तिर्नुपर्नेछैन।' निःशुल्क एम्बुलेन्स सेवा प्रदान गर्नका लागि महानगरले नेपाल एम्बुलेन्स सेवासँग सम्झौता गरेको छ। एम्बुलेन्स प्रयोग गर्दा नेपाल एम्बुलेन्स सेवालाई आर्थिक रकम तिर्नेछ।

महानगरले आर्थिक भार बोक्ने गरी एम्बुलेन्स सेवा प्रदान गर्न लागिएको महानगरका प्रवक्ता नवीन मानन्धरले बताए। उनले भने, 'हामीसँग आफ्नै एम्बुलेन्स त छैन, हामीले सम्झौता गरेर सर्वसाधारणलाई सहजीकरण गरेका हौं, यसको आर्थिक खर्च महानगरले व्यहोर्छ।'

लिलाम बिक्री सम्बन्धी १५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८०/१/३१ गते

यस महालक्ष्मी विकास बैंक लि. का तपसिलमा उल्लेखित शाखाहरुबाट तपाई ऋणीहरुले आफ्नो व्यवसायिक/व्यक्तिगत कार्यको लागि प्राप्त गरेको ऋण कर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तर-ताकेता गर्दा समेत ऋण कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋण कर्जा चुक्ता भुक्तान गर्न मिति २०७९/४/२९ गतेका नयाँ पत्रिका, मिति २०७९/५/१६ गतेको नागरिक र मिति २०७९/१०/१२ गतेको अन्नपूर्ण पोस्ट् राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सार्वजनिक सूचना र मिति २०८०/१/६ गतेका नयाँ पत्रिका र मिति २०७९/१२/२९ गतेको अन्नपूर्ण पोस्ट् राष्ट्रिय दैनिक पत्रिकामा १५ दिने लिलाम बिक्रि सम्बन्धी सूचना प्रकाशित गरि ऋणी, व्यक्तिगत जमानीकर्ता समेतलाई जानकारी गराउँदा समेत कर्जाको साँवा, ब्याज तथा अन्य दस्तुर चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण वापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसीलमा उल्लेखित चल, अचल सम्पत्ति, जग्गाहरु तथा सो जग्गामा बनेको घर टहरा पर्खाल आदी र सो समेतले चर्चेको सम्पूर्ण लिगलगापात समेत जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा यो सूचना प्रकाशित भएको मितिले १६ औं दिनमा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि १५ दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरि गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान समेत गरिएको छ। सो अवधिमा ईच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्र द्वारा आफुले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फर्म बुझाउन समेत अनुरोध गरिन्छ। सूचना बमोजिम कसैको पनि बोलपत्र पर्न नआएमा धितो सुरक्षण रहेका सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ एवं बैंकको कर्जा असुली तथा धितो गैह्र बैंकिङ्ग सम्पत्ति बिक्री कार्यविधि २०६६ समेत बमोजिम पुनः लिलाम बिक्री गर्न वा बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ।

तपसिल

टिकापुर शाखा :

१. ऋणी : लक्ष्मी अटो मोवाईल्स एण्ड ट्रेडर्स (प्रो. श्री लक्ष्मी थापा)
प्रा.फ.र.न : १२९६६/०६५/०६६ (वाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, धनगढी कैलाली)
दर्ता मिति : २०६५/०५/१०
पान नं : ३०२९०८४२४
फर्मको ठेगाना : कैलाली जिल्ला धनगढी उ.म.न.पा. वडा नं. ४ शाखा कार्यालय टीकापुर न.पा. वडा नं. १

२. ऋणि : श्री डम्मर बहादुर थापा
बाबु : श्री मिन बहादुर थापा, बाजे : श्री प्रेम बहादुर थापा
ठेगाना : अछाम जिल्ला दर्ना गा.वि.स. वडा नं. ४ हाल कैलाली जिल्ला टिकापुर नगरपालिका वडा नं. १
व्यक्तिगत जमानीकर्ताहरु :
क) श्री लक्ष्मी थापा, बाबु : श्री हंश बिष्ट, ससुरा : श्री मिन बहादुर थापा, पति : श्री डम्मर बहादुर थापा
ख) श्री डम्मर बहादुर थापा, बाबु : श्री मिन बहादुर थापा, बाजे : श्री प्रेम बहादुर थापा
ठेगाना : अछाम जिल्ला दर्ना गा.वि.स. वडा नं. ४ हाल कैलाली जिल्ला टिकापुर नगरपालिका वडा नं. १
कर्जा : व्यापार कर्जा ओ.डी. र व्यक्तिगत कर्जा ओ.डी.
धितो सुरक्षणको विवरण : (क) श्री मिन बहादुर थापाको बुहारी, श्री डम्मर बहादुर थापाको पत्नि, अछाम जिल्ला दर्ना गा.वि.स. वडा नं. ४ स्थाई ठेगाना भई हाल टीकापुर न.पा. वडा न. १ बस्ने श्री लक्ष्मी थापाको नाममा मालपोत कार्यालय कैलाली धनगढीमा दर्ता रहेको कैलाली जिल्ला धनगढी न.पा. वडा नं. २ (नक्सा सि.न. ०२७०७६७४) स्थित कि.न. ६४८ को क्षेत्रफल ३२९.०० व.मी. को जग्गा तथा सो जग्गामा रहेको अन्य सम्पूर्ण लिगलगापात समेत।
(ख) श्री मिन बहादुर थापाको बुहारी श्री डम्मर बहादुर थापाको पत्नि अछाम जिल्ला दर्ना गा.वि.स. वडा नं. ४ मा स्थायी ठेगाना भई हाल टीकापुर न.पा. वडा न. १ बस्ने श्री लक्ष्मी थापाको नाममा मालपोत कार्यालय टीकापुर कैलालीमा दर्ता रहेको कैलाली जिल्ला मौरनिया गा.वि.स. वडा न. ८ (नक्सा सि.न. ८) स्थित कि.न. ३४५८ को क्षे.फ. २५३.९८ व.मी. को जग्गा, मनिकापुर गा.वि.स. वडा न. ८ (नक्सा सि.न. ८) स्थित कि.न. २४९४ को क्षे.फ. २८६.०० व.मी. को जग्गा, मौरनिया गा.वि.स. वडा न. ८ (नक्सा सि.न. ८) स्थित कि.न. २८८४ र ७५२ को क्षे.फ. १२६९.९० र ६८५६.३१ व.मी. को जग्गा तथा मुनुवा गा.वि.स. वडा नं. ८ (नक्सा सि.न. ८) स्थित कि.न. २०२३ को क्षेत्रफल ६७७.२६ व.मी. को जग्गा तथा सो जग्गामा रहेको अन्य सम्पूर्ण लिगलगापात समेत।
(ग) श्री प्रेम बहादुर थापाको नाती श्री मिन बहादुर थापाको छोरा जिल्ला अछाम दर्ना गा.वि.स. वडा नं. ४ मा स्थायी ठेगाना भई हाल टीकापुर न.पा. वडा न. १ बस्ने श्री डम्मर बहादुर थापाको नाममा मालपोत कार्यालय टीकापुर कैलालीमा दर्ता रहेको कैलाली जिल्ला, मुनुवा गा.वि.स. वडा न. ९ (नक्सा सि.न.९/क) स्थित कि.न. १४३३ को क्षे.फ. ३३८.५० व.मि. र मनिकापुर गा.वि.स. वडा न. ८ (नक्सा.सि.न. ८) स्थित कि.न. ७६२४, ७७७३, १४४९ र ४३६२ को क्षेत्रफल ३३८.६४, १६९.३२, ३३८.६३ र ५९२.५२ व.मी. को घर जग्गा तथा सो जग्गामा रहेको अन्य सम्पूर्ण लिगलगापात समेत।

दरबारमार्ग शाखा :

ऋणी : शोभा बुटिक होटल प्रा.लि.
दर्ता नं. २०२२०४/०७५/०७६ (कम्पनी रजिष्ट्रारको कार्यालय)
दर्ता मिति २०७५/०७/२६
प्यान नं. ६०६५५०६३३, दर्ता मिति २०७५/०७/२९
ठेगाना : का.जि.का.म.न.पा. वडा न.४ विशालनगर, काठमाण्डौ।
संचालक : श्री शोभा राई, बाबु : श्री सेतुलाल गुरुङ्ग, बाजे : श्री बिर बहादुर गुरुङ्ग, पति : श्री चतुर बहादुर राई
ठेगाना : जिल्ला उदयपुर पञ्चावती गा.वि.स. वडा नं. ५ हाल जिल्ला ललितपुर ल.पु.म.न.पा. वडा न. १५ सातदोबाटो
व्यक्तिगत जमानीकर्ताहरु :
(क) श्री शोभा राई, बाबु : श्री सेतुलाल गुरुङ्ग, बाजे : श्री बिर बहादुर गुरुङ्ग, पति : श्री चतुर बहादुर राई
ठेगाना : जिल्ला उदयपुर पञ्चावती गा.वि.स. वडा नं. ५ हाल जिल्ला ललितपुर ल.पु.म.न.पा. वडा न. १५ सातदोबाटो
(ख) श्री कृष्ण बहादुर कुँवर, बाबु : श्री धन बहादुर कुँवर, बाजे : श्री बिर बहादुर कुँवर
ठेगाना : जिल्ला काठमाण्डौ का.म.न.पा. वडा न. २
कर्जा : बिजनेश टर्म लोन
धितो सुरक्षणको विवरण : (क) श्री सेतुलाल गुरुङ्गको छोरी, श्री बिर बहादुर गुरुङ्गको नातिनी, श्री चतुर बहादुर राईको पत्नि, जिल्ला उदयपुर पञ्चावती गा.वि.स. वडा नं. ५ स्थाई ठेगाना भई हाल जिल्ला ललितपुर ल.पु.म.न.पा. वडा न. १५ सातदोबाटो बस्ने श्री शोभा राईको नाममा मालपोत कार्यालय डिल्लीबजारमा दर्ता कायम रहेको काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. ४ नापिको सि.न. १०२९०६६०२ स्थित कि.नं. ४२ र ४६ को क्षे.फ. ०-३-०-३, ०-१-०-० को घर जग्गा तथा सो जग्गामा रहेको सम्पूर्ण लिगलगापात समेत।
(ख) श्री शोभा बुटिक होटल प्रा.लि.को नाममा मालपोत कार्यालय डिल्लीबजारमा दर्ता कायम रहेको काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं.४ नापिको सि.न. १०२९०६६०२ स्थित कि.नं. २५ को क्षे.फ. २४५.२० वर्ग मिटरको घर जग्गा तथा सो जग्गामा रहेको सम्पूर्ण लिगलगापात समेत।

थापाथली शाखा :

१. ऋणी : काष्ठमण्डप वाइन क्याफे प्रा.लि. (अ.प्रा.स. श्री तेज विकम थापा)
दर्ता नं. ६८८५१/०६६/०६७ (कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाण्डौ)
दर्ता मिति २०६६/९/८
पान नं. ३०३८८६६७३
ठेगाना : जिल्ला ललितपुर ल.म.न.पा. वडा. न ४ जाउलाखेल
व्यक्तिगत जमानीकर्ताहरु :
(क) श्री तेज विकम थापा (ना.प्र.न. २०९२/४२७२ जारी मिति २०५६/०२/२१ काठमाण्डौ)
बाबु : श्री ओज बहादुर थापा, बाजे : श्री रण बहादुर थापा
ठेगाना : जिल्ला तनहुँ तनहुंसर गा.वि.स. वडा नं. ७
(ख) श्री सजना राजकर्णिकार (ना.प्र. १४५६३ जारी मिति २०५९/१०/०३, ललितपुर)
बाबु : श्री तुलसिमान राजकर्णिकार, ससुरा : श्री ओज बहादुर थापा, पति : श्री तेज विकम थापा
ठेगाना : जिल्ला ललितपुर, ल.म.न.पा. वडा नं. १८
कर्जा शिर्षक : हायर पर्चेज कर्जा
धितो सुरक्षणको विवरण : (क) काष्ठमण्डप वाइन क्याफे प्रा.लि.लाई ऋणि कायम गरी यातायात व्यवस्था कार्यालय एकान्तकुना ललितपुरमा यस बैंकको नाममा दर्ता रहेको सवारी साधन दर्ता न. बा १८ च ८८१४ मोडल नं. XENON AX 4 Cab बनेको साल २०१७ इन्जिन न. 2.2 LDICOR18FSYJ11729 चेसिस नं. MAT464547HSR06842
(ख) काष्ठमण्डप वाइन क्याफे प्रा.लि.लाई ऋणि कायम गरी यातायात व्यवस्था कार्यालय एकान्तकुना ललितपुरमा यस बैंकको नाममा दर्ता रहेको सवारी दर्ता नं. बा २० च १८७२ मोडल न. Ssang Yong Rexton AT Fully Loaded बनेको साल २०१८ इन्जिन न. 67296022590852 चेसिस नं. KPT50B 1ESJPO20877
(ग) श्री ओज बहादुर थापाको बुहारी श्री तेज विकम थापाको पत्नी जिल्ला ललितपुर ल.म.न.पा. वडा नं.१८ बस्ने श्री सजना राजकर्णिकारको नाममा मालपोत कार्यालय भक्तपुरमा दर्ता कायम रहेको जिल्ला भक्तपुर ताथली गा.वि.स. वडा न.९ (नक्सा सि.न. ९/ट) स्थित कित्ता नं. ५६५ को क्षेत्रफल ०-१३-०-० को जग्गा र निजकै नाममा दर्ता रहेको जिल्ला भक्तपुर नगर वडा नं १ (नक्सा सि.न. १/क) स्थित कित्ता नं. १४६ को क्षेत्रफल ०-५-०-० को जग्गा तथा सो जग्गामा रहेको अन्य सम्पूर्ण लिगलगापात समेत।

२. ऋणी : श्री सजना राजकर्णिकार (ना.प्र.नं १४५६३ जारी मिति २०५९/१०/०३ ललितपुर)
बाबु : श्री तुलसिमान राजकर्णिकार, ससुरा : श्री ओज बहादुर थापा, पति : श्री तेज विकम थापा
ठेगाना : जिल्ला ललितपुर ल.म.न.पा. वडा नं. १८
व्यक्तिगत जमानीकर्ताहरु :
क) श्री तेज विकम थापा (ना.प्र.नं २०९२/४२७२ जारी मिति २०५६/०२/२१ काठमाण्डौ)
बाबु : श्री ओज बहादुर थापा, बाजे : श्री रण बहादुर थापा
ठेगाना : जिल्ला तनहुँ तनहुंसर गा.वि.स. वडा नं. ७
(ख) श्री सजना राजकर्णिकार (ना.प्र.१४५६३ जारी मिति २०५९/१०/०३, ललितपुर)
बाबु : श्री तुलसिमान राजकर्णिकार, ससुरा : श्री ओज बहादुर थापा, पति : श्री तेज विकम थापा
ठेगाना : जिल्ला ललितपुर, ल.म.न.पा. वडा नं. १८
कर्जा शिर्षक : महालक्ष्मी होम इक्विटि कर्जा र घर निर्माण कर्जा
धितो सुरक्षणको विवरण : (क) श्री ओज बहादुर थापाको बुहारी श्री तेज विकम थापाको पत्नी जिल्ला ललितपुर ल.म.न.पा. वडा नं.१८ बस्ने श्री सजना राजकर्णिकारको नाममा मालपोत कार्यालय ललितपुर लगनखेलमा दर्ता कायम रहेको ललितपुर जिल्ला ल.उ.म.न.पा. वडा नं ५ (नक्सा सि.न. ५/ट) स्थित कित्ता नं.४७८ को क्षेत्रफल ०-५-०-० को घर जग्गा तथा सो जग्गामा रहेको अन्य सम्पूर्ण लिगलगापात समेत।
(ख) श्री ओज बहादुर थापाको बुहारी श्री तेज विकम थापाको पत्नी जिल्ला ललितपुर ल.म.न.पा. वडा नं.१८ बस्ने श्री सजना राजकर्णिकारको नाममा मालपोत कार्यालय चावहिलमा दर्ता कायम रहेको काठमाण्डौ जिल्ला जोरपाटि गा.वि.स. वडा नं. ५ (नक्सा सि.न. १०२९०३०१८) स्थित कित्ता नं. १६७ को क्षेत्रफल ०-४-०-१ को घर जग्गा तथा सो जग्गामा रहेको अन्य सम्पूर्ण लिगलगापात समेत।

३. ऋणी : अन्नपुर्ण फर्टिलाइजर प्रा.लि. (अ.प्रा.स. श्री सजना राजकर्णिकार)
दर्ता नं. २०२९५८/०७५/०७६ (कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाण्डौ)
दर्ता मिति २०७५/७/२०
पान नं. ६०६५५१६८१
ठेगाना : जिल्ला ललितपुर ल.म.न.पा. वडा. न १४ सातदोबाटो
व्यक्तिगत जमानीकर्ताहरु :
क) श्री तेज विकम थापा (ना.प्र.न २०९२/४२७२ जारी मिति २०५६/०२/२१ काठमाण्डौ)
बाबु : श्री ओज बहादुर थापा, बाजे : श्री रण बहादुर थापा
ठेगाना : जिल्ला तनहुँ तनहुंसर गा.वि.स. वडा नं. ७
(ख) श्री सजना राजकर्णिकार (ना.प्र.१४५६३ जारी मिति २०५९/१०/०३, ललितपुर)
बाबु : श्री तुलसिमान राजकर्णिकार, ससुरा : श्री ओज बहादुर थापा, पति : श्री तेज विकम थापा
ठेगाना : जिल्ला ललितपुर, ल.म.न.पा. वडा नं. १८
कर्जा शिर्षक : उद्योग कर्जा (आवधिक तथा ओ.डि.)
धितो सुरक्षणको विवरण : श्री ओज बहादुर थापाको बुहारी श्री तेज विकम थापाको पत्नी जिल्ला ललितपुर ल.म.न.पा. वडा नं. १८ बस्ने श्री सजना राजकर्णिकारको नाममा मालपोत कार्यालय ललितपुर लगनखेलमा दर्ता कायम रहेको ललितपुर जिल्ला ल.म.न.पा. वडा नं. ४ (नक्सा सि. नं.४/ख) स्थित कित्ता न.१३५९ को क्षेत्रफल ०-४-०-० को जग्गा तथा सो जग्गामा रहेको अन्य सम्पूर्ण लिगलगापात समेत।

नोट :
१. बोलपत्र सम्बन्धि शर्त बन्देज सहितको बोलपत्र यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुबाट तोकेको शुल्क तिरी प्राप्त गर्न सकिने छ।
२. बोलपत्र साथ आफुले बोलकबोल गरेको अंकको १० प्रतिशत नगद/बैंक ग्यारेण्टी /गुड फर पेमेण्ट चेक बैंकको खातामा धरौटी स्वरुप जम्मा गर्नु पर्ने छ
३. बोलपत्र स्विकृतवालाले बैकले तोकिदिएको समय भित्र बोलकबोल गरेको बाँकी सम्पूर्ण रकम बुझाउनु पर्नेछ। अन्यथा धरौटी जफत हुने छ।
४. दा.खा. नामसारी गर्दा सम्बन्धित निकायमा लाग्ने राजस्व लगायत सम्पूर्ण खर्च बोलकबोलदाताले नै व्योहर्नु पर्नेछ।
५. कारणवस सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्टको मिति कायम हुनेछ।
६. यस विषयसँग अन्य जानकारी लिनु पर्ने भएमा यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुमा सम्पर्क गर्नु हुन।
७. बोलपत्र स्विकृत/अस्विकृत गर्ने सम्पूर्ण अधिकार बैकमा सुरक्षित रहने छ।
८. शर्त सहितको बोलपत्र स्वीकार गरीने छैन।

शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८०/२/१४ आईतबार (कार्यालय समय भित्र)
बोलपत्र खोलिने मिति : २०८०/२/१६ मंगलबार दिनको २ बजे (मिति २०८०/२/१५ सोमबार सार्वजनिक बिदा परको हुनाले)
बोलपत्र खोल्ने स्थान : महालक्ष्मी विकास बैंक लि. को सम्बन्धित शाखा कार्यालयहरुमा

महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रियस्तरको इजाजत प्राप्त संस्था)
केन्द्रीय कार्यालय दरबारमार्ग, काठमाण्डौ फोन नं. ०१-५३६८१५३, ५३६८७१९
कर्जा असूली विभाग थापाथली, काठमाण्डौ फोन नं. ०१-५९१९२१९/५९११५१९/२०
सबल बैंक, सफल सहकार्य
www.mahalaxmibank.com

■ संघीय राजधानीकै सडक वर्षौंदेखि अलपत्र

चाबहिल–साँखु र नख्खु–चुनीखेल सडक आठ वर्षमा पनि बनेनन्



चालू आर्थिक वर्षमै सडक विस्तार सक्ने गरी काम गरिरहेका छौं। चौडा पार्न नसकेको ठाउँमा कालोपत्रे मात्रै गरेर छाड्छौं। हामीले जुन किमिसबाट ठेक्का लगाएका थियौं, त्यसअनुसार काम भएन, मुआब्जा र वरिपरिका संरचना हटाउन सकेनौं। पुरानो चौडाइ जति थियो, त्यस्तैमै कालोपत्रे गरेका छौं।

■ **कृष्ण ओझा**, प्रमुख, काठमाडौं उपत्यका सडक विस्तार आयोजना



निर्माणाधीन चाबहिल-जोरपाटी-साँखु सडकखण्ड। तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

शिवहरि घिमिरे/नयाँ पत्रिका

सरकारकै लापरबाहीले वर्षौंदेखि अलपत्र र अस्तव्यस्त बनेका ठूला सडक हेर्न बाहिरी जिल्ला जानै पर्दैन। संघीय राजधानीमा रहेका केही सडकको दुरावस्थाले सरकारी मानसिकतालाई प्रस्ट पार्छ। राष्ट्रपति, प्रधानमन्त्री, मन्त्रीलगायत उच्च ओहोदाका व्यक्ति दिनहुँ ओहोरदोहोर गर्ने यहाँका सडक वर्षौंदेखि अस्तव्यस्त छन्। हिउँदमा हिलाम्य र बर्खामा धुलाम्य सडकले संघीय राजधानीलाई गिज्याइरहेको मात्र छैन, देशका शासकबाट कसरी शासित हुनुपरिरहेको छ भन्ने पनि पुष्टि गर्छ।

ललितपुरको नख्खु-भैंसेपाटी-चुनीखेल र काठमाडौंको चाबहिल-साँखु सडकखण्ड उपत्यकाभित्र ठूला सडक आयोजनाभित्र पर्छन्। चौडासहित कालोपत्रे गर्ने गरी ०७२ र ०७३ मा यी सडकको ठेक्का लगाइएको थियो। तर, आठ वर्षदेखि दुवै सडक अलपत्र छन्। काठमाडौं उपत्यका सडक विस्तार आयोजनाअन्तर्गत ठेक्का लगाएर सुरु भएका यी सडक हालसम्म न त चौडा पारेर सकियो, न त कालोपत्र नै भएका छन्।

यी सडकसँगै सरकारले ०७१, ०७२ र ०७३ मा उपत्यकाका मुख्य सातवटा सडक विस्तारको योजना सुरु गरेको थियो। अन्य सडक चौडा नपारी कालोपत्रे भए पनि नख्खु-भैंसेपाटी-चुनीखेल र चाबहिल-साँखु सडकखण्ड नबन्दा यात्रुले सधैं सास्ती र दुःख-कष्ट खेप्दै आएका छन्।

नख्खु-भैंसेपाटी-चुनीखेल र चाबहिल-साँखु सडकखण्डमा दुई-दुईवटा ठेक्का लगाइएको छ। चाबहिल-साँखु सडक ०७२ चैत, नख्खु-भैंसेपाटी सडक ०७३ र भैंसेपाटी-चुनीखेल सडक ०७४ चैतमा ठेक्का लगाइएको थियो। तर, यी सडक हालसम्म स्तरोन्नति हुन सकेका छैनन्। ठेक्का लगाउँदा सडक चौडा पार्ने र कालोपत्रे गर्ने गरी सम्झौता भएको थियो। तर, ठेकेदार कम्पनीले मुआब्जा र अन्य अवरोधका कारण ठेक्काको म्याद सार्दै आएको थियो। चाबहिल-साँखु सडकखण्ड चौडा र कालोपत्रे गर्ने गरी ठेक्का लगाइएको थियो। तर, यो सडक हालसम्म पनि चौडा भएको छैन। कतिपय ठाउँमा ठेकेदार कम्पनीले पहिलेकै क्षेत्रफलमा कालोपत्रे गरेको छ।

सम्झौताअनुसार दुवै क्षेत्रका सडकको चौडाइ २० मिटर (चार लेन) हो। तर, चौडा पार्न नसकिएपछि १०-१५ मिटर मात्रै कायम गरिएको आयोजनाले जनाएको छ। दुवैतिरका सडकको ठेक्का म्याद तीन वर्ष भए पनि आयोजनाले हालसम्म ठेकेदार कम्पनीलाई म्याद थप गर्दै आएको छ। भैंसेपाटी सडक विस्तारको जिम्मा बज्रगुरु बिरुवा खानी जेभी, पप्पु महालक्ष्मी वर्ल्डवाइड जेभी र चाबहिल-साँखु सडकको ठेक्का बज्रगुरु च्याङमिला खानी जेभी र बज्रगुरु बिरुवा खानी जेभीले ठेक्का पाएका थिए।

■ ३४ करोड सकियो, काम भने सकिएन

नख्खु-भैंसेपाटी-चुनीखेल सडकखण्ड आशिष बिरुवा सिएम ठेकेदार कम्पनीलाई ५७ करोड लागत अनुमानमा ठेक्का लगाइएको थियो। यो सडकखण्डमा हालसम्म ३४ करोड रुपैयाँ खर्च भएको छ। तर, सडक अझै फराकिलो र कालोपत्रे हुन सकेको छैन। आयोजना प्रमुख कृष्ण ओझा भने चाबहिल-साँखु र नख्खु-भैंसेपाटी क्षेत्रमा ०७७ यता द्रुत गतिमा काम भइरहेको दाबी गर्छन्। 'हामीले चालू आर्थिक वर्षमा काम सक्ने गरी सडक विस्तारको काम गरिरहेका छौं,' उनले भने, 'चौडा पार्न नसकेको ठाउँमा कालोपत्रे मात्रै गरेर छाड्छौं।' यो सडकको लम्बाइ जम्मा पाँच किमि हो। अब भैंसेपाटीतर्फ दुई किमि सडक चौडा पार्ने र कालोपत्रे गर्ने कार्य बाँकी रहेको आयोजनाले जनाएको छ।

■ चौडा नपारी कालोपत्रेमा मात्रै ५५ करोड खर्च

चाबहिल-साँखु सडकखण्डको लागत ठेक्का अनुमान ८६ करोड हो। हालसम्म यो सडक विस्तारमा ५५ करोड खर्च भइसकेको छ। ६ किमि लम्बाइ रहेको यो सडक चौडा नपारी पाँच किमिमा कालोपत्रे गरिएको छ। अझै एक किमि सडक चौडा र कालोपत्रे गर्न बाँकी छ। मुआब्जा विवाद र अन्य संरचनाका कारण सडक चौडा पार्न नसकिएको आयोजना प्रमुख ओझाले बताए। 'हामीले जुन किमिसबाट ठेक्का लगाएका थियौं, त्यसअनुसार काम भएन, किनभने मुआब्जा र वरिपरिका संरचना हटाउन सकेनौं,' उनले भने, 'पुरानो चौडाइ जति थियो, त्यस्तैमै कालोपत्रे गरेका छौं।' चाबहिल-दक्षिण ढोकादेखि साँखुसम्मको ६ किमि सडक विस्तारमा ५१ करोड रुपैयाँ खर्च भएको छ। तर, ठेक्का सम्झौताअनुसार सडक चौडासमेत पारिएको छैन।

आयोजना प्रमुख ओझा सडक विस्तार ढिलो हुनुमा घरजग्गा नहटाई ठेक्का लगाउनु, रूख काट्न, पाइप सार्न, पोल सार्न नसक्नु र कोभिडको समस्या देखिउँदै पन्छिए। 'ह्याम्रा कारणले भन्दा पनि अन्य कारणले सडक आयोजना समयमै सकिएन,' उनले भने, 'कोभिडले पनि करिब दुई वर्ष काम गर्न दिएन।'

■ ०७७ पछि बल्ल काम सुरु

आयोजनाले सडक चौडा पार्नेसहितको योजना भएकाले ०७७ सम्म चाबहिल-साँखु क्षेत्रमा कामै गरेन। ०७७ मा मन्त्रिपरिषद् बैठकले जे-जस्तो अवस्थामा छ, त्यस्तै अवस्थामा कालोपत्रे गर्ने निर्णय गरेपछि आयोजनाले ठेकेदारलाई काम गर्न ताकेता गरेको थियो। त्यसअघि साइट नै क्लियर नभएको र चौडा पार्न सकिने अवस्था नभएको भन्दै आयोजनाले काम अघि बढाएको थिएन। सडक चौडा पार्न आसपासका संरचना हटाउने र मुआब्जा दिने कार्य सडक विभाग, काठमाडौं महानगर र सडक डिभिजनको हो।

काठमाडौं उपत्यका सडक विस्तार आयोजनाले नै उपत्यकाका केही मुख्य सडक विस्तारको काम सकिसकेको छ। जोरपाटी-सुन्दरीजल (६ किमि), पेप्सीकोला-सल्लाघारी (साढे चार किमि), इमाडोल-लुभु (तीन किमि), कर्मनासा-गोदावरी (चार किमि) र कलंकी-नागढुंगा (नौ किमि)को काम भने ०७८ मै सकिएको छ। यी सडकको पनि गुणस्तरीय कालोपत्रे नहुँदा कतिपय ठाउँमा निर्माण सम्पन्न भएको दुई वर्षमै कालोपत्रे उप्किने र धसिनेलगायत समस्या देखिन थालेका छन्।

■ कालोपत्रे सडक खन्दै प्राधिकरण

उपत्यकाका धेरैजसो सडक खाल्डाखुल्डी पर्नु र हिलाम्य तथा धुलाम्य हुनुको कारण नेपाल विद्युत् प्राधिकरण पनि हो। प्राधिकरणले चिल्ला र व्यवस्थित सडक खनेर बिजुलीको तार भूमिगत गरिरहेको छ। जसकारण सडक सर्वसाधारणले सास्ती खेप्नुपरेको छ। पछिल्लो समय कलंकी-थानकोट, पेप्सीकोला-सल्लाघारी, जोरपाटी-थलीलगायत मुख्य सडक प्राधिकरणले खनेको छ। तार भूमिगत गर्न जथाभावी खन्दा सडक अस्तव्यस्त बनेको छ।

त्यस्तै, नख्खु-भैंसेपाटी क्षेत्रमा पनि मेलम्ची खानेपानी आयोजना कार्यान्वयन निर्देशनालय (पिआइडी)ले खनेर अस्तव्यस्त पारेको छ। त्यसै त खाल्डाखुल्डी सडक प्राधिकरणले साइड-साइडमा खन्दा सडक ओहोरदोहोरमा सास्ती पुगेको छ।

■ निर्माण भइसकेका सडकको मर्मत-सम्भार छैन

उपत्यकाका अधिकांश सडक मर्मत-सम्भार गर्ने जिम्मा काठमाडौं महानगर र सडक डिभिजन कार्यालयको हो। आयोजना, सडक विभागलगायत निकायले सडक निर्माणकार्य सकेपछि त्यसको रेखदेख र मर्मत गर्न यी दुई निकायलाई जिम्मा दिन्छन्। तर, यी निकायले उपत्यकाका सडक मर्मत-सम्भार भने गरेका छैनन्। जसकारण मुख्य सडकका ठाउँ-ठाउँमा खाल्डाखुल्डी भेटिन्छन्। 'हामीले काम सकिएपछि डिभिजनलाई हस्तान्तरण गर्छौं, काम सकिएपछि मर्मत-सम्भार र रेखदेख गर्ने जिम्मा उहाँहरूको हो,' ओझाले भने, 'तर, उहाँहरूले त्यसलाई बेवास्ता गर्नुभएको छ।' पछिल्लो समय टेकु, कालीमाटी, लैनचौर-महाराजगन्ज, करिडोर सडकहरू ठाउँ-ठाउँमा खाल्डाखुल्डी परेका छन्।

मर्न थाले कमलपोखरीका माछा

काठमाडौं/ सर्वसाधारणको भिडभाडका कारण उत्पन्न फोहोर सीधै पोखरीमा पुग्दा कमलपोखरीका माछा मर्न थालेका छन्। पोखरीको नियमित सरसफाइ अभाव र पोखरी घुम्न आउनेले जथाभावी खानेकुरा दिँदा माछा मरेका हुन्।

मरेका माछा पोखरीमा तैरिँदा आसपासको वातावरण दुर्गन्धित बनेको छ। पोखरी हेरालुले छेउछाउका माछा निकाले पनि सबै निकाल्न नसक्दा समस्या भएको छ। दुर्गन्ध र फोहोरका कारण अरू माछा पनि मर्न सक्ने जोखिम रहेको स्थानीय बताउँछन्। 'पछिल्लो समय कमलपोखरीमा रहेका माछा मर्न थालेका छन्, यसको रेखदेख गर्ने निकाय काठमाडौं महानगर हो, तर महानगरले सयौं माछा मरिसक्दा पनि संरक्षणमा चासो दिएको छैन,' स्थानीय श्यामकुमार श्रेष्ठले भने। उनका अनुसार स्थानीय, महानगर र अभियानकर्ताले पोखरीमा २२ सयभन्दा बढी माछाका भुरा छाडेका थिए। यी सबै माछा अहिले हुर्किएका छन्।

यसबारे काठमाडौं महानगरपालिका बेखबर छ। महानगरका प्रवक्ता नवीन मानन्धरले माछा मरेको जानकारी आफूलाई प्राप्त नभएको बताए। 'माछा मरेकोबारे जानकारी छैन, यदि त्यस्तो रहेछ भने त्यहाँ सरसफाइ गर्छौं र मरेका माछा निकाल्छौं,' उनले भने। यसअघि पनि यो पोखरीमा सयौं माछा मरेका थिए।

शनिबार उपत्यकामा

बानेश्वर : प्रहरीले काठमाडौं महानगरपालिका-३१, बानेश्वर कात्यानीचोकबाट ११ जना जुवाडेलाई पक्राउ गरेको छ। कात्यानीचोकका सगोल कोइरालाको घरमा जुवातास खेलिरहेको अवस्थामा काठमाडौं गौशाला बस्ने २९ वर्षीय मुकेशराज गिरीसमेत ११ जनालाई शुक्रबार दिउँसो प्रहरीले पक्राउ गरेको हो। प्रहरीवृत्त बानेश्वरबाट खटिएको प्रहरीले उनीहरूलाई नगद आठ लाख १० हजार चार सय रुपैयाँ र १२ बुक ताससहित फेला पारेको जन

राष्ट्रिय समझदारीका लागि एमालेले अग्रसरता लिने

नक्कली भुटानी शरणार्थी, लडाकु शिविरलगायत सबै घोटालाको निष्पक्ष छानबिन गर्न माग

शुरोजंग पाण्डे/नयाँ पत्रिका



प्रमुख विपक्षी दल एमालेले देशका प्रमुख राजनीतिक दलबीच न्यूनतम समझदारीका लागि आवश्यक पहल गर्ने निर्णय गरेको छ। मुलुक राजनीतिक, आर्थिक र सामाजिक रूपमा संकटउन्मुख भइरहेको, भ्रष्टाचार संक्रामक रोगजसरी फैलिरहँदा राष्ट्रिय हितको रक्षा चुनौतीपूर्ण बनिरहेको र अस्थिर तथा अराजक प्रवृत्ति झाँगिएकाले प्रमुख राजनीतिक दलबीच न्यूनतम समझदारी आवश्यक रहेको निष्कर्ष निकाल्दै केन्द्रीय कमिटी बैठकले त्यसका लागि पहल लिने निर्णय गरेको हो। न्यूनतम समझदारीका लागि वार्ता, संवाद र छलफलको पहलका लागि शनिबार सम्पन्न बैठकबाट एमालेले विशेष महत्त्वको अलग्गै प्रस्ताव पारित गरेको छ।

'मुलुक राजनीतिक, आर्थिक र सामाजिक रूपमा संकटउन्मुख हुँदै गएको छ। भ्रष्टाचार संक्रामक रोगजसरी फैलिँदै छ। राष्ट्रिय हितको रक्षाको प्रश्न चुनौतीपूर्ण बन्दै गएको छ। अस्थिरता र अराजकताका प्रवृत्ति झाँगिन खोज्दै छन्,' एमालेको विशेष प्रस्तावमा भनिएको छ, 'यस्तो अवस्थामा राष्ट्रिय हित र स्वाभिमानको रक्षा गर्न, भ्रष्टाचार नियन्त्रण र सुशासनको प्रत्याभूति गर्न, राजनीतिक क्षेत्रमा देखापरेको अस्थिरताका प्रवृत्तिहरूलाई नियन्त्रण गर्दै स्थायित्व र स्थिरता कायम गर्न र सामाजिक क्षेत्रमा हुर्किँदै गएको अराजकतालाई नियन्त्रण गर्दै सामाजिक सद्भाव र एकता कायम गर्न देशका प्रमुख राजनीतिक पार्टीहरूबीच न्यूनतम समझदारी बन्नु आवश्यक छ। केन्द्रीय कमिटीको यो बैठक यिनै उद्देश्यका साथ राष्ट्रिय राजनीतिक दलहरूको बीचमा समझदारी निर्माणका लागि पहलकदमी लिने निर्णय गर्दछ।'

बैठकले लडाकु शिविर घोटाला काण्डलगायत अहिलेसम्म चर्चामा रहेका सबै भ्रष्टाचार काण्डको निष्पक्ष छानबिन गर्न माग गर्दै त्यसमा पार्टीले पूर्ण सहयोग गर्ने प्रतिबद्धतासमेत जनाएको छ। 'यो बैठक लडाकु शिविर घोटाला काण्डलगायत चर्चामा आएका सबै काण्डहरूको निष्पक्षतापूर्वक छानबिन अघि बढाउन सम्बद्ध निकायसमक्ष आह्वान गर्दछ। यस्ता छानबिनमा पार्टीको पूर्ण सहयोग रहने विश्वास दिलाउन चाहन्छ,' बैठकले पारित गरेको १६ बुँदे प्रस्तावमा भनिएको छ।



नेपाली समाजमा भ्रष्टाचार र अनियमितता संक्रामक रोगका रूपमा रहँदै आएकाले त्यस्ता घटनाको निष्पक्ष छानबिन र दोषीहरूलाई कानुनको दायरामा नल्याउँदा यसले लोकतान्त्रिक प्रणाली, राजनीतिक नेतृत्व र पार्टीहरूमाथि नै प्रश्न उठ्ने स्थिति सिर्जना भएको एमालेको निष्कर्ष छ।

एमालेले नक्कली भुटानी शरणार्थी भ्रष्टाचार काण्डको निष्पक्ष छानबिन गरी दोषीमाथि हदैसम्मको सजाय हुनुपर्ने माग पनि गरेको छ। 'विगत लामो समयदेखि भित्रभित्रै चलिरहेको नेपाली नागरिकलाई नक्कली भुटानी शरणार्थी बनाएर विदेश पठाउने घृणित ठगीधन्दा हाले सतहमा आएको छ। सोच्न पनि नसकिने यस्तो काममा एकातिर गृह मन्त्रालयकै उच्च नेतृत्व संलग्न रहनुले राज्यविरुद्धको अपराध कति संगठित रूपमा अघि बढाइएको रहेछ भन्ने देखिन्छ भने अर्कातिर यसबाट अन्तर्राष्ट्रिय क्षेत्रमा मुलुकको प्रतिष्ठामाथि नै गम्भीर प्रश्न खडा भएको छ,' निर्णयमा भनिएको छ, 'यो बैठक उक्त प्रकरणको कुनै राजनीतिक पूर्वाग्रह र दबाबविना निष्पक्ष रूपमा छानबिन गरी दोषीमाथि हदैसम्मको सजाय होस् भन्ने माग गर्दछ।'

शरणार्थी काण्डमा हिरासतमा राखिएका व्यक्तिहरूलाई छानबिनको दायरामा आउन सक्ने व्यक्तिसँग अवैध रूपमा भेटघाट गराउने, पैसा दिएर मुद्दा मिलाउने प्रयास गर्ने, असम्बद्ध व्यक्तिहरूको नाम लिन र आफू अनुकूलको बयान गराउन दबाब दिइएजस्ता सूचना सार्वजनिक भएको भन्दै एमालेले त्यस्ता कार्य बन्द गराउन तथा राज्यका वैधानिक निकायबाट गरिने निष्पक्ष अनुसन्धानमा पार्टीले पूर्ण सहयोग गर्ने प्रतिबद्धता जनाएको छ।

बैठकले पार्टी अध्यक्ष केपी ओलीमाथि झापा, इलाम, पाँचथर र तेह्रथुममा गरिएको सांघातिक आक्रमणको प्रयासलाई अराजनीतिक आपराधिक दुष्प्रयास ठहर गर्दै एमालेले निन्दा र भर्त्सना गरेको छ। साथै, त्यस्तो आपत्तिजनक कार्य हुँदासमेत शान्तिसुरक्षाको न्यूनतम दायित्वबाट विमुख हुँदै मुकदर्शक बनेकोमा सरकारप्रति बैठकले खेद प्रकट गरेको छ।

■ यस्ता छन् एमालेका वार्षिक कार्ययोजना

देशैभरि छोराछोरी अभियान, मतदाताबराबर तीन प्रतिशत पार्टी सदस्य

एमालेले अर्को आमनिर्वाचनलाई लक्षित गर्दै संगठन सुदृढीकरण, शुद्धीकरण र विस्तारको महत्त्वाकांक्षी योजना अगाडि सारेको छ। एकल बहुमतका लागि ५१ प्रतिशत मत पुऱ्याउने महत्त्वाकांक्षी लक्ष्य पूरा गर्न देशैभर छोराछोरी अभियान, पूर्वदेखि सुदूरपश्चिमसम्म आगामी मंसिरमा मध्यपहाडी लोकमार्ग र हुलाकी मार्गकेन्द्रित अभियान, युएमल-न्युएमल अभियान, कुल मतदाताको तीन प्रतिशत पार्टी सदस्यता विस्तार अभियान चलाउने भएको छ। पार्टी नेतादेखि कार्यकर्तासम्मका सबै छोराछोरीलाई पार्टी सदस्य बनाउन देशैभरि छोराछोरी अभियान चलाइने प्रचार विभागका उपप्रमुख रिजालले बताए।

'युवामाझ पार्टी कामलाई प्रभावकारी बनाउन केही निष्कर्ष निकालेर आफ्नै घरबाट देशैभरि छोराछोरी अभियान सुरु गर्ने निर्णय गरेका छौं,' रिजालले भने, 'बाबु आमा पार्टीमा भए पनि नजिक नआउने स्थिति देखिएकाले परिवारलाई, नाता सम्बन्ध अनि समाजलाई प्रशिक्षित गर्न सकेनौं कि आत्मसमीक्षा गर्दै यो अभियान अगाडि सारेका छौं।'

देशका ६ हजार सात सय ४३ वडामा वडाको कुल मतदाताको कम्तीमा तीन प्रतिशत पार्टी सदस्यता विस्तार गर्ने, स्थानीय सरकारको नेतृत्व भएका ठाउँमा विकास र सुशासनलगायतको काममा नेतृत्व गर्ने विपक्षी भएका स्थानमा दबाब दिने, नेता-कार्यकर्ताले अनिर्वाय रूपमा उत्पादन सम्बन्धसँग जोडिएर श्रमशक्ति विकास गर्ने, सबै तहका नेता अनिवार्य रूपमा पार्टी कार्यलयमा नियमित उपस्थित भएर भेटघाट, छलफल, संवाद चलाउने योजना पनि एमालेले पारित गरेको छ। आगामी भदौबाट क्रमशः प्रदेश, जिल्ला, पालिका र वडा तहको अधिवेशन सुरु गरेर सम्पन्न गर्नेजस्ता कार्ययोजना पनि एमालेले पारित गरेको छ।

मुलुक आर्थिक मन्दीतर्फ गएको विषयमा चिन्ता

मुलुक आर्थिक मन्दीतर्फ गएको विषयमा चिन्ता जनाउँदै एमालेले व्यवसायी अत्यन्त हतोत्साहित र निराश बन्ने र व्यवसाय बन्द भएर पलायन हुने क्रम बढेकोमा सरकारको ध्यानाकर्षण गराएको छ। 'यस्ता क्रियाकलापहरूले राष्ट्रलाई असफल दिशामा लैजाने खतरा बढेकाले हाम्रो पार्टी गम्भीर र चिन्तित छ। अतः यो बैठक मुलुकको बिग्रिँदो अर्थतन्त्रप्रति गहिरो चिन्ता प्रकट गर्दै यस्ता हर्कत बन्द गर्न चेतावनी दिँदै अर्थतन्त्रप्रति गम्भीर हुन सरकारसँग माग गर्दछ,' निर्णयमा भनिएको छ। लोकतान्त्रिक गणतन्त्र र संविधानविरोधी हर्कत बढिरहेकोतर्फ पार्टी सजग रहेको भन्दै एमालेले त्यसको भर्त्सना गरेको छ। 'संविधान र गणतन्त्रलाई थप समृद्ध र विकसित बनाउनुपर्नेमा अदालतको समेत दुरुपयोग गरी संविधानको अपव्याख्या गर्ने, मुलुकमा राजनीतिक अस्थिरता सिर्जना गर्ने र गठबन्धन सरकारका गलत नीतिका कारण सिंगो प्रणालीलाई नै बदनाम बनाउनेजस्ता काम भइरहेको मौका छोपी कतिपय तत्त्वले संघीय लोकतान्त्रिक गणतन्त्र र संविधानमाथि प्रहार गर्ने कुचेष्टा गरिरहेको अवस्थाप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ,' निर्णयमा भनिएको छ, 'हाम्रो पार्टीलाई यस्ता कुनै पनि कार्य स्वीकार्य नभएको स्पष्ट पार्दै यो बैठक संघीय लोकतान्त्रिक गणतन्त्र र संविधानविरोधी हर्कत बन्द गर्न सम्बन्धित सबैलाई सजग गर्न चाहन्छ।

संघीयताको सुधार या विकल्प खोज्ने हल्लालाई खारेज गर्छु : ओली

एमाले अध्यक्ष केपी ओलीले प्रदेश संरचनाको सुधार वा खारेजका विषयमा केही केन्द्रीय सदस्यले दिएका सुझावलाई खारेज गरेका छन्। संघीय लोकतान्त्रिक गणतन्त्रको सर्जक र अगुवा पार्टीको जिम्मेवारीलाई भुलेर कतिपय केन्द्रीय सदस्यले बैठकमा एजेन्डाकै रूपमा छलफल भएजसरी प्रचार गरेकोमा गम्भीर असन्तुष्टि प्रकट गर्दै ओलीले त्यस्ता सुझावलाई खारेज गरेका हुन्। उनले पार्टीको आधिकारिक निर्णय र निर्देशन बोकेर हिँड्नसमेत केन्द्रीय सदस्यहरूलाई सजग गराएका छन्।



'संघीयतामा सुधार आवश्यक छ, एमालेले संघीयतामा विकल्प खोज्दै छ भनेर बजारमा चलेको हल्लालाई अध्यक्षले सम्पूर्ण रूपमा खारेज गर्नुभएको छ। संघीयताको एजेन्डा छलफलको विषय थिएन। कहींकतै छलफल पनि भएको छैन,' ओलीको भनाइ उद्धृत गर्दै प्रचार विभागका उपप्रमुख विष्णु रिजालले भने, 'कुनै साथीहरूले व्यक्तिगत ढंगले, दुई-तीनजना उभिँदा, समूहमा कुरा गर्दा पार्टीकै आधिकारिक निर्णय भएजसरी जुन ढंगले प्रचार गरिएको छ, त्यो गलत छ। अध्यक्ष कमरेडले त्यसको आलोचना गर्नुभएको छ। यो पार्टीको विधिका हिसाबले पनि गलत छ र पार्टीको मान्यताका हिसाबले पनि गलत छ।'

रिजालले पार्टीको आधिकारिक निर्णयबाहेक अन्य कुरामा छलफल अघि नबढाउन कडाइका साथ निर्देशन दिएकोसमेत प्रस्ट्याए। 'नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्ने, अहिलेको संविधान निर्माण गर्ने अगुवा पार्टी, नेता सर्जक पार्टी एमाले हो। संविधान निर्माण भएबापत मुलुकले नाकाबन्दी सहनुपर्दा त्यसको दृढतापूर्वक नेतृत्व गर्दै सामना गर्ने पार्टी एमाले हो,' ओलीको भनाइ उद्धृत गर्दै रिजालले भने, 'अहिलेलाई यो पार्टीले संविधानलाई हल्लाउने, विशृंखल गर्ने, यसका पिलर चलाउने कुनै पनि काम गर्न सक्दैन, त्यो काम सोच्न पनि सक्दैन। अध्यक्षले यो कुरालाई बहुत स्पष्ट ढंगले निर्देशनात्मक रूपमा राख्दै आधिकारिक निर्णय मात्र बोकेर जान निर्देशन गर्नुभएको छ।' शुक्रबारको समूहगत छलफलमा नेताहरू गोकुल बाँस्कोटा, महेश बस्नेत, देवी ज्ञवाली, निरुदेवी पाल, ऐन महरलगायतले प्रदेशको खारेजी, समानुपातिक निर्वाचन प्रणालीको खारेजी र प्रत्यक्ष कार्यकारी सरकार प्रमुखको पक्षमा सुझाव राखेका थिए।

■ भ्रष्टाचारविरुद्ध नागरिक आन्दोलन



नक्कली भुटानी शरणार्थी प्रकरणलाई टुंगोमा पुऱ्याउन भन्दै भ्रष्टाचार ढाकछोपविरुद्ध नागरिक आन्दोलनले शनिबार नक्सालको नारायणचौरमा गरेको प्रदर्शन। तस्बिर : दिपेन्द्र ढुंगाना/नयाँ पत्रिका

'स्थिरताका लागि समाजवादी मोर्चा'

काठमाडौं/ एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले समाजवादी मोर्चा गठनको तयारी भइरहेको बताएका छन्। एकीकृत समाजवादीको उपत्यका विशेष प्रदेश कमिटीको कार्यक्रममा शनिबार नेपालले वामशक्तिलाई गोलबन्द गराउँदै अगाडि बढ्ने बताए। उनले पहिलो चरणमा एकीकृत समाजवादी, माओवादी र जसपा एक ठाउँमा उभिने बताए। अरू पार्टीलाई पनि समेट्दै जाने उनको भनाइ छ। 'पहिलो चरणमा माओवादी र जसपालाई एक ठाउँमा जम्मा गरेर मोर्चा निर्माण हुन्छ। त्यसमा अरू पार्टी पनि समेट्दै जान्छौं,' उनले भने।

समाजवादी मोर्चा तयार पार्न सके सरकारको स्थिरता हुने नेपालको दाबी छ। उनले वर्तमान गठबन्धनको सरकार पाँचै वर्ष टिक्ने पनि बताए। 'कांग्रेस, माओवादी, एकीकृत समाजवादी र जसपा एक ठाउँमा उभिँदा सजिलै बहुमत पुग्छ। धेरै चिन्ता गर्नुपर्दैन। लोसपा र नागरिक उन्मुक्ति पार्टीको पनि साथ छ,' उनले भने।

हिन्द महासागर सम्मेलनमा परराष्ट्रमन्त्रीको सम्बोधन

हिमाल र महासागरको सम्बन्ध सुदृढ गरौं

काठमाडौं/ परराष्ट्रमन्त्री नारायणप्रकाश साउदले स्वस्थ हिन्द महासागर एवं यस क्षेत्रको शान्ति, समृद्ध र लचिलो भविष्यका लागि सबै मुलुक मिलेर अघि बढ्नुपर्ने बताएका छन्। छैटौं हिन्द महासागर सम्मेलनलाई शनिबार बंगलादेशको ढाकामा सम्बोधन गर्दै परराष्ट्रमन्त्रीले हिमाल र महासागरबीचको प्राकृतिक सम्बन्ध सुदृढ हुनुपर्नेमा जोड दिएका छन्।

हिन्द प्रशान्त क्षेत्रमा वास्तविक, सुदृढ र जिम्मेवार रूपमा सबै मुलुकले आपसी सहकार्य गर्नुपर्ने पनि उनको भनाइ छ। परराष्ट्रमन्त्री साउदले हिन्द महासागरको रणनीतिक, आर्थिक र वातावरणीय महत्त्वमा जोड दिएका छन्। उनले नेपालजस्ता भूपरिवेष्टित मुलुकका लागि अन्तर्राष्ट्रिय बजारको प्रवेशद्वारका रूपमा हिन्द महासागर रहेको पनि उनले उल्लेख गरे। साउदले हिमाल, समुद्र, साथै तटीय र दुर्गम प्रदेशको जनजीवनमा जलवायु परिवर्तनको असरलाई सबैले मिलेर सम्बोधन गर्नुपर्ने पनि बताए।

मन्त्री साउदले ढाकामा शनिबार जापानको विदेश मामिला हेर्ने उपमन्त्री ताकागी केई, सिंगापुरको प्रधानमन्त्री कार्यालय, विदेश मामिलासम्बन्धी मन्त्री डा. मोहम्मद मलिकी बिन उस्मान, अमेरिकी उपसहायक मन्त्री अफरिन अख्तरलगायतसँग साइडलाइन वार्ता गरेको नेपाली दूतावासले जनाएको छ।

Invitation for Bid

Bhume Rural Municipality
Office Of The Rural Municipal Executive
Khabangbagar, Rukum (East)
Lumbini Province, Nepal

Invitation for Bids for the construction work under the below mentioned contract:

First Date of Publication: 2080/01/31 B.S (2023/05/14 A.D)

1. ***Bhume Rural Municipality*** (BRMO) invites electronic bids from Nepalese eligible bidders for the below mentioned Contracts under National Competitive Bidding procedures.
2. A complete set of Bidding Documents may be downloaded by visiting PPMO e-GP system www.bolpatra.gov.np/egp.
3. Sealed bids must be submitted though electronically to the office ***BRMO Khabangbagar, Rukum (East)*** on or before ***12:00 Noon*** on ***2080/01/30 B.S (2023/06/13 A.D).*** Bids received after this deadline will be rejected automatically.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***15:00 on 2080/01/30 B.S (2023/06/13 A.D). at*** the office of BRMO ***Khabangbagar, Rukum (East).*** Bids must be **valid** for a period of ***90 days*** after bid opening and must be accompanied by a bid securityamounting to a minimum of ***the below mentioned amount*** which shall be valid for 30 days beyond the validity period of the bid.
5. All other terms and conditions will be as per the Nepal's Government Prevailing Public Procurement Act 2063 and Regulations 2064 including all amendments.
6. ***Bhume Rural Municipality Office (BRMO) Khabangbagar, Rukum (East)*** reserves the right to accept or reject, wholly or partly any or all the Bids without assigning any reason, whatsoever.

Name of the Bank : Citizens Bank International Ltd., Bhume branch
Name of Office : Bhume Rural Municipality, Khabagbagar,Rukum(East)

	For Bid Document	For Bid Security
A/c name	GA 1.1 BhumeGa.PaAantarikRajaswaKhata	GA 3 Bhume Ga.pa. DharautiKhata
A/c No.	0780100000001202	0780100000030201

7. The Name and identification no of the contracts are as follows.

S. N.	*Description of Works*	*Contract ID*	*Average Annual Turnover (NRs)*	*Specific Nature of Similar Work Experience (NRs)*	*Bid Document Fee (NRs.)*	*Bid Security Amount (NRs.)*
1.	Structure work (Gabion, Drain and Masonry Wall) for Chunwang 5 bed Hospital	EGP/BRMO/ NCB/SCH/W-18/2079-80	***2,24,00,000.00 (Two Crore twenty four lakh Only)***	***74,54,000.00 (Seventy four lakh fifty four thousand Only)***	***5,000.00|- (Five thousand only)***	***4,66,000.00 (Four lakh sixty six thousand only)***

Chief Administrative Officer

मधेस प्रदेशमा मिटरब्याजीविरुद्ध चार हजार २९५ उजुरी

राजविराजमा **सौरभ यादव**

मिटरब्याजमा ऋण लगाएर उठिवास लगाउने साहुकारविरुद्ध शुक्रबार साँझसम्म चार हजार दुई सय ९५ उजुरी परेका छन्। मिटरब्याजपीडितबाट उजुरी लिन र छानबिन गर्न बनेको आयोगले काम थालेसँगै मधेस प्रदेशमा उजुरी दिने क्रम बढेको हो।

मिटरब्याज (अनुचित लेनदेन)सम्बन्धी जाँचबुझ आयोगका अध्यक्ष गौरीबहादुर कार्कीले मिटरब्याजपीडितका लागि १७ वैशाखदेखि देशभर उजुरी दिन आह्वान गरिएको बताए। पीडितलाई उजुरी दिन आह्वान गरिएको दुई साताभै आयोगमा चार हजार दुई सय ९५ उजुरी परेको आयोगले जनाएको छ। देशभरका जिल्ला प्रशासन कार्यालयमा अनुचित लेनदेन (मिटरब्याज)पीडित सहायता कक्ष स्थापना गरेर धमाधम उजुरी लिइरहेको उनले बताए।

कुन जिल्लामा कति ?

धनुषा : एक हजार १६
सर्लाही : सात सय ६४
महोत्तरी : पाँच सय ८५
सिराहा : पाँच सय ३६
बारा : पाँच सय ३०
रौतहट : तीन सय ६१
सप्तरी : तीन सय पाँच
पर्सा : एक सय ९८

सबैभन्दा धेरै धनुषामा एक हजार १६ जना पीडितले उजुरी दिएका छन्। सर्लाहीमा सात सय ६४ वटा उजुरी दर्ता भएको छ। पर्सामा सबैभन्दा कम एक सय ९८ उजुरी दर्ता भएका छन्। महोत्तरीमा पाँच सय ८५, सिराहामा पाँच सय ३६, सप्तरीमा तीन सय पाँच, रौतहटमा तीन सय ६१ र बारामा पाँच सय ३० उजुरी दर्ता भएका छन्।

अनुचित लेनदेन (मिटरब्याज)सम्बन्धी जाँचबुझ आयोगका पदाधिकारी गत १७ वैशाख सप्तरी पुगेका थिए। त्यहाँ मिटरब्याजपीडितका समस्या समाधानका लागि राजनीतिक दलका प्रतिनिधि, पीडित, प्रहरी, प्रशासनसँग अन्तरक्रिया भएको थियो। आयोगका अध्यक्ष कार्कीले चर्को ब्याज असुल्ने नाममा ऋणीको यौन शोषणसम्म गरेका विषय आयोगसमक्ष आएको जानकारी दिएका थिए। उनले चर्को ब्याजदरमा ऋण लगानी गर्नु अवैध र गैरकानुनी रहेकाले त्यस्ता कार्यमा संलग्नलाई अब कानुनी दायरामा ल्याउन कानुनसमेत आइसकेको बताए।

'ऋण लिँदा जग्गा रजिस्ट्रेसन पास गराएर साँबा र ब्याज तिर्दा पनि जग्गा नफर्काएको देखिन्छ,' उनले भने, 'ऋण लिँदा साहुले गरिबसँग बैंकको खाली चेक लिए। पछि बाउन्स गराएर समस्यामा परिदिएको पनि उजुरी आएको छ।' छोरीको विवाहका साहुसँग २४ हजार लिएकोमा झुक्याएर पीडितसँग दुई लाख ४० हजारको कपाली तमसुक गराएको गुनासा पनि आएको उनले बताए। 'बैंकबाट ऋण उपलब्धता सहज नहुँदा मिटरब्याजमा फस्नेहरूको संख्या बढ्यो,' उनले भने।

आयोगका सदस्य उत्तमराज सुवेदीले कानुनविपरीत चर्को ब्याज लिने कसैले उन्मुक्ति नपाउने उल्लेख गरे। वैदेशिक रोजगारीमा जानकै लागि पनि मिटरब्याजको जालोमा फस्नेको संख्या अत्यधिक पाइएको उनको भनाइ छ। 'वैदेशिक रोजगारीमा जानेलाई आवश्यक कार्यविधि बनाई सरकारीस्तरबाटै ऋण सुविधा दिन सके पनि धेरै हदसम्म यो समस्या समाधान हुनेछ,' उनले भने।

सरकारले मिटरब्याजपीडितको सम्बन्धमा छानबिन गर्न अनुचित लेनदेन (मिटरब्याज)सम्बन्धी जाँचबुझ आयोग गठन गरेको थियो। आयोगको अध्यक्षमा पूर्वन्यायाधीश गौरीबहादुर कार्की र सदस्यहरूमा पूर्वएआईजी उत्तमराज सुवेदी र पूर्वनायब महान्यायाधिवक्ता गणेशबहादुर अर्याल छन्। गत १७ वैशाखमा आयोगले विज्ञप्तिमार्फत वैशाखसम्म नजिकको जिल्ला प्रशासन कार्यालयमा उजुरी दिन सार्वजनिक रूपमा आह्वान गरेको थियो। आयोगमा मिटरब्याज साहुविरुद्ध उजुरी दर्ता गराउन ७७ वटै जिल्ला प्रशासन कार्यालयमा सहायता कक्ष स्थापना गरिएको छ। उजुरी दर्ताका लागि आयोगले दिएको पहिलो चरणको सकिएसँगै थप सात दिन म्याद थप गरिएको छ।

ठूलो परिमाणमा लागुऔषधसहित दुईजना पक्राउ

सर्लाही/ प्रहरीले बरहथवा नगरपालिका- ५, स्थित सडक खण्डबाट ठूलो परिमाणमा लागुऔषधसहित अजय सहनी र ताजबाबु दर्जीलाई पक्राउ परेको छ। सुराकीका आधारमा चेकजाँच गर्ने क्रममा मधुवनबाट काठमाडौंका लागि छुटेको बागमती प्रदेश ०६-००१ ख ०००३ नम्बरको यात्रुवाहक बसबाट लागुऔषधसहित उनीहरूलाई पक्राउ गरिएको इलाका प्रहरी कार्यालय बरहथवाका डिएसपी मकेन्द्र मिश्रले जानकारी दिए।

एउटा विषयको पढाइ, अर्कैको परीक्षा

धनगढीमा **तेजराज भट्ट**



धनगढी नमुना माविले गत शैक्षिक सत्रभरि कक्षा १२ का विद्यार्थीलाई निर्धारितभन्दा फरक विषय पठनपाठन गराएको पाइएको छ। प्राविधिक तथा व्यावसायिक धारतर्फ सिभिल इन्जिनियरिङ अध्ययनरत विद्यार्थीले वार्षिक परीक्षा दिने क्रममा अध्ययन गरेकोभन्दा फरक विषयको प्रश्नपत्र पाएपछि विद्यालयले विषय छनोटमा गल्ती गरेको खुलेको हो।

विद्यालयले विषय छनोटमा गल्ती गर्दा यो विद्यालयमा प्राविधिक तथा व्यावसायिक धारतर्फ कक्षा १२ मा अध्ययनरत ४८ जना विद्यार्थीको सामाजिक अध्ययन विषयको परीक्षा बिग्रिएको छ। पाठ्यक्रम विकास केन्द्रले कक्षा १२ मा प्राविधिक तथा व्यावसायिक धारतर्फ सामाजिक अध्ययन विषय निर्धारण गरेको छ। तर, धनगढी नमुना माविले भने यसको साटो साधारण धारतर्फको सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षा विषय अध्यापन गराएको छ।

वर्षभरि अध्ययन गरेको सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षा विषयको परीक्षा दिन गएका विद्यार्थी आफूले पढ्दैनपढेको सामाजिक अध्ययन विषयको प्रश्नपत्र पाएपछि अलमलमा परेका थिए। 'यो विषय हामीलाई पढाइएको थिएन, अधिकांश प्रश्न पढ्दैनपढेको विषयको आएपछि उत्तरपुस्तिका खाली छोडेर आएँ,' एक विद्यार्थीले भने। आफू फेल हुने चिन्तामा रहेको उनले बताए। सरस्वती माविमनेहरा परीक्षा केन्द्रमा गत शुक्रबार परीक्षा भएको थियो।

विद्यार्थीका अनुसार विषय फरक परेको खुलेपछि परीक्षामा मोबाइल चलाउन दिइएको थियो। 'कतिपय साथीहरूले मोबाइलमा उत्तर खोजेर केही लेखे,' ती विद्यार्थीले भने, 'मोबाइल नबोल्नेले खाली उत्तरपुस्तिका बुझाए।' फरक विषयको प्रश्नपत्र आएपछि विद्यार्थीहरू सामाजिक विषयमा फेल हुने भन्दै चिन्तामा छन्।

अभिभावकले यसबारे छानबिन हुनुपर्ने माग गरेका छन्। 'विद्यार्थीको भविष्यमाथि गम्भीर खेलबाड भएको छ। कसको कमजोरीले यस्तो भएको हो छानबिन गरेर दोषीलाई कारबाही गरिनुपर्छ,' अभिभावक दीपकबहादुर ओलीले भने।

चरनका लागि हिमाली क्षेत्रमा लगिएका चौपाया चिसोले मरे



दार्चुलामा **नरेन्द्रसिंह कार्की**

गर्मी छल्न र चरनका लागि हिमाली क्षेत्रका वनमा लगिएका पशुचौपाया चिसोका कारण धमाधम मर्न थालेका छन्। अपी हिमालको लोलु, रोखापुलगायतका वनक्षेत्रमा लगिएका चौपायाको अत्यधिक चिसोका कारण मृत्यु भएको हो।


एक सातायताको निरन्तर वर्षा र हिमपातका कारण चिसो बढेको छ। अपीको लोलु पिलकन्द, धौलीओडारमा चरनका लागि लगिएको गाईगोरु मरेका हुन्। चिसोका कारण चौपाया धमाधम मरेको स्थानीय मोहनसिंह लोथ्यालले बताए। उनका अनुसार वर्षा र हिमपात भएपछि ओत लाग्ने ठाउँ नपाउँदा चौपाया मरेका हुन्। मरेका पशुहरूको व्यवस्थापन गरिएको छैन, जसकारण संक्रमण रोग फैलिने चिन्ता स्थानीयमा छ। उच्च लेकमा हिउँ पगालेर पानी खाने गरिन्छ। अपी हिमाल गाउँपालिका- २ का निवर्तमान अध्यक्ष मानसिंह धामीले पिलकन्द क्षेत्र, भवयदहलगायतका क्षेत्रमा चरिचरनका लागि लगिएका गाईगोरु चिसोका मरेको जानकारी दिए। यार्सागुम्बा संकलनका लागि आएका स्थानीयले आफूसँगै गाईगोरु चरनका लागि ल्याएका हुन्।

अपी बेसक्याम्प पुगेका पत्रकार महासंघ दार्चुलाका अध्यक्ष कृष्णसिंह धामी मरेका गाईगोरु व्यवस्थापन नगरिएको बताउँछन्। 'हिउँ पग्लिएर नदीमा मिसावट हुन्छ। मरेका गोरु यहीं फालिएका छन्। एकातिर दुर्गन्ध बढ्ने र अर्कोतिर यार्सागुम्बा संकलनमा गएकाहरू बिरामी पर्ने सम्भावना धेरै छ,' उनले भने।चिसोका कारण दर्जनौं भेडाबाख्रासमेत मरेका छन्।

स्थानीय हरिसिंह लोथ्याल अत्यधिक हिमपात भएपछि भेडीगोठ सार्नुपरेको बताउँछन्। हिमपातमा चरिचरन क्षेत्र पनि भेटिँदैन। सेता गुराँस (चिमालो) खाएर अधिकांश भेडा बिरामी हुने र मर्ने गरेका छन्।

हाइटेन्सन टावरमा चढेर विरोध गर्ने युवाको ११ घन्टापछि उद्धार

विराटनगर/ रिटेनिङ पर्खालको गुणस्तरहीन निर्माण रोक्न माग गर्दै मोरङको बुढीगंगा गाउँपालिकामा शनिबार बिहानैदेखि बिजुलीको हाइटेन्सन टावरमा चढेर बसेका एक व्यक्तिको उद्धार भएको छ। बुढीगंगा गाउँपालिका- ७ डंग्राहाका ४० वर्षीय दिनेशकुमार माझीको स्थानीय सडकमा निर्माण भइरहेको रिटेनिङ वालको निर्माण कार्य गुणस्तरहीन भएकाले रोक्न माग गर्दै एक लाख ३२ हजार भोल्टको प्रसारण लाइनको टावर चढेका उनको बुधबार साँझ उद्धार भएको हो। निर्माण कार्य नरोकेसम्म टावरबाट तल नझर्ने अडान राखेका उनलाई पालिका अध्यक्ष जितनारायण थापामगरले प्रतिबद्धता जनाएपछि उनी ११ घन्टापछि तल झरेका हुन्।



बिहानै ६ बजे हाइटेन्सन टावर चढेका उनलाई स्थानीय र प्रहरीले तल झार्ने प्रयास गरे पनि सफल हुन नसकेको मोरङका प्रहरी प्रवक्ता डिएसपी रञ्जनकुमार दाहालले बताए। बल प्रयोग गरेर झार्न खोजेमा उनले हाम्फालेर आत्महत्या गर्ने भयले प्रहरी र स्थानीयले उनको मागअनुसार पालिका अध्यक्षलाई घटनास्थलमा बोलाएको थियो। टावरमा चढेका माझीले पालिका अध्यक्ष र उपाध्यक्ष आएर रिटेनिङ पर्खालको निर्माण रोक्ने प्रतिबद्धता गर्नुपर्ने अडान लिएका थिए। तर, पालिका र वडाध्यक्षहरू कार्यक्रमको सिलसिलामा धनकुटा भएकाले तत्काल आउन नसक्दा माझी शनिबार बिहान ६ देखि साँझ ५ बजेसम्म टावरमा भोकैप्यासै बसेका थिए। उनलाई टावरबाट झार्न धनकुटा पुगेका पालिका अध्यक्ष, उपाध्यक्ष कार्यक्रम छोट्याएर फर्किएका हुन्।

स्थानीयका अनुसार गाउँपालिका अध्यक्ष जितनारायण थापा मगर र उपाध्यक्ष अमृताकुमारी गच्छदार थारूले माग सुनुवाइ गर्नुपर्ने, नभए टावरबाट हामफालेर मर्ने माझीले धम्की दिएका थिए। बुढीगंगा- ७ का वडाध्यक्ष पंकज थारू चौधरीका अनुसार वडा कार्यालयदेखि दक्षिण जाने सडकमा अहिले रिटेनिङ वाल निर्माण भइरहेको छ। त्यही रिटेनिङ वालको निर्माण गुणस्तरहीन भएकाले रोक्नुपर्ने माग गर्दै माझी टावरमा चढेका हुन्।

गुडिरहेको बसमा आगलागी

धादिङ/ त्रिभुवन राजपथअन्तर्गत धादिङको धुनिबेंसी नगरपालिका- ९ गणेश मन्दिरनजिकै गुडिरहेको बसमा आगलागी भएको छ। धादिङको खाल्टेबाट काठमाडौंतर्फ आउँदै गरेको ग१ख ४८४६ नम्बरको यात्रुवाहक बसमा सर्ट सर्किट भई आगलागी भएको जिल्ला प्रहरी कार्यालय धादिङका प्रमुख एवं प्रहरी उपरीक्षक गौतम मिश्रले जानकारी दिए।

'३३ जना यात्रु रहेको बसमा सबै यात्रु सकुशल छन्। बसको सिट, भित्रको केही पार्ट र बसको बाहिरी भाग पनि जलेको छ। बसको इन्जिनबाट धुवाँ निस्किनेबित्तिकै बस रोकेर यात्रुलाई बाहिर निकालियो र राजमार्ग क्षेत्रमा रहेको दमकल, प्रहरी, स्थानीयवासीले आगो नियन्त्रणमा लिएका कारण मानवीय क्षति भने हुन पाएन,' एसपी मिश्रले भने।

कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरूरी सार्वजनिक सूचना

प्रकाशित मिति : २०८०/१/३१ गते

यस महालक्ष्मी विकास बैंक लि. तपसिलमा उल्लेखित तपाँई ऋणीहरुले कर्जा उपभोग गर्दै आउनु भएकोमा उक्त कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्न आउन तपाँईहरुलाई पटक पटक लिखित तथा मौखिक रुपमा सूचना गरी तर-ताकेता गर्दा समेत कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्था गरेकोले ऋण कर्जा चुक्ता भुक्तान गर्न आउन यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। सो अवधि भित्र बैंकमा उपस्थित हुनु भई तपाँई ऋणीले बुझाउनु पर्ने सम्पूर्ण कर्जा रकम सोको ब्याज तथा दैदस्तुर समेत चुक्ता गरी आफ्नो धितो सम्पत्ति फुकुवा गरी लिनु हुन सूचित गरिन्छ। अन्यथा, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, नेपाल राष्ट्र बैंकको कालोसूची सम्बन्धी निर्देशिका तथा बैंकको कर्जा असुली एवं धितो गैह्र बैंकिंग सम्पत्ति बिक्री कार्यविधि लगायत प्रचलित कानून बमोजिम सम्बन्धित ऋणी, व्यक्तिगत जमानीकर्ता समेतलाई कर्जा सूचना लि.को कालोसूचीमा राखी अन्य कानूनी कारवाही समेत अगाडी बढाइने कुरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै व्यक्तिगत जमानतदाता, धितोकर्ता तथा सरोकारवालाहरुले समेत यसै सूचना बमोजिम जानकारी लिनुहोला।

तपसिल

मनहरी शाखा :

१. ऋणी : श्री कृष्ण बहादुर प्रजा (ना.प्र.नं. ३११०१९/९१६२३, जारी मिति/जिल्ला २०६८/९/१९ मकवानपुर)
बाबु : श्री सोम बहादुर प्रजा, बाजे : श्री धन बहादुर प्रजा
ठेगाना : मनहरी गा.वि.स. वडा नं. ५ मकवानपुर हाल मनहरी गा.पा. वडा नं. ६, प्रतापुर मकवानपुर
व्यक्तिगत जमानिकर्ताहरु :
(क) श्री सोम बहादुर प्रजा (ना.प्र.नं. ३१२२८७३, जारी मिति/जिल्ला २०४९/४/२५ मकवानपुर)
बाबु : श्री धन बहादुर प्रजा, बाजे : श्री ढोकले प्रजा
(ख) श्री कृष्ण बहादुर प्रजा (ना.प्र.नं. ३११०१९/९१६२३, जारी मिति/जिल्ला २०६८/९/१९ मकवानपुर)
बाबु : श्री सोम बहादुर प्रजा, बाजे : श्री धन बहादुर प्रजा
ठेगाना : मनहरी गा.वि.स. वडा नं. ५ मकवानपुर हाल मनहरी गा.पा. वडा नं. ६, प्रतापुर मकवानपुर
कर्जा : कृषि ई.एम.आइ कर्जा
धितो सुरक्षणको विवरण : श्री ढोकले प्रजाको नाती, श्री धन बहादुर प्रजाको छोरा, मकवानपुर जिल्ला मनहरी गा.वि.स. वडा नं. ५ स्थाई ठेगाना भई हाल मनहरी गा.पा. वडा नं. ६ मकवानपुर बस्ने श्री सोम बहादुर प्रजाको नाममा मालपोत कार्यालय मकवानपुरमा दर्ता रहेको मकवानपुर जिल्ला, मनहरी गा.वि.स. वडा नं. ५ (नक्सा सि.नं. ५) स्थित कि.नं. ७२८ को क्षे.फ. ०-३-१६.५ भएको जग्गा तथा सो जग्गामा रहेको अन्य सम्पुर्ण लिगलगापात समेत।

२. ऋणी : श्री विनोद वहादुर वल (ना.प्र.नं. ३११०२०/६०६७१, जारी मिति/जिल्ला २०६६/२/११ मकवानपुर)
बाबु : श्री कृष्ण वहादुर बल, बाजे : श्री वजु वहादुर बल
ठेगाना : हाडिखोला गा.वि.स. वडा नं. ८ मकवानपुर हाल मनहरी गा.पा. वडा नं. ५ मकवानपुर
व्यक्तिगत जमानिकर्ताहरु :
(क) श्री विनोद वहादुर बल (ना.प्र.नं. ३११०२०/६०६७१, जारी मिति/जिल्ला २०६६/२/११ मकवानपुर)
बाबु : श्री कृष्ण वहादुर बल, बाजे : श्री वजु वहादुर बल
(ख) श्री कृष्ण वहादुर बल (ना.प्र.नं. ३९२३, जारी मिति/जिल्ला २०४६/३/७ मकवानपुर)
बाबु : श्री वजु वहादुर बल, बाजे : वज्र वहादुर वल
ठेगाना : हाडिखोला गा.वि.स. वडा नं. ८ मकवानपुर हाल मनहरी गा.पा. वडा नं. ५ मकवानपुर
(ग) श्री सुन माया बल (ना.प्र.नं. १४, जारी मिति/जिल्ला २०४६/९/३ मकवानपुर)
ससुरा : श्री वजु वहादुर बल, पति : श्री कृष्ण वहादुर बल
ठेगाना : हाडिखोला गा.वि.स. वडा नं. २ मकवानपुर हाल मनहरी गा.पा. वडा नं. ५ मकवानपुर
(घ) श्री प्रमोद वहादुर बल (ना.प्र.नं. ३११०२०/८१३७४, जारी मिति/जिल्ला २०६७/१२/१५ मकवानपुर)
बाबु : श्री कृष्ण वहादुर बल, बाजे : श्री वजु वहादुर बल
ठेगाना : हाडिखोला गा.वि.स. वडा नं. ८ मकवानपुर हाल मनहरी गा.पा. वडा नं. २ मकवानपुर
कर्जा : महालक्ष्मी होम ईक्युटि कर्जा
धितो सुरक्षणको विवरण : श्री वजु वहादुर बलको बुहारी, श्री कृष्ण वहादुर बलको पत्नि, मकवानपुर जिल्ला मनहरी गा.वि.स. वडा नं. २ स्थाई ठेगाना भई हाल मनहरी गा.पा. वडा नं. ५ मकवानपुर बस्ने श्री सुन माया बलको नाममा मालपोत कार्यालय मकवानपुरमा दर्ता रहेको मकवानपुर जिल्ला हाडिखोला गा.वि.स. वडा नं. ८ (नक्सा सि.नं. ८) स्थित कि.नं. १०३७ को क्षे.फ. ०-४-१०-० भएको जग्गा तथा सो जग्गामा रहेको अन्य सम्पुर्ण लिगलगापात समेत।

३. ऋणी : श्री आईत माया प्रजा (ना.प्र.नं. ११५२, जारी मिति/जिल्ला २०४४/११/१७ मकवानपुर)
बाबु : श्री राजु प्रजा, ससुरा : श्री विही राम प्रजा, पति : श्री अकल वहादुर प्रजा
ठेगाना : राक्सिराङ्ग गा.वि.स. वडा नं. ८ मकवानपुर हाल राक्सिराङ्ग गा.पा. वडा नं. ५ मकवानपुर
व्यक्तिगत जमानिकर्ताहरु :
(क) श्री अकल वहादुर प्रजा (ना.प्र.नं. ३६/३१८, जारी मिति/जिल्ला २०४३/१०/२२ मकवानपुर)
बाबु : श्री विही राम प्रजा, बाजे : श्री ठेराम प्रजा
(ख) श्री आईत माया प्रजा (ना.प्र.नं. ११५२, जारी मिति/जिल्ला २०४४/११/१७ मकवानपुर)
बाबु : श्री राजु प्रजा, ससुरा : श्री विही राम प्रजा, पति : श्री अकल वहादुर प्रजा
ठेगाना : राक्सिराङ्ग गा.वि.स. वडा नं. ८ मकवानपुर हाल राक्सिराङ्ग गा.पा. वडा नं. ५ मकवानपुर
कर्जा : कृषि ई.एम.आई कर्जा
धितो सुरक्षणको विवरण : श्री ठेराम प्रजाको नाती, श्री विहीराम प्रजाको छोरा, मकवानपुर जिल्ला राक्सिराङ्ग गा.वि.स. वडा नं. ८ स्थाई ठेगाना भई हाल राक्सिराङ्ग गा.पा. वडा नं. ५ मकवानपुर बस्ने श्री अकल वहादुर प्रजाको नाममा मालपोत कार्यालय मकवानपुरमा दर्ता रहेको मकवानपुर जिल्ला, राक्सिराङ्ग गा.वि.स. वडा नं. ८ (नक्सा सि.नं. ८) स्थित कि.नं. १०२५ को क्षे.फ. ९-३-२-१ भएको जग्गा तथा सो जग्गामा रहेको अन्य सम्पुर्ण लिगलगापात समेत।

४. ऋणी : श्री चिनि माया प्रजा (ना.प्र.नं. ४४११७, जारी मिति/जिल्ला २०४४/११/७ मकवानपुर)
बाबु : श्री इन्द्र वहादुर प्रजा, पति : श्री राम प्रसाद प्रजा
ठेगाना : राक्सिराङ्ग गा.वि.स. वडा नं. ८ मकवानपुर हाल राक्सिराङ्ग गा.पा. वडा न. ५ मकवानपुर
व्यक्तिगत जमानिकर्ताहरु :
(क) श्री राजु प्रजा (ना.प्र.नं. ३१-०१-७३-०५१२२, जारी मिति/जिल्ला २०७३/४/२० मकवानपुर)
बाबु : श्री राम प्रसाद प्रजा, बाजे : श्री किर्ति वहादुर प्रजा
(ख) श्री चिनि माया प्रजा (ना.प्र.नं. ४४११७, जारी मिति/जिल्ला २०४४/११/७ मकवानपुर)
बाबु : श्री इन्द्र वहादुर प्रजा, पति : श्री राम प्रसाद प्रजा
ठेगाना : राक्सिराङ्ग गा.वि.स. वडा नं. ८ मकवानपुर हाल राक्सिराङ्ग गा.पा. वडा न. ५ मकवानपुर
कर्जा : सजिलो कर्जा टर्म
धितो सुरक्षणको विवरण : श्री इन्द्र वहादुर प्रजाकी छोरी, श्री राम प्रसाद प्रजाकी पत्नि, मकवानपुर जिल्ला राक्सिराङ्ग गा.वि.स. वडा नं. ८ स्थाई ठेगाना भई हाल राक्सिराङ्ग गा.पा. वडा न ५ मकवानपुर बस्ने श्री चिनि माया प्रजाको नाममा मालपोत कार्यालय मकवानपुरमा दर्ता रहेको मकवानपुर जिल्ला, राक्सिराङ्ग गा.वि.स. वडा नं. ८ (नक्सा सि.नं. ८) स्थित कि.नं. ९९७ को क्षेत्रफल २-१०-३-० भएको जग्गा तथा सो जग्गामा रहेको अन्य सम्पुर्ण लिगलगापात समेत।

५. ऋणी : श्री कमला माया प्रजा (ना.प्र.नं. ३१-०१-७१-०३४५२ जारी मिति/जिल्ला २०७१/३/२६ मकवानपुर)
बाबु : श्री जवलाल प्रजा, ससुरा : श्री बुद्ध लाल प्रजा, पति : श्री सन्जेल प्रजा
ठेगाना : राक्सिराङ्ग गा.वि.स. वडा नं. ८ मकवानपुर हाल राक्सिराङ्ग गा.पा. वडा न ५ चैनपुर, मकवानपुर
व्यक्तिगत जमानिकर्ताहरु :
(क) श्री सन्जेल प्रजा (ना.प्र.नं. ४९/३२८४७, जारी मिति/जिल्ला २०६२/११/२८ मकवानपुर)
बाबु : श्री बुद्ध लाल प्रजा, बाजे : श्री राजु प्रजा
(ख) श्री कान्छि माया चेपाङ (ना.प्र.नं. ३०२१६८८/२१६८, जारी मिति/जिल्ला २०६२/१/९ मकवानपुर)
बाबु : श्री गालहुम प्रजा, ससुरा : श्री राजु प्रजा, पति : श्री बुद्धलाल प्रजा
(ग) श्री बुद्ध लाल प्रजा (ना.प्र.नं. ४०५, जारी मिति/जिल्ला २०४३/१०/२ मकवानपुर)
बाबु : श्री राजु प्रजा, बाजे : श्री नन्धा प्रजा
(घ) श्री कमला माया प्रजा (ना.प्र.नं. ३१-०१-७१-०३४५२ जारी मिति/जिल्ला २०७१/३/२६ मकवानपुर)
बाबु : श्री जवलाल प्रजा, ससुरा : श्री बुद्ध लाल प्रजा, पति : श्री सन्जेल प्रजा
ठेगाना : राक्सिराङ्ग गा.वि.स. वडा नं. ८ मकवानपुर हाल राक्सिराङ्ग गा.पा. वडा न ५ चैनपुर, मकवानपुर
कर्जा : कृषि ई.एम.आई कर्जा
धितो सुरक्षणको विवरण : (क) श्री जवलाल प्रजाको छोरी, श्री सन्जेल प्रजाकी पत्नि, मकवानपुर जिल्ला राक्सिराङ्ग गा.वि.स. वडा नं. ८ स्थाई ठेगाना भई हाल राक्सिराङ्ग गा.पा. वडा न. ५ चैनपुर, मकवानपुर बस्ने श्री कमला माया प्रजाको नाममा मालपोत कार्यालय मकवानपुरमा दर्ता रहेको मकवानपुर जिल्ला राक्सिराङ्ग गा.वि.स. वडा नं. ८ (नक्सा सि.नं. ८) स्थित कि.नं. ७४५ को क्षेत्रफल ०-२-२-२ भएको जग्गा तथा सो जग्गामा रहेको अन्य सम्पुर्ण लिगलगापात।
(ख) श्री नन्धा प्रजाको नाती, श्री राजु प्रजाको छोरा, मकवानपुर जिल्ला राक्सिराङ्ग गा.वि.स. वडा नं. ८ स्थाई ठेगाना भई हाल राक्सिराङ्ग गा.पा. वडा नं ५ चैनपुर, मकवानपुर बस्ने श्री बुद्धलाल प्रजाको नाममा मालपोत कार्यालय मकवानपुरमा दर्ता रहेको मकवानपुर जिल्ला राक्सिराङ्ग गा.वि.स. वडा नं. ८ (नक्सा सि.नं. ८) स्थित कि.नं. ५०४ को क्षेत्रफल ४-९-२-३ भएको जग्गा तथा सो जग्गामा रहेको अन्य सम्पुर्ण लिगलगापात।

चन्द्रनिगाहपुर शाखा :

१. ऋणी : श्री दिनेश चौधरी
बाबु : श्री प्रसाद वछार थारु, बाजे : श्री गोपाल वछार थारु
ठेगाना : जिल्ला रौतहट रंगपुर गा.वि.स. वडा नं. ४ हाल जिल्ला रौतहट गुजरा न.पा. वडा नं. २
व्यक्तिगत जमानीकर्ताहरु :
(क) श्री दिनेश चौधरी, बाबु : श्री प्रसाद वछार थारु, बाजे : श्री गोपाल वछार थारु
(ख) श्री प्रसाद वछार थारु, बाबु : श्री गोपाल वछार थारु, बाजे : श्री बुधु वछार
ठेगाना : जिल्ला रौतहट रंगपुर गा.वि.स. वडा नं. ४ हाल जिल्ला रौतहट गुजरा न.पा. वडा नं. २
(ग) श्री चन्दिना कुमारी चौधरी, बाबु : श्री प्रेमलाल चौधरी, ससुरा : श्री प्रसाद वछार थारु, पति : श्री दिनेश चौधरी
ठेगाना : जिल्ला रौतहट रंगपुर गा.वि.स. वडा नं. १ हाल जिल्ला रौतहट गुजरा न.पा. वडा नं. २
कर्जा : महालक्ष्मी होम ईक्युटी कर्जा टर्म
धितो सुरक्षणको विवरण : श्री बुधु वछारको नाती, श्री गोपाल वछार थारुको छोरा, जिल्ला रौतहट रंगपुर गा.वि.स. वडा नं. ४ स्थाई ठेगाना भई हाल जिल्ला रौतहट गुजरा न.पा. वडा नं. २ बस्ने श्री प्रसाद वछार थारुको नाममा मालपोत कार्यालय रौतहटमा दर्ता कायम रहेको जिल्ला रौतहट रंगपुर गा.वि.स. वडा नं. ४ स्थित कि.नं. ३९९, १३९७, १४८३ र १४७१ को क्षेत्रफल ०-२-०-०, ०-१-०-०, ०-३-०-० र ०-३-१०-० भएको जग्गा तथा सो जग्गामा रहेको अन्य सम्पुर्ण लिगलगापात समेत।

२. ऋणी : श्री प्रमोद चौधरी
बाबु : श्री गोविन्द प्रसाद चौधरी, बाजे : श्री नागा चौधरी
ठेगाना : जिल्ला रौतहट सन्तपुर म. गा.वि.स. वडा नं. १ हाल जिल्ला रौतहट चन्द्रपुर न.पा. वडा नं. ८
व्यक्तिगत जमानीकर्ताहरु :
(क) श्री प्रमोद चौधरी, बाबु : श्री गोविन्द प्रसाद चौधरी, बाजे : श्री नागा चौधरी
(ख) श्रीमती विनीता चौधरी, बाबु : श्री रामचन्द्र चौधरी, ससुरा : श्री गोविन्द प्रसाद चौधरी, पति : श्री प्रमोद चौधरी
ठेगाना : जिल्ला रौतहट सन्तपुर म. गा.वि.स. वडा नं. १ हाल जिल्ला रौतहट चन्द्रपुर न.पा. वडा नं. ८
कर्जा : व्यक्तिगत कर्जा ओ.डी.
धितो सुरक्षणको विवरण : श्री रामचन्द्र चौधरीको छोरी, श्री गोविन्द प्रसाद चौधरीको बुहारी, श्री प्रमोद चौधरीको पत्नि, जिल्ला रौतहट सन्तपुर म. गा.वि.स. वडा नं.१ स्थाई ठेगाना भई हाल जिल्ला रौतहट चन्द्रपुर नगरपालिका वडा नं. ८ बस्ने श्रीमती विनिता चौधरीको नाममा मालपोत कार्यलय चन्द्रनिगाहपुर रौतहटमा दर्ता श्रेस्ता कायम रहेको जिल्ला रौतहट सन्तपुर म. गा.वि.स. वडा नं. ३ स्थित कित्ता नं. ६३९ को क्षेत्रफल ०-४-०-० भएको जग्गा तथा सो जग्गामा रहेको अन्य सम्पुर्ण लिगलगापात समेत।

टीकापुर शाखा :

१. ऋणी : श्री सुर्ज देवी रावल (ना.प्र.नं. ७०३८५४१३ जारी मिति/जिल्ला २०५४/१/१० बर्दिया)
बाबु : श्री भक्त बहादुर बोहरा, ससुरा : श्री प्रेम बहादुर रावल, पति : श्री अर्जुन बहादुर रावल
ठेगाना : बर्दिया जिल्ला पाताभार गा.वि.स. वडा नं.९ हाल कैलाली जिल्ला, टिकापुर नगरपालिका वडा नं. १
व्यक्तिगत्त जमानीकर्ताहरु :
(क) श्री सुर्ज देवी रावल, ससुरा : श्री प्रेम बहादुर रावल, पति : श्री अर्जुन बहादुर रावल
(ख) श्री अर्जुन बहादुर रावल, बाबु : श्री प्रेम बहादुर रावल, बाजे : श्री हर्कजंग रावल
(ग) श्री विशाल रावल, बाबु : श्री अर्जुन बहादुर रावल, बाजे : श्री प्रेम बहादुर रावल
(घ) श्री योगेश रावल, बाबु : श्री अर्जुन बहादुर रावल, बाजे : श्री प्रेम बहादुर रावल
ठेगाना : हाल कैलाली जिल्ला टिकापुर नगरपालिका वडा नं. १
कर्जा : व्यक्तिगत ओभरड्राफ्ट कर्जा
धितो सुरक्षणको विवरण : श्री प्रेम वहादुर रावलको बुहारी, श्री अर्जुन वहादुर रावलको पत्नि बर्दिया जिल्ला पाताभार गा.वि.स. ९ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला टिकापुर नगरपालिका वडा नं. १ बस्ने श्री सुर्ज देवी रावलको नाममा मालपोत कार्यालय टिकापुर कैलालीमा दर्ता रहेको कैलाली जिल्ला, टिकापुर न.पा. वडा नं. ९ (नक्सा सिट नं. ९/द) स्थित कि.नं. ३३० को क्षेत्रफल २५०.०० वर्ग मिटर भएको घर जग्गा तथा सो जग्गाले चर्चेको अन्य सम्पुर्ण लिगलगापात समेत।

२. ऋणी : श्री रुपेन्द्र कुमार जोशी
बाबु : श्री रुपेश जोशी, बाजे : श्री श्याम कृष्ण जोशी
ठेगाना : काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. २४ हाल काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. ११ त्रिपुरेश्वर
व्यक्तिगत जमानीकर्ताहरु :
(क) श्री यमुना देवी तण्दुकार जोशी, बाबु : श्री विष्णु लाल तण्डुकार, ससुरा : श्री श्याम कृष्ण जोशी, पति : श्री रुपेश जोशी
(ख) श्री सरिता श्रेष्ठ, बाबु : श्री नारायण वहादुर नगरकोटी श्रेष्ठ, ससुरा : श्री रुपेश जोशी, पति : श्री रुपेन्द्र कुमार जोशी
(ग) श्री रुपेन्द्र कुमार जोशी, बाबु : श्री रुपेश जोशी, बाजे : श्री श्याम कृष्ण जोशी
ठेगाना : हाल काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. ११ त्रिपुरेश्वर
कर्जा : पर्सनल टर्म लोन
धितो सुरक्षणको विवरण : श्री विष्णु लाल तण्डुकारको छोरी, श्री श्याम कृष्ण जोशीको बुहारी, श्री रुपेश जोशीको पत्नि हाल काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. ११ त्रिपुरेश्वर बस्ने श्री यमुना देवी तण्डुकार जोशीको नाममा मालपोत कार्यालय डिल्लीबजार काठमाण्डौमा दर्ता कायम रहेको काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. ११ स्थित कि.नं. १८८२ को क्षे.फ. ०-१-१-१ भएको जग्गा तथा सो जग्गामा निर्मित घर र अन्य सम्पूर्ण लिगलगापात।

२. ऋणी : श्री चित्र वहादुर दाहाल
बाबु : श्री गौरीकान्त दाहाल, बाजे : श्री खडानन्द दाहाल
ठेगाना : दोलखा जिल्ला काबे गा.वि.स. वडा न. ८ हाल काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. ३५ पेप्सीकोला, काठमाण्डौ
व्यक्तिगत जमानीकर्ताहरु :
(क) श्री राधिका रेग्मी, बाबु : श्री छेत्र लाल रेग्मी, ससुरा : श्री गौरीकान्त दाहाल, पति : श्री चित्र वहादुर दाहाल
(ख) श्री चित्र वहादुर दाहाल, बाबु : श्री गौरीकान्त दाहाल, बाजे : श्री खडानन्द दाहाल
ठेगाना : हाल काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. ३५ पेप्सीकोला, काठमाण्डौ
कर्जा : भेहिकल लोन
धितो सुरक्षणको विवरण : श्री चित्र वहादुर दाहाललाई ऋणी कायम गरी बाग्मती अञ्चल यातायत व्यवस्था कार्यालय ललितपुर अन्तर्गत यस बैंकको नाममा दर्ता कायम रहेको मोडल Tata Super Ace BS III, सवारी दर्ता नं. बा १४ च ९२९, इञ्जिन नं. 475IDT18JUYS81891, च्यासिस नं. MAT483139FYJ13787 को सवारी साधन थान १।

३. ऋणी : श्री राम वहादुर तामाङ
बाबु : श्री काइला तामाङ, बाजे : श्री जमान सिं तामाङ
ठेगाना : काठमाण्डौ जिल्ला भिमढुंगा गा.वि.स. वडा नं. ३
व्यक्तिगत जमानीकर्ताहरु :
(क) श्री राम वहादुर तामाङ, बाबु : श्री काइला तामाङ, बाजे : श्री जमान सिंह तामाङ
(ख) श्री सुनिता तामाङ, बाबु : श्री छोटे तामाङ., ससुरा : श्री काइला तामाङ, पति : श्री राम वहादुर तामाङ
ठेगाना : काठमाण्डौ जिल्ला भिमढुंगा गा.वि.स. वडा नं. ३
कर्जा : भेहिकल लोन
धितो सुरक्षणको विवरण : श्री राम वहादुर तामाङलाई ऋणी कायम गरी बाग्मती अञ्चल यातायत व्यवस्था कार्यालय ललितपुर अन्तर्गत यस बैंकको नाममा दर्ता कायम रहेको मोडल Tata CVD SCV Cargo Ace Mega सवारी दर्ता नं. बा १४ च ९१६, इञ्जिन नं. JUYS83444, च्यासिस नं. MAT535002FVJ30487 को सवारी साधन थान १।

सातदोबाटो शाखा :

ऋणी : मिलानो ईन्टरनेशनल प्रा.लि. (संचालक : श्री मिलन भण्डारी)
दर्ता नं : १६१५९८/०७३/०७४ (कम्पनी रजिष्ट्रारको कार्यालय)
दर्ता मिति : २०७३/९/२६
पान न : ६०४३८२७००
ठेगाना : काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. ३५
व्यक्तिगत जमानीकर्ताहरु :
(क) श्री मिलन भण्डारी, बाबु : श्री पृथ्वी वहादुर भण्डारी, बाजे : श्री कर्ण वहादुर भण्डारी
(ख) श्री सुस्मा भण्डारी, बाबु : श्री जित वहादुर बस्नेत, ससुरा : श्री कर्ण वहादुर भण्डारी, पति : श्री पृथ्वी वहादुर भण्डारी
ठेगाना : सिन्धुपाल्चोक जिल्ला थुम्पाखर गा.वि.स. वडा नं. १
कर्जा : हायरपर्चेज कर्ज

'स्पाई'मा सिद्धार्थ




'कार्तिकेय २' को सफलतापछि अभिनेता निखिल सिद्धार्थ नयाँ फिल्म 'स्पाई'मा देखिने भएका छन् । यो फिल्म हिन्दी र तेलुगू भाषामा हुनेछ । २९ जुनमा सिनेमाघरमा रिलिज हुने यो फिल्मको फर्स्ट लुक सार्वजनिक भएको छ ।

कोलकातामा सलमान



आफ्नो प्रस्तुतिका लागि कोलकाता पुगेका अभिनेता सलमान खानले बंगालकी मुख्यमन्त्री ममता बेनर्जीसँग उनको घरमै पुगेर भेटेका छन् । पछिल्लोपटक 'किसीका भाइ किसीका जान'मा देखिएका सलमान छिटै 'टाइगर ३' मा देखिँदै छन् ।



फिटनेस टिप्स

शरीर फिट राख्न के गर्ने ?

शरीर फिट राख्न कुनै न कुनै शारीरिक गतिविधिमा तपाईं संलग्न हुनुपर्छ । बडीवेट एक्सरसाइज, योगा, जम्पिङ ज्याक्स, योगा, हाई इन्टेन्सिटी इन्टर्भल ट्रेनिङलगायतका अभ्यास घरमै गर्न सकिन्छ । नियमित योग र डान्स पनि गर्न सकिन्छ । यदि तपाईंलाई फिट र आकर्षक शरीर बनाउन मन छ भने जिम जानु राम्रो हुन्छ । शरीर र मनलाई स्फूर्त राख्न जिम सेन्टर जाने हो । हरेक दिन शारीरिक व्यायामका लागि थोरै समय दिँदा मात्र पनि शरीर, मन र दिमाग स्वस्थ बनाउन धेरै सहयोग पुग्छ । तर, जिम गर्न जानुअघि केही कुरामा भने विशेष ख्याल गर्नुपर्ने हुन्छ ।



चन्द्र सुनुवार
फिटनेस प्रशिक्षक
सिपी फिटनेस

फिट र आकर्षक शरीर बनाउन जिम जानु राम्रो हुन्छ । हरेक दिन शारीरिक व्यायामका लागि थोरै समय दिँदा मात्र पनि शरीर, मन र दिमाग स्वस्थ बनाउन धेरै सहयोग पुग्छ

लक्ष्य निर्धारण गर्नुस्
जिम जानुअघि तपाईं किन जाँदै हुनुहुन्छ भन्ने स्पष्ट हुनुपर्छ । मसल्स बनाउनका लागि, तौल नियन्त्रण गर्नका लागि, ओभरअल फिटनेसमा सुधार ल्याउनलगायत कुन प्रयोजनका लागि जिम जाँदै हुनुहुन्छ, स्पष्ट हुनुपर्छ । र, त्यसैमा फोकस हुनुपर्छ ।

योजना बनाउनुस्
एकपटक लक्ष्य निर्धारण गरिसकेपछि आफ्नो लक्ष्य हासिल गर्नका लागि योजना बनाउनुपर्छ । त्यसका लागि कस्ता अभ्यास गर्ने, कति समय जिममा बिताउने, कस्तो आहार लिने भन्ने विषय ख्याल गर्नुपर्छ ।

सहज कपडाको चयन
जिमका लागि सहज हुने कपडा चयन गर्नुपर्छ । यसमा आरामदायी ट्राकसुट, दौडिँदा लगाउने सहज जुत्ता, पानीको बोतल, पसिना पुछ्नका लागि राम्रो टावेललगायत पर्छन् ।

वार्मअप
कुनै पनि अभ्यास सुरु गर्नुअघि वार्मअप जरुरी छ । आफ्ना मांसपेशीलाई वार्मअप गर्नका लागि हल्का कार्डियो र स्ट्रेचिङ गर्नुपर्ने हुन्छ । यसले तपाईंलाई चोट लाग्नबाट जोगाउन र तपाईंको परफर्मेन्स सुधार्न मद्दत गर्छ ।

बिस्तारै सुरु गर्नुस्
जिम सुरु गर्दा कम तौल उठाउनुपर्छ । सुरुवातमा कम क्यालोरी खपत हुने व्यायामहरू गर्नुपर्छ । ती व्यायामको स्वरूप र टेक्निकका विषयमा ध्यान केन्द्रित गर्नुपर्छ । सही तरिकाले कसरी व्यायाम गर्ने भन्ने विषय पहिले जान्न जरुरी छ । यसका लागि दक्ष प्रशिक्षकको निगरानीमा जिम गर्नु राम्रो हुन्छ । कतिपय मानिस जिम जानासाथ ठूलो तौल उठाउन थाल्छन्, तर तौल उठाउने सही तरिका नजान्दा विभिन्न समस्या देखिन्छन् । कतिपयलाई मसल्स पेन हुन्छ, कतिपयलाई चोट लाग्छ, कतिपय थकित हुन्छन् । र, उनीहरूको जाँगर बिस्तारै कम हुँदै जान्छ । तपाईंले सही ढंगले कम तौल उठाउने र बिस्तारै बानी बसिसकेपछि भार बढाउँदै जाने गर्नुपर्छ ।

पर्याप्त आराम
जिम सेन्टर जानेले कम्तीमा आठ घन्टा सुत्नैपर्छ । ज्यानलाई आराम भएन भने राम्रोसँग शरीरको विकास हुन पाउँदैन । त्यसैले पर्याप्त आराम गर्नुस् ।

प्रशस्तै पानी पिउनुस्
तपाईंले जिम जानुअघि, जिमका दौरान र जिमबाट फर्किएपछि पर्याप्त मात्रामा पानी पिउन जरुरी छ ।

खानपान
जिम गर्नेले खानपान र व्यवस्थित जीवशैलीमा ध्यान दिनुपर्छ । कहिल्यै पनि खाली पेटमा व्यायाम गर्नुहुँदैन, खाना खानेबित्तिकै पनि हुँदैन । व्यायाम गर्नुभन्दा एक घन्टाअघि कार्बोहाइड्रेट, प्रोटिन, क्याल्सियमयुक्त खानेकुरा खानु राम्रो हुन्छ ।

चना, दूध, अन्डा, ओट्स, ब्राउन ब्रेड, बदाम, काजु, किसमिस, ओखर, फलफूल आदिले शरीरको प्राकृतिक शक्ति र दिमागको कन्सन्ट्रेट पावर बढाउन भूमिका खेल्छन् । व्यायामपछि पनि प्रोटिनयुक्त खानेकुरा वा प्रोटिन सेक लिनुपर्छ । नियमित व्यायाम गर्ने व्यक्तिले बिहानदेखि बेलुकासम्म तीन घन्टाको फरकमा दिनको ६ पटक प्रोटिनयुक्त खानेकुरा खाँदा राम्रो हुन्छ ।

यसकारण कम पिउने कोल्ड ड्रिंक्स



- कोक, पेप्सी, फ्यान्टा, मिरिन्डा, स्प्राइट, इनर्जी ड्रिंक्सजस्ता कोल्ड ड्रिंक्स नियमित पिएमा हाम्रो शरीरमा चाहिनेभन्दा बढी (अर्थात् सामान्यभन्दा १० चम्चा बढी) सुगर आपूर्ति हुन्छ । यसमा हुने फस्फोरिक एसिडका कारण तत्काल गुलियोपनको अनुभव हुँदैन । यद्यपि, यसले तीव्र रूपमा इन्सुलिन उत्पादन गर्छ । सुगर बोसोमा परिणत हुने भएकाले मोटोपनाको समस्या हुने गर्छ ।
- त्यस्तै, नियमित कोल्ड ड्रिंक्स सेवन गर्ने मानिसमा टाइप टु मधुमेह हुने खतरा उच्च रहन्छ ।
- कोल्ड ड्रिंक्समा चिनीको मात्रा उच्च हुने भएकाले हृदयाघातलगायत मुटुसम्बन्धी विभिन्न रोग लाग्ने सम्भावना हुन्छ ।
- यस्ता पेयपदार्थमा मेटल, सिसा, क्रोमियमजस्ता रसायन हुन सक्ने भएकाले आँखाको रेटिना बिग्रिने र पेट तथा मस्तिष्कसम्बन्धी समस्या आउने हुन सक्छ ।

यसरी बनाउन सकिन्छ घरमै चिकेन तन्दुरी

चिकेनका हरेक परिकार मानिसलाई मिठो लाग्छ । मानिसलाई तन्दुरी चिकेन अझै धेरै मन पर्छ । चिकेन तन्दुरीले तपाईंको पाचन क्रियामा पनि असर गर्दैन । यसको स्वाद जति मिठो छ, बनाउन पनि त्यति नै सजिलो छ । थोरै सामग्रीको प्रयोग गरेर तपाईंले घरमै स्वादिष्ट चिकेन तन्दुरी बनाउन सक्नुहुन्छ ।

सामग्री
चिकेन पाँच सयदेखि सात सय ग्राम
कागतीको रस : एक चम्चा
दही : आधा कप
अदुवाको पेस्ट : आधा चम्चा
लसुनको पेस्ट : आधा चम्चा
रातो खुर्सानी : आधा चम्चा
बेसार : १/४ (चम्चा)
गरम मसला : एक चम्चा
तन्दुरी मसला : एक चम्चा
नुन : स्वादअनुसार
तन्दुरी कलरपिन्च : एक चम्चा
बिर्को लगाउन मिल्ने ननस्टिक डिप प्यान या बाक्लो तावा ।



विधि
सम्पूर्ण मसला हाली चिकेनलाई मोलेर पाँचदेखि सात घन्टा राख्ने, त्यसपछि ननस्टिक प्यान तताएर चिकेनलाई एक-एक गरी डाम्न सुरु गर्नुपर्छ । पानीको मात्रा बिस्तारै सुक्दै जान लागेपछि बिर्कोले छोप्ने अनि बिस्तारै चिकेनलाई फर्काउँदै पकाउने । अन्त्यमा तेल तातेर झरिलो बलेपछि गोलचिकेन राख्ने ।

त्यसमा एक चम्चा घिउ वा बटर हालेर धुप निकाल्ने । त्यसपछि बिर्कोले छोपेर राख्ने । केही समयपछि बिर्को खोल्दा बास्नादार स्मोकी चिकेन तयार भएको पाउनुहुनेछ । त्यसपछि एक चम्चा चाट मसला, निम्बुको रस र आधा चम्चा घिउ हालेर पाकेको चिकेनलाई मोल्ने र पुदिनाको अचारसँग चिकेन तन्दुरी खान सुरु गर्दा हुन्छ ।

आँखालाई ठूलो र सुन्दर देखाउन





ज्योति घतानी
ब्युटिसियन
जेएस पार्कल

यदि तपाईंको आँखा निकै सानो छ भने तपाईंले केही टिप्स अपनाएर आफ्नो आँखालाई ठूलो र सुन्दर देखाउन सक्नुहुन्छ । राम्ररी मेकअप गरेर तपाईंले छोटो समयमै आँखालाई सुन्दर देखाउन सक्नुहुन्छ ।

सानो आँखा हुनेले मेकअप गर्दा विशेष ध्यान दिनुपर्छ । मेकअप गर्दा सेतो कलरको आई पेन्सिल प्रयोग गर्नु राम्रो हुन्छ । यसले तपाईंको आँखालाई ठूलो देखाउँछ ।

तपाईंले आइलाइनर निकै पातलो लगाउनुपर्छ, यस्तो गर्दा आँखा ठूलो र सुन्दर देखिन्छ ।

यसपछि मस्कारा लगाउनुस् । यसले पनि तपाईंको आँखालाई ठूलो र सुन्दर देखाउँछ ।

तपाईंले लाइट आइस्याडो कलर अप्लाई गर्नुपर्छ । जसकारण, आई मेकअप सफ्ट र सुन्दर हुन्छ । सानो आँखाका लागि ग्रे, ब्राउनलगायत सेडका आइस्याडो प्रयोग गर्नु राम्रो हुन्छ ।

मानिसको ध्यान आफ्नो आँखामा नजाओस् भन्ने चाहनुहुन्छ भने ब्राइट कलरको लिपस्टिक लगाएर ओठको मेकअपलाई हाइलाइट गर्न सक्नुहुन्छ । यस्तो गर्दा सबैको ध्यान तपाईंको ओठको मेकअपमा जान्छ र आँखा हाइलाइट हुँदैन ।

सधैँ क्वालिटीको मेकअप प्रडक्ट मात्रै प्रयोग गर्नुपर्छ । कम गुणस्तरको मेकअपले आँखामा समस्या निम्त्याउन सक्छ । क्रिम बेस्ड आई मेकअप गर्नुस्, किनकि पाउडर बेस्ड मेकअप आँखाभित्र छिर्न सक्छ । यसले आँखामा अन्य जलन वा अन्य कुनै पनि समस्या निम्त्याउन सक्छ ।

आइस्याडोका लागि दिउँसोको समय न्युड मेकअप टोन राम्रो देखिन्छ । रातका लागि बोल्ड वा ब्राइट सेड्स चयन गर्नु राम्रो हुन्छ ।

घुर्ने समस्याको समाधान





डा. प्रशान्त त्रिपाठी
नाक-कान-घाँटीरोग विशेषज्ञ
त्रिवि शिक्षण अस्पताल

निदाएका बेला सास फेर्ने बाटो जति खुल्नुपर्ने हो, त्यति खुला भएन भने सास लिन अलि गाह्रो हुन्छ । त्यसपछि बल गरेर अक्सिजन तान्दा आउने आवाज नै घुर्ने समस्या हो ।

किन हुन्छ ?
मुख्यतः सास फेर्ने नलीमा भित्रपट्टि मासु पलाउँदा वा भित्रको मांसपेशीले काम नगर्दा घुर्ने समस्या हुन्छ । त्यसैगरी, मानिस मोटाउँदै जाँदा घाँटीमा बोसोको मात्रा बढेर सास फेर्ने ठाउँ साँघुरो हुन सक्छ र समस्या देखिन्छ । घुर्ने समस्या बालबालिकामा पनि हुन्छ । नाकको पछाडि भागमा हुने मासु बढ्यो भने बालबालिकामा घुर्ने समस्या देखिन सक्छ । त्यसैगरी, वयस्कहरूमा मोटोपनाका कारण यो समस्या हुन सक्छ । घुर्ने समस्याका कारण धेरै छन् । नाकको हड्डी बांगो भएमा, नाकको पछाडिको भाग सुन्निएमा, घाँटीमा टन्सिल भएमा, सास फेर्ने नली साँघुरो हुँदा घुर्ने समस्या देखिन्छ ।

के गर्ने ?
नियमित घुर्ने समस्या छ भने चिकित्सकको सल्लाहमा उपचार थाल्नुपर्छ । यो रोग लागेकाहरूलाई इन्डोस्कोपी गरेर छाती तथा मुटुको जाँच गर्ने गरिन्छ । त्यसैगरी, सुतेको बेलामा कस्तो समस्या आउँछ भनेर अस्पतालमा मेसिन लगाएर रातभर प्रविधिमार्फत जाँच पनि गरिन्छ । सामान्य वा जटिल कस्तो अवस्थाको समस्या छ भनेर पत्ता लगाइन्छ । त्यसअनुसार उपचार गरिन्छ । यो समस्या भएकाहरूले नियमित व्यायाम गर्ने, चिया, कफीबाट टाढा रहने गर्नुपर्छ ।

Mandakini Hydropower Ltd.
Sinamangal, Kathmandu

Statement of Financial Position As on 30th Chaitra 079

Amount in NRs.

Particular	FY 2079.080-Q3	FY 2079.080-Q2	FY 2078.079-Q3
Assets			
Non Current Assets			
Property, Plant & Equipment	743,984,598	743,984,598	864,398,481
Addition:	24,277,218	20,094,927	-
Less: Depreciation on PPE	(19,295,466)	(12,955,587)	(115,848,830)
Net Property, Plant & Equipment	**748,966,350**	**751,123,937**	**748,549,651**
Capital Work In Progress	73,227,605	71,624,536	66,618,142
Investment	619,887	619,887	619,887
Intangible assets			
Goodwill Account	1,684,834	1,684,834	1,684,834
Right-of-use-assets	2,288,115	2,288,115	-
Total Non Current Assets	**77,820,441**	**76,217,372**	**68,922,863**
Current Assets			
Cash & Cash Equivalents	109,078,731	142,515,490	15,510,095
Advances, Deposits and Receivables	25,359,593	29,539,321	29,362,654
Inventory (As certified by management)	324,059	324,059	5,084,412
Total Current Assets	**134,762,384**	**172,378,870**	**49,957,162**
Total Assets	**961,549,174**	**999,720,179**	**867,429,676**
Equity & Liabilities			
Equity			
Share Capital	588,036,900	588,036,900	411,625,900
Reserve & Surplus/(Loss)	23,122,058	21,997,807	42,978,578
Total Equity	**611,158,958**	**610,034,707**	**454,604,478**
Long term Loan			
Secured Consortium Term Loans	343,393,878	353,393,878	382,394,000
Total Long Term Loan	**343,393,878**	**353,393,878**	**382,394,000**
Current Liabilites & Provisions			
Lease Liabilities	2,243,552	2,243,552	-
Trade & Other Payable	4,549,613	4,544,849	29,965,965
Tax & Duties	203,172	1,569,098	465,233
Provision for Dividend	-	27,934,096	-
Total Current Liabilites & Provisions	**6,996,337**	**36,291,594**	**30,431,198**
Total Equity & Liabilities	**961,549,174**	**999,720,179**	**867,429,676**

Statement of Profit and Loss As on 30th Chaitra 2079

Amount in NRs.

Particular	FY 2079.080 Q3	FY 2079.080 Q2	FY 2078.079 Q3
Direct Income	74,423,862	55,826,597	92,748,093
Less: Royalty Expenses	1,644,985	1,209,699	1,959,792
Less: Project Expenses	26,566,335	22,688,734	12,402,419
Gross Profit	**46,212,541**	**31,928,164**	**78,385,882**
Other Income	16,986,201	14,530,683	1,688,121
Operating Expenses			
Administrative Expenses	3,541,891	2,085,508	2,963,430
Operating Profit	**59,656,852**	**44,373,339**	**77,110,573**
Non Operating Expenses			
Financial Costs	23,910,811	16,091,428	22,336,842
Depreciation	19,295,466	12,955,587	19,421,237
Expenditure for IPO Processing	2,474,801	2,474,801	816,638
Profit/(Loss) Before Bonus & Tax	**13,975,773**	**12,851,521**	**34,535,855**
Profit/(Loss) Before Tax	**13,975,773**	**12,851,521**	**34,535,855**
Profit After Tax	**13,975,773**	**12,851,521**	**34,535,855**
P/L Appropriation Account			
Profit/(Loss) For The Year	13,975,773	12,851,521	34,535,855
Profit/(Loss) Upto Previous Year	38,548,130	38,548,130	8,442,722
Provisions Settlement			
Provision for Dividend	(27,934,096)	(27,934,096)	-
Provision for Dividend tax	(1,467,750)	(1,467,750)	-
Balance carried to Reserve & Surplus	**23,122,058**	**21,997,807**	**42,978,578**

Note: If the statutory & supervising authority notify to change the unaudited financial statements, the final figures may change accordingly. Figures may change during implementing NFRS.

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ अनुसूची - १४
(नियम २६ को उपनियम १ संग सम्बन्धित)
आ.व. २०७९/०८० को तेस्रो त्रैमासिक विवरण

१. **वित्तिय विवरण :**
क) आ.व. २०७९/०८० को तेस्रो त्रैमासिक अपरिष्कृत विवरण (वासलात तथा नाफा नोक्सान हिसाब) व्यवस्थापनद्वारा तयार गरी यसै प्रतिवेदनको साथमा प्रकाशन गरिएको छ ।
ख) प्रमुख वित्तिय अनुपातहरू निम्नाअनुसार रहेको छ :

प्रति शेयर आम्दानी वार्षिक	प्रति शेयर नेटवर्थ	प्रति शेयर कुल सम्पत्ति	मुल्य आम्दानी अनुपात (चैत्र मसान्त)	तरलता अनुपात
३.९३	१०३.९३	१२७.३७	९२.८३	१९.२६:१

२. **व्यवस्थापकीय विश्लेषण :**
क) यस त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा अत्याधिक परिवर्तन नरहेको र मौज्दात, आम्दानी र तरलतामा सकारात्मक प्रभाव कायम रहेको छ ।
ख) यस त्रैमासिक अवधि सम्ममा संस्थाको अन्य नयाँ व्यवसायिक योजनाहरू नरहेको ।
ग) संस्थाको मौज्दात, नाफा वा नगद प्रबाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था जानकारीमा नरहेको ।

३. **कानुनी कारबाही सम्बन्धि विवरण :**
यस त्रैमासिक अबधिमा संस्थाले र संस्था बिरूद्ध कुनैपनि मुद्दा दायर भएको छैन साथै उक्त अवधिमा संस्थाका संस्थापक वा संचालकले र संस्थापक वा संचालकका बिरूद्ध प्रचलित नियमको अवज्ञा, फौजदारी अपराध तथा आर्थिक अपराध सम्बन्धि कुनै पनि मुद्दा दायर भएको छैन ।

४. **संस्थाको शेयर कारोबार सम्बन्धि विश्लेषण :**
धितोपत्र बजारमा संस्थाको शेयर कारोवार, शेयर कारोवारको सामान्य सिद्धान्त र नियमानुसार नै भएको हुंदा संस्थाको कुनै बिशेष धारणा नरहेको । यस त्रैमासिक अबधिमा शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोवार भएको कुल दिन तथा कारोवार संख्या नेपाल स्टक एक्सचेनज लि. को वेबसाइट बमोजिम निम्नानुसार रहेको :

अधिकतम मूल्य	न्यूनतम मूल्य	अन्तिम मूल्य	कारोवार कुल दिन	कारोवार संख्या	कारोवार भएको शेयर	कारोवार रकम
४१५.१	३४८	३७९	५६	७,६०८	४,६७,७८५	१८,००,१८,०४५.८

५. **समस्या तथा चुनौती :**
संस्थाले बहन गर्नुपर्ने आन्तरिक समस्या तथा चुनौती नरहेको र बाह्य चुनौतीहरूमा परियोजना स्थलमा प्राकृतिक बिपत्ति जस्तै बाढी पहिरो तथा भूकम्प रहेतापनि यस अवधि सम्ममा उक्त बिपत्तिहरूले संस्थालाई असर पारेको छैन ।

६. **संस्थागत सुशासन :**
संस्थागत सुशासन अभिबृद्धीका लागी व्यवस्थापनद्वारा नियम कानुनको पालना तथा लेखा परीक्षकबाट प्राप्त सुझावहरूलाई कार्यन्वयन गर्न यथेष्ट कदमहरू चालेको छ ।

७. **सत्य तथ्य सम्बन्धमा अध्यक्षको उद्घोष :**
आजका मिति सम्ममा यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रूपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरूलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना जानकारीहरू लुकाइएको छैन ।

नक्कली भुटानी शरणार्थी र नेपाली नोरिएगाहरू

नेपाल सरकारका मन्त्री तथा उच्च तहका कर्मचारीले आर्थिक लाभ लिन मानव बेचबिखनजस्तो संगठित आपराधिक क्रियाकलापको सहारा लिनु अक्षम्य अपराध हो



● कटक मल्ल

नक्कली भुटानी शरणार्थी काण्ड विश्वव्यापी समाचार बनेको छ। सत्ताधारीले आफ्ना नागरिकलाई नक्कली भुटानी शरणार्थी बनाउने र विदेश पठाउने गरेकाले राष्ट्रको बदनाम गरेकामा नेपाली आक्रोशित देखिन्छन्। यस विषयमा अनुसन्धान सुरु गरेको र केहीलाई पक्राउ गरेकामा कतिपयले वर्तमान प्रधानमन्त्री प्रचण्ड र गृहमन्त्री नारायणकाजी श्रेष्ठको प्रशंसा गरिरहेका छन्। अरूले प्रधानमन्त्रीविरुद्ध पनि छानबिनको माग गरिरहेका छन्। पूर्वप्रधानमन्त्री शेरबहादुर देउवासँग बोल्ने एजेन्डा छैन। पूर्वप्रधानमन्त्री केपी ओली विश्वसनीयता गुमाउँदै छन्। रवि लामिछाने गृहमन्त्री श्रेष्ठको छायामा परेका छन्। जनता र राजनीतिबीचको विश्वास टुटेको छ। नक्कली भुटानी शरणार्थी काण्डले नेपाली राजनीतिमा भूकम्प ल्याएको छ।

सन् १९५१ मा संयुक्त राष्ट्र संघीय शरणार्थीसम्बन्धी महासन्धिअन्तर्गत यदि कसैको शरणको दाबी, कुनै भौतिक तथ्य जानाजानी बनाइएको वा नक्कली पहिचान गरेको देखिन्छ भने त्यस्तो व्यक्ति शरणको अयोग्य हुन्छ। शरण अस्वीकार गरिएका सबैले ठगी गरेको मानिँदैन। केही आवेदक सत्य कथा सुनाउन असफल हुन सक्छन्। केही आवेदकका कथामा सानातिना विसंगति हुन सक्छन्, जुन स्पष्ट वा जानाजानी झुटजस्तो देखिँदैन, तर सत्यकथा सुनाउन असफल भएमा विश्वसनीयता घटाउँछ।

शरणार्थीसम्बन्धी महासन्धिअन्तर्गत शरणार्थीले अन्य कुनै विकल्प नभएको खण्डमा झुटा कागजात प्रयोग गर्ने सुविधा छ। तर, नेपालका नक्कली भुटानी शरणार्थीलाई त्यस्तो सुविधा छैन। नक्कली शरणार्थी परिचय खोज्ने र उनीहरूलाई नक्कली परिचय बनाउन मद्दत गर्ने दुवै अपराधी हुन्। तिनीहरूविरुद्ध विभिन्न नेपाली कानुन प्रयोग हुन सक्छन्। मानव बेचबिखन र लागुऔषध ओसारपसारजस्ता मुद्दा छलफलका लागि सबैभन्दा सान्दर्भिक हुन सक्छ। सबैभन्दा गम्भीर भनेको सत्तामा रहेका व्यक्तिले कानुन पालना गर्ने शपथ भंग गर्नु हो। जालसाजी र ठगीका अतिरिक्त यो राज्यविरुद्धको अपराध हुन सक्छ। वर्तमान विश्वमा प्रवासन, आप्रवासन, निर्वासन र मानव तस्करी जटिल समस्याका रूपमा रहेको सर्वविदित छ। नेपाल सरकारका मन्त्री तथा कर्मचारीले गैरकानुनी रूपमा आर्थिक लाभ हासिल गर्न मानव बेचबिखनजस्तो संगठित आपराधिक क्रियाकलापको सहारा लिनु अक्षम्य अपराध हो।

सन् २०१८ मा उत्तरी युगान्डाका शिविरमा हजारौँ नक्कली शरणार्थी फेला परेका थिए। राष्ट्र संघीय एजेन्सीका अनुसार, शरणार्थी दर्ता प्रक्रियाका कमजोरी र बस्तीमा ठगी अधिक व्यापक थियो। यसका लागि युगान्डा सरकारबाट केही मद्दत भएन। नेपाली नागरिकलाई नक्कली भुटानी शरणार्थी बनाई विदेश पठाउने नेपाली सत्ताधारीको भ्रष्ट कथा आजसम्म कसैले नगरेको वा नसुनेको कुकृत्य हो।

नक्कली भुटानी शरणार्थीका सम्बन्धमा निम्न विषयमा ध्यान दिन आवश्यक छ, जसलाई सर्वप्रथम नेपाली नोरिएगाहरू भन्न सकिन्छ। यसका साथै भुटानी राज्य आतंकवाद र नेपालीभाषी भुटानीको देशनिकाला, अन्तर्राष्ट्रिय समुदायले शरणार्थी महासन्धिलाई बेवास्तामा छलफल केन्द्रित छ। जनताले गर्नुपर्ने सबैभन्दा महत्त्वपूर्ण तर्क छ- संसदीय शासन प्रणालीअन्तर्गत मन्त्रिपरिषद्को सामूहिक दायित्वका आधारमा नक्कली शरणार्थी काण्डमा आरोपित गृहमन्त्री र उपप्रधानमन्त्रीजस्तै सम्बन्धित प्रधानमन्त्री पनि उत्तिकै जिम्मेवार हुन्छन्।

नक्कली शरणार्थी काण्ड र नेपाली नोरिएगाहरू : गैरकानुनी रूपमा आर्थिक लाभ गर्न मानव बेचबिखनजस्तो संगठित आपराधिक क्रियाकलापको सहारा लिनु अक्षम्य अपराध हो। नेपाल सरकारका मन्त्रीहरूले व्यक्तिगत आर्थिक स्वार्थका लागि मानव बेचबिखनको नयाँ तरिका आविष्कार गरेका छन्। यस प्रकारको मुद्दा पहिले कहिल्यै देखिएको छैन र यसले अन्तर्राष्ट्रिय कानुनको नयाँ मुद्दा खडा गरेको छ। यस सम्बन्धमा सान्दर्भिक अमेरिकी अदालतको मुद्दासँग हेर्न सकिन्छ। त्यो मुद्दा हो लागुऔषध ओसारपसारसँग सम्बन्धित संयुक्त राज्य अमेरिका वादी र म्यानुअल एन्टोनियो नोरिएगा प्रतिवादी (सन् १९९१) रहेको मुद्दा। नोरिगा पानामाका पूर्वतानाशाह, कुनै समयमा संयुक्त राज्य अमेरिकाका सहयोगी थिए। लागुऔषध तस्करीसँग उनको सम्बन्धले सन् १९८९ को अमेरिकी सैन्य कारबाहीबाट उनी पक्राउ परेका थिए। यस मुद्दामा विदेशी सरकारका पूर्वप्रमुखले अमेरिकी अदालतमा आपराधिक आरोपको सामना गरेको पहिलो ऐतिहासिक सुनुवाइ भएको थियो। सुरुमा नोरिएगालाई ४० वर्षको सजाय गरिएको थियो, पछि घटाएर ३० वर्षमा पुऱ्याइयो। उनी सन् २००० मा प्यारोलमा छुट्न पाउने भएका थिए। नोरिगाको २०१७ मा मृत्यु भयो। नोरिएगा लागुऔषधको तस्करी गर्थे नेपाली मन्त्रीहरू नक्कली शरणार्थी तस्करी गरिरहेका छन्। एउटा महत्त्वपूर्ण समानता लागुऔषधको तस्करी र नक्कली शरणार्थी तस्करी संयुक्त राज्य अमेरिकासँग सम्बन्धित छन्। कानुनको शाब्दिक व्याख्याको सट्टा 'एनाला'गिकल' व्याख्यामा आधारित यो तर्क गर्न सकिन्छ। कुनै पनि अदालतले निर्णय नगरेको नयाँ विषय जब उठ्छ,



आफ्ना नागरिकलाई नक्कली शरणार्थी बनाएर विदेश पठाउने सरकारी पदाधिकारीको भ्रष्ट चरित्रले सबैलाई चकित तुल्याएको छ। आजसम्म कसैले नगरेको वा नसुनेको यस्तो कुकृत्यका कारण संसारसामु नेपालको छवि धुमिल भएको छ।

सबैभन्दा सान्दर्भिक मुद्दा प्रयोग गर्न सकिन्छ। नोरिएगा मुद्दा नेपालको नक्कली शरणार्थी मुद्दासँग सम्बन्धित छ। अमेरिकी अदालतमा नक्कली शरणार्थी मुद्दामा नेपाल सरकार प्रमुखविरुद्ध मुद्दा दायर गर्न सम्भव हुन सक्छ। जे भए पनि अमेरिकी सरकारले नेपाललाई दबाब दिइरहेको छ भन्ने समाचारमा केही-केही आधार छ।

भुटानी राज्य आतंकवाद र नेपालीभाषी भुटानीको देशनिकाला : सन् १९९० दशकको प्रारम्भमा भुटानी-नेपालीको जातीय सफायाको जिम्मेवारी भुटान सरकार जिम्मेवार छ। ९० को दशकको सुरुतिर भुटान सरकारले दक्षिणी भुटानमा नेपाली मूलका आफ्ना नागरिकमाथि दमन सुरु गऱ्यो। नेपालीभाषी भुटानी नागरिकको गाउँबस्तीमा सुरक्षाकर्मीबाट यातना, बलात्कारसहित बर्बर राज्य आतंक मच्चाइयो। त्यहाँका नागरिकलाई जबर्जस्ती देश छोड्न बाध्य पारियो र उनीहरूलाई जातीय सफाया (एथेनिक क्लिन्जिङ) सहित देशनिकाला गऱ्यो। भुटान सरकारको अमानवीय, क्रूर तथा बर्बर दमनपछि निहत्था नेपालीभाषी भुटानी नागरिक देश छाड्न बाध्य भए। त्यसरी लेखेटिएका भुटानीको पहिलो गन्तव्य भारत थियो। तर, भारतले ती तिनलाई शरण दिएन। भुटानबाट त्यसरी लखेटिएकाहरूको आश्रयस्थल पूर्वीनेपालको झापा र मोरङ बन्यो। शरणार्थीसम्बन्धी राष्ट्रसंघीय उच्च आयोग युएनएचसिआरले शरणार्थीलाई गाँसवासमा सघायो।

भाषिक वा जातीय आधारमा नागरिकलाई देशनिकाला गर्ने भुटान सरकारको निर्णय मानव अधिकारको विश्वव्यापी घोषणापत्र र संयुक्त राष्ट्र संघीय शरणार्थी महासन्धिविरुद्धको कदम थियो। २०औँ शताब्दीको एक दुःखद तथा समाधानविहीन घटना थियो। तर, यस मुद्दामा भुटानलाई मानवताविरुद्धको अपराधको कठघरामा उभ्याइएन। यस परिघटनालाई पछि भुटानी शरणार्थी समस्या नाम दिइयो। समस्या समाधानका लागि नेपाल भुटानबीच दर्जनौँपटक भएका वार्ता असफल रहे। भुटानले त्यसरी निकालिएकाहरू आफ्ना नागरिकलाई नभएको रटान लगाइरह्यो। पञ्चायत सरकारले सन १९८९ मै भुटानी मानव अधिकारवादी नेता टेकनाथ रिजाललाई झापाबाट गिरफ्तार गरी भुटानलाई बुझाएको थियो। नेपालको कारबाही शरणार्थी महासन्धिको उल्लंघन थियो।

अन्तर्राष्ट्रिय समुदायद्वारा शरणार्थी महासन्धिलाई बेवास्ता : शरणार्थी महासन्धिअनुसार भारत भुटानी शरणार्थी आगमनको पहिलो देश हो। शरणार्थीसम्बन्धी महासन्धिको धारा ३१ अनुसार शरणार्थीले पहिलो आगमन देशमा शरण दाबी गर्नुपर्छ। सो देशले शरण दिनुपर्छ। भारतले भुटानी नागरिकलाई टुकमा हालेर नेपालको काकडभिट्टामा छाडेर शरणार्थी महासन्धिको उल्लंघन गऱ्यो। वार्ताबाट भुटानीलाई स्वदेश फर्काउने नेपाल सरकारको प्रयास असफल रह्यो। शरणार्थी प्रमाणीकरणका नाममा नेपालले कच्चा काम गऱ्यो। भुटानबाट लेखिएकाहरू भुटानी नागरिक हुँदाहुँदै फेरि भुटानी कि गैरभुटानी भनेर प्रमाणित गर्नेमा सहमत हुनै गलत थियो। यसरी भुटानीलाई स्वदेश फर्काउन नसकेपछि तेस्रो मुलुक बसोवासको विकल्प खोजियो। सोही विकल्पअनुसार सन् २००७ मा नेपालमा रहेका एक लाख आठ हजार शरणार्थीलाई युएनएचसिआरको अगुवाइमा तेस्रो मुलुकमा बसोवासको योजना अघि सारियो। सहमतिअनुसार संयुक्त राज्य अमेरिका ६० हजार भुटानी शरणार्थीलाई आफ्नो मुलुकमा बसोवास गराउन राजी भयो। र, २००८ देखि भुटानी शरणार्थी अमेरिका बसाइँ सर्ने क्रम सुरु भयो। बाँकी शरणार्थीलाई लैजान अस्ट्रेलिया, क्यानडा, नर्वे, नेदरल्यान्डस्, डेनमार्क र न्युजिल्यान्ड सहमत भए। सन् २०१७ सम्म एक लाख आठ हजार पाँच सय १३ भुटानी शरणार्थी तेस्रो मुलुक बसाइँ सरे। तर, बाँकी ६ हजार हाराहारी शरणार्थी नेपालमै छन्। उनीहरूको तेस्रो मुलुक बसाइँ सराइ हुन सकेको छैन। न उनीहरूले स्वदेश फर्किने पाएका छन्।

नक्कली शरणार्थीको पछिल्लो काण्ड : थिने छुटेका भुटानी शरणार्थीको समस्या समाधान गर्ने नाममा नेपाल सरकार, गृह मन्त्रालयले कार्यदल गठन गऱ्यो। कार्यदलको उद्देश्य समस्या समाधान गर्नेभन्दा पनि छुटेका भुटानीसँगै नक्कली शरणार्थी बनाएर नेपाली नागरिकलाई गैरकानुनी रूपमा पैसा असुल गरी अमेरिका पठाउनु थियो। त्यसपछि त्यस प्रकरणमा मुछिएकाहरू तत्कालीन गृहमन्त्रीहरू र गृहसचिवलगायत नक्कली भुटानीका नाममा पैसा बुझाउनेहरू पूर्पक्षका लागि थुनामा छन्। एकजना उपप्रधानमन्त्री 'फरार' छन्। यस प्रकरणमा थप अरू पात्र जोडिएको तथ्य अनुसन्धानले अगाडि ल्याउने सम्भावना छ। यसरी आफ्ना नागरिकलाई नक्कली शरणार्थी बनाएर विदेश पठाउने सरकारी पदाधिकारीको भ्रष्ट चरित्रले सबैलाई चकित तुल्याएको छ। आजसम्म कसैले नगरेको वा नसुनेको यस्तो कुकृत्यका कारण सारा संसार अचम्मित छ। अन्तर्राष्ट्रिय समुदायमाझ नेपालले बेइज्जतीको सामना गर्नुपरेको छ। राजनीतिक दलका नेता, तिनका कार्यकर्ता, मन्त्री र बहालवाला सचिवकै मानव बेचविखन तथा ओसारपसारजस्तो गम्भीर आपराधिक क्रियाकलापमा संलग्नता देखिनु शासनको असफलताको सबैभन्दा गम्भीर सूचक हो।

प्रधानमन्त्रीहरू पनि जिम्मेवार हुन्छन् : मानव तस्करी जटिल समस्या हो। नेपालका गृहमन्त्री र उपप्रधानमन्त्रीहरूले नक्कली शरणार्थी बनाएर मानव बेचबिखन गरेको खुलासा भएको छ। नक्कली शरणार्थी बेचबिखनको आरोप लागेका गृहमन्त्री र उपप्रधानमन्त्रीहरू कानुनी रूपमा जवाफदेही छन्। प्रहरीले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा नक्कली प्रतिवेदन फेला पाऱ्यो भन्ने समाचार आएको छ। त्यसैले, आरोपित गृहमन्त्री र उपप्रधानमन्त्रीसँगै प्रधानमन्त्रीहरू पनि उत्तिकै जिम्मेवार हुन्छन् किनकि संसदीय लोकतन्त्रअन्तर्गत मन्त्रिपरिषद्को संयुक्त जिम्मेवारी हुन्छ।

नेपालको स्वच्छ छवि बचाउन नक्कली शरणार्थी र नेपाली नोरिएगाहरूलाई कानुनको दायराभित्र ल्याउनुपर्छ। अर्थात्, आरोपित गृहमन्त्री र उपप्रधानमन्त्री मात्रै होइन, तत्कालीन समयका प्रधानमन्त्रीहरूसमेत जवाफदेही हुनुपर्छ। भ्रष्टाचार नेपालको छवि बिगार्ने माहारोग हो। नयाँ संविधान जारी भएपछि दुईपटक संसद् विघटन हुनु लोकतन्त्रमाथिको धक्का थियो। सरकारका तीनै अंगको निष्क्रियता राष्ट्रमाथिको अर्को प्रहार हो। 'आफ्नो मान्छे' संस्कृति, वैज्ञानिक स्वभावको कमी, भविष्यमुखी हुनुको सट्टा विगतको इतिहासमा झुटो गर्व, संस्थागत जात-जाति प्रणाली, निजामती कर्मचारीमा व्यावसायिकताको अभाव नेपालमा देखिएका केही गम्भीर समस्या हुन्। स्वतन्त्र मिडिया, इमानदार प्रहरी अनुसन्धान र स्वतन्त्र अदालतले यी व्यक्तिलाई जवाफदेही बनाउनुपर्छ। भ्रष्टाचारविरुद्ध नागरिक जागरण, राजनीति र जनताबीच विश्वासको पुनर्स्थापना तथा जनता र कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको विश्वासको पुनर्स्थापना सार्वजनिक बहसको अत्यावश्यक विषय हुन्। राष्ट्रिय जीवनमा परिवर्तन गर्न समस्यालाई सम्बोधन गर्नुपर्छ। सरकारबाट राष्ट्रिय रूपान्तरणको आशा गर्न छोड्नुपर्छ।

(कानुनका प्रोफेसर मल्ल हाल स्विडेनको स्टकहोम विश्वविद्यालयको 'सेन्टर फर इन्टरनेसनल ल एन्ड जस्टिस'का सिनियर फेलो हुन्)

---

३ प्रश्न

राजनीतिक विश्लेषक **राजेन्द्र महर्जन**लाई



एमालेको केन्द्रीय कमिटीमा संघीयताको विकल्प खोज्नुपर्ने भनी आवाज उठ्नुलाई कसरी लिनुभएको छ ?

एमालेको सन्दर्भमा यो माग उठ्नु सर्वथा अनौठो होइन। किनकि, संघीयताको मामिलामा एमालेको इतिहास शंकास्पद देखिँदै आएको छ। संघीयता प्राप्तिका लागि धेरै नेपालीलीले ज्यान दिएको भए पनि र संविधानमा संघीयता लेखिएको भए पनि एमालेले यसको कार्यान्वयनका क्रममा भने जहिल्यै ओठे प्रतिबद्धता मात्र जनायो, ठोस प्रतिबद्धता कहिल्यै जनाएन। त्यसैले, अहिले उसको केन्द्रीय कमिटीमा संघीयताको विकल्प खोज्ने आवाज उठ्नु नौलो परिघटना होइन, त्यहाँ वर्षौंदेखि सुषुप्त अवस्थामा रहेको संघीयताविरोधी भावनाले टाउको उठाएको मात्र हो।

पार्टीको आधिकारिक फोमरमै संघीयता खारेजीको माग उठ्ने अवस्था किन आयो होला ?

दोस्रो जनआन्दोलनपछि नयाँ संविधान जसरी बन्यो, यसको अगुवाइ गर्ने नेताहरूमध्ये एक एमाले अध्यक्ष केपी शर्मा ओली सुरुदेखि नै संघीयताविरोधी हुनुहुन्थ्यो। पटकपटक सत्तामा पुग्दा उहाँ संवैधानिक व्यवस्थालाई कमजोर बनाउन लागिपरेको हामीले देखेकै हौं। त्यसैले, अन्य कारणले भन्दा पनि एमाले नेतृत्वको संघीयताविरोधी चरित्रकै कारण यस्तो माग उठेको हो।

संघीयता साँच्चै असफल भएर यस्तो माग उठेको त होइन ?

संघीयता नेपालका लागि नौलो प्रयोग हो। कुनै पनि प्रणाली आफैंमा पूर्ण हुँदैन। यसको कार्यान्वयनका क्रममा केही कमी कमजोरी देखन पनि सक्छन्। तिनलाई परिमार्जन गर्दै अघि बढ्नुपर्छ। प्रश्न उठ्यो भन्दैमा एकात्मक व्यवस्थामा जानुपर्छ भन्नु पश्चगामी सोच मात्र हो।

प्रेरक प्रसंग

मुक्तिको प्रार्थना

एउटा सडकको एक कुनामा एक सहयोगापेक्षी वृद्ध बस्थे। उनी हरेक दिन सोही स्थानमा बस्थे। त्यो उनको नियमित स्थान नै थियो। त्यही बाटो हुँदै यताउता जाने बटुवाले उनलाई केही न केही खाना या पैसा दिन्थे र त्यसैबाट उनको गुजारा चल्थ्यो। उनको शरीरमा जतातै घावैघाउ थियो। जसले गर्दा उनलाई निकै कष्ट भइरहेको थियो।

एक युवक हरेक दिन त्यही बाटो हिँड्थे। वृद्धको कष्ट देख्दा उनलाई पनि दुःख लाग्थ्यो। एक दिन उनी वृद्धको नजिकै गए र गम्भीर हुँदै भने- बाबा, यस्तो कष्ट झेलेर पनि तपाईं बाँच्ने कोसिस गरिरहनुभएको छ। तपाईंले त ईश्वरसित मुक्तिका लागि प्रार्थना गर्नुपर्ने होइन र ?



वृद्धले उत्तर दिए- म हरेक दिन ईश्वरसित तिमीले भनेजस्तै आफ्नो मुक्तिकै लागि प्रार्थना गर्छु। तर, उहाँले मेरो प्रार्थनै सुन्नुहुन्न। सायद, उहाँ मेरो माध्यमबाट मानिसलाई आज सद्दे, सम्पन्न र समर्थ छु भनेर घमन्ड नगर, भोलि कुनै पनि दिन या कुनै पनि समयमा तिमी पनि यस्तै अवस्थामा पुग्न सक्छौ भन्ने सन्देश दिन खोजिरहनुभएको छ। घमन्डका कारण म आफ्नै विगतका कर्मको फल आज भोगिरहेको छु। त्यसैले, सायद भगवान्ले मेरो माध्यमबाट सबैलाई पाठ पठाउन खोजिरहनुभएको छ कि जस्तो लाग्छ।

युवकले वृद्धलाई भने- बाबा, तपाईंले आज मलाई जीवनको असली शिक्षा दिनुभयो। तपाईंका यी वचनले मेरा आँखा खुले। यसलाई म जीवनभर कहिल्यै भुल्नेछैनँ।

टिप्पणी nayapatrikaofficial @naya_patrika

समयमै ध्यान पुऱ्याऔं

एक व्यक्ति विशेषलाई लक्षित गरेर विधेयक ल्याउनु सही वा गलत के हो, संविधानविद्हरूलाई नै थाहा होला। कुनै पनि विधेयक समग्रमा राष्ट्र, समुदाय र विभिन्न वर्गलाई लक्षित गरेर ल्याउने गरिन्छ। महिनौंको प्रहरी अनुसन्धान तथा जिल्ला, उच्च र सर्वोच्च अदालतको महिनौंको बहसपछि दोषी ठहरिएका रेशम चौधरीलाई आममाफी दिन यसरी विधेयक ल्याइनु कति कानुन र संविधानसम्मत छ, सरकारले नै जानोस्। यहाँनेर ठोकुवा गरेर भन्न सकिन्छ, यो विधेयक अनुमोदन भएमा भोलिपल्टै रेशम चौधरी त छुट्ने नै छन्। साथै, आगामी दिनमा आफताब आलमदेखि अरू पनि धेरैजना यही विधेयक र नजिरमा टेकेर छुट्नेछन्। त्यसैले, समयमै यसतर्फ ध्यान पुऱ्याऔं।

● मान लामा, ललितपुर
maanlama75@gmail.com

नेतृत्वलाई चेतावनी

नेपाली जनतालाई भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने धन्दामा लागेको गिरोहका सदस्यहरूको गिरफ्तारी राजनीतिक नेतृत्वलाई गम्भीर चेतावनी हो। उनीहरू आगामी दिनमा सच्चिएनन् भने यिनले पनि प्रहरी हिरासत हुँदै जेलसम्म पुग्नु नपर्ला भन्न सकिन्न। नेता हुँ, मलाई कसले छुन सक्छ र भन्ने दम्भ पालेर यसरी आफ्नै नागरिकलाई अनागरिक बनाएर विदेश पठाउने र तिनै सोझासीधा नागरिकबाट करोडौं उठाउने या अन्य कुनै पनि भ्रष्टाचारमा लिप्त हुने हो भने यिनको भविष्य दुःखदायी हुने निश्चित छ।

● गौरव नेपाली
स्युचाटार, काठमाडौं

एमाले नेताको सही आवाज

एमालेको केन्द्रीय कमिटी बैठकमा संघीयताको विकल्प खोज्न आवाज उठेको सुन्दा खुसी लाग्यो। देश संघीय व्यवस्थामा जाँदा देश र जनताका पक्षमा धेरै कुरा हुने हामी आमजनताको बुझाइ थियो। तर, आमबुझाइविपरीत हामीले अँगालेको संघीयता त दलहरूलाई नेता व्यवस्थापन गर्न सहज होस् भनेर ल्याइएको व्यवस्था पो रहेछ। यो संघीयता निकै खर्चिलो व्यवस्था भएकाले हाम्रो देश यसैका कारण टाट उल्टिने खतरा छ। त्यसैले, यस्तै खर्चिलो व्यवस्थालाई हटाउनु नै उपयुक्त हुन्छ।

● वन्दना महर्जन
कीर्तिपुर, काठमाडौं

राष्ट्रसंघमा संरचनागत परिवर्तनको खाँचो

राष्ट्रसंघका महासचिवले वास्तविकतालाई ध्यानमा राख्दै विशाल राष्ट्रसंघीय प्रणालीको पुनसंरचना गर्ने कठिन निर्णय गर्न आफ्ना उच्चस्तरीय विज्ञलाई आग्रह गर्नु बुद्धिमानी हुनेछ



देश / विदेश

● नितिन पाई

सुडानमा गृहयुद्ध भइरहेको छ। विदेशी सरकारले आफ्ना नागरिकको उद्धार गरेपछि पनि यो गृहयुद्ध चर्किरहनेछ। यो युद्ध उपेक्षित रहिरहनेछ किनभने हामीले अत्याचारलाई सामान्य मान्न थालिसकेका छौं। यो गृहयुद्ध पनि सिरिया, म्यान्मार, यमन र अन्य आधा दर्जन मुलुकमा जस्तै उपेक्षित द्वन्द्व हो। वास्तवमा केही मुलुक र गैरराज्यीय कर्ताले युद्ध अर्थतन्त्रबाट नाफा कुम्ल्याइरहेका छन्। यी मुलुक र कर्ता कालो धनको शुद्धीकरण, हतियारको व्यापार, ऊर्जा आपूर्ति र प्राकृतिक स्रोत दोहन गरेर नाफा कुम्ल्याउँछन्। कहिलेकाहीं द्वन्द्वरत मुलुकका छिमेकीले एकको पक्ष लिएर लाभ खोज्छन्। त्यसैगरी, युद्ध उन्मादी मुलुक कुनै एक शक्तिराष्ट्रको आशीर्वाद खोज्छन्। तर, यी द्वन्द्व बिरलै ठूला शक्तिराष्ट्रको चासोको विषय बन्ने गर्छन् किनभने ठूला राष्ट्रका आआफ्नै खेल छन्। बाहिरी हस्तक्षेपविना आगो निभ्दैन, आगो निभ्न आफू जलेर भस्म हुनुपर्छ। यति लेख्दै गर्दा राष्ट्रसंघ नामक एउटा संस्थाको सम्झना हुन्छ र यो सम्झना राष्ट्रसंघको मौनता अझै भन्ने हो भने असान्दर्भिकताले सम्भव भएको हो।

राष्ट्रसंघ सुरुदेखि नै असान्दर्भिक भने थिएन। ९० को दशकमा स्याटेलाइट टेलिभिजनको युग सुरु हुँदा राष्ट्रसंघ बिबिसी र सिएनएनका समाचार बुलेटिनमा छाइरहन्थ्यो। उसले पूर्वी युगोस्लाभिया, रुवान्डा र मध्यपूर्वका मामिलामा अन्तर्राष्ट्रिय कूटनीतिमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको थियो। जस्तोसुकै समस्या होस्, राष्ट्रसंघीय सुरक्षा परिषद्को मञ्चमा छलफल हुन्थ्यो। अहिलेका शक्तिशाली भनिएका मुलुक पनि त्यतिबेला न्युयोर्क र जेनेभा (राष्ट्रसंघका निकायका मुख्यालय भएका सहर) गुहार्थे। ९/११ को घटना र त्यसपछि अमेरिकाले गरेको इराक र अफगानिस्तानमाथिको अतिक्रमणलाई वैधानिक बनाउन उसले राष्ट्रसंघ गुहारेको थियो। उसो त अमेरिकाले अतिक्रमण गर्थ्यो नै, तर राष्ट्रसंघ सम्झिनुले राष्ट्रसंघको महत्त्व झल्काउँथ्यो। तर, त्यसपछिका दुई दशकमा पुटिनले क्रिमियामा कब्जा जमाएपछि र युक्रेनमा अतिक्रमण गर्दा राष्ट्रसंघको शक्तिमा ह्रास आएको देखिन्छ।

आफ्नो घट्दो सान्दर्भिकताबारे सचेत हुँदै राष्ट्रसंघ प्रणालीगत रूपमा आन्तरिक परिवर्तनको प्रयास गरिरहेको छ। जेनेभा सेन्टर फर सेक्युरिटी पोलिसीद्वारा प्रकाशित हालैको एक ब्रिफिङ पत्रमा रिचर्ड गोवानले राष्ट्रसंघका महासचिवको बहुपक्षीय उच्चस्तरीय सल्लाहकार बोर्डले कसरी विगत दुई वर्षदेखि परिवर्तनको एजेन्डा तय गरिरहेको छ भन्ने उल्लेख गरेका छन्। सेप्टेम्बरमा 'समिट फर द फ्युचर' (भविष्यका लागि सम्मेलन) अगावै जुनमा अर्को प्रतिवेदन आउने अपेक्षा गरिएको छ। यी पहलमा द्वन्द्व रोकथाम, शान्ति स्थापना, आणविक जोखिम न्यूनीकरण, हतियार नियन्त्रण, एआई एवं स्वायत्त हतियार प्रणाली, जलवायु परिवर्तन तथा लैंगिक समानतासम्बन्धी केही उपयोगी अवधारणा मौजुद छन्।

दुर्भाग्य ! विश्व नेताले उल्लिखित अवधारणालाई अनुमोदन गरे पनि राष्ट्रसंघ यी क्षेत्रमा असफल हुने सम्भावना धेरै छ। किनभने, यी अवधारणाले राष्ट्रसंघको घट्दो सान्दर्भिकताको मूल कारण रहेको राष्ट्रसंघको राजनीतिक संरचनाजनित समस्याको सम्बोधन गर्दैनन्। यो संरचनाले सन् १९४५ को औद्योगिक युगको शक्ति सन्तुलनलाई अहिले पनि ठूलो महत्त्व दिन्छ, जबकि पछिल्ला तीन दशकमा सन् १९४५ को शक्तिमा व्यापक रूपमा परिवर्तन मात्र नभई मानव सभ्यता आफैं सूचनाको युगमा प्रवेश गरेको छ। शक्ति, स्वार्थ, अख्तियार, जिम्मेवारी र जवाफदेहितामा तारतम्य देखिन्न र तारतम्य नमिलुन्जेल राष्ट्रसंघले आफ्नो बढ्दो असान्दर्भिकतालाई उल्ट्याउन सक्दैन।

तर गोवानले भनेझैं राष्ट्रसंघ आधारित धेरै कूटनीतिज्ञ



तस्बिरः ब्लुमबर्ग

सुरक्षा परिषद्मा सुधार असम्भव छ भन्ने निष्कर्षमा पुगिसकेका छन्। यो अस्वाभाविक पनि होइन। ठूला जटिल संगठनले आफ्नो अस्तित्व खतरामा पर्दा पनि आवश्यक साहसी पहलकदमीका लागि बिरलै इच्छा व्यक्त गर्छन्। यस्ता संगठन बरु कर्मचारीतन्त्र फैलाउँछन्, जटिलता बढाउँछन् र आफू चलायमान छु भन्ने देखाउन देखावटी कार्यक्रम गर्छन्। उनीहरू अरू प्रतिस्पर्धीले नपछारुन्जेल यस्तो गर्छन्। राष्ट्रसंघका महासचिवले वास्तविकतालाई ध्यानमा राख्दै विशाल राष्ट्रसंघीय प्रणालीको पुनर्संरचना गर्ने कठिन निर्णय गर्न आफ्ना उच्चस्तरीय विज्ञलाई आग्रह गर्नु बुद्धिमानी हुनेछ।

यो राष्ट्रसंघका लागि एक मौका हो। सुरक्षा परिषद्का पाँच स्थायी सदस्यले सन् २००० को दशकको अन्त्यमा यसको विस्तारलाई अस्वीकार गर्नेछन् भन्ने स्पष्ट भएदेखि भारतले विश्वव्यापी शासनका लागि वैकल्पिक मञ्च विकास गर्न लगानी गर्नुपर्छ। सन् २००८ को आर्थिक संकटपछि जी २० को स्थापनाले हामीलाई एउटा विकल्प दिएको थियो। अहिले यसको नेतृत्व भारतले लिने वेलासम्म हामीले जी २० मा खासै लगानी गरेनौं। अब नयाँ दिल्लीले जी २० लाई जीवन्त बनाउन कुनै कसर बाँकी राख्नुहुँदैन। यदि जी २० नयाँ विश्व मञ्च बन्छ भने राष्ट्रसंघको भविष्यबारे चिन्ता गर्नुपर्दैन।

राष्ट्रसंघका युनिसेफ, युएनएचसिआरजस्ता निकायले प्रशंसनीय काम गरेका छन्। र, राष्ट्रसंघको राजनीतिक अकर्मण्यताले यी निकायका काम जर्जर हुन सक्ने भएकाले यिनको सुदृढीकरण गर्नुपर्छ। सन् १९४५ अगाडिका बहुपक्षीय संस्थालाई राष्ट्रसंघको छातामा समेटेझैं यसका केही निकायलाई सम्भावित थप प्रभावकारी अन्तर्राष्ट्रिय निकायमा जोड्न सकिन्छ। यो विचारलाई उग्र-विद्रोही सोच भन्न सकिएला तर परम्परा भत्किँदा यो विचार आउनु अस्वाभाविक होइन।

सेप्टेम्बरको सम्मेलनमा विश्व नेताले राष्ट्रसंघका सन्दर्भमा प्रस्ट म्यान्डेट ल्याउने सम्भावना निकै कम छ। केही गरी ल्याए भने पनि शक्तिराष्ट्रले कुनै किसमको स्थिर सन्तुलन हासिल नगरे सुडानजस्ता मुलुकमा हुने द्वन्द्व रोकिनेछैन। राष्ट्रसंघमा यसो हुने सम्भावना देखिँदैन।

(पाई सार्वजनिक नीतिमा शोध-अनुसन्धान र अध्यापन गर्न बनाइएको द तक्षशिला इन्स्टिच्युसनका सह-संस्थापक एवं निर्देशक हुन्)
- लाइभमिन्टबाट

एससिओले विश्वव्यवस्था बदल्ला र ?

२४ वैशाखको नयाँ पत्रिकामा पामीर गौतमको 'चीनको उदय : अमेरिकाको आधिपत्यमाथि प्रश्न' शीर्षकको लेख पढें। विश्व व्यवस्थाको अवधारणा ब्रिटेनको उदयपछिको हो, किनभने यातायात र सञ्चारको उदयले संसार जोड्दै गएको थियो। कुनै पनि भारी उथलपुथलले मात्र व्यवस्था वा विश्वव्यवस्था बदलिन्छ।

औपनिवेशक उथलपुथलमा विश्वव्यवस्था ब्रिटेनकेन्द्रित थियो। इतिहास गवाह छ कि अंग्रेज कति क्रूर थिए। दोस्रो विश्वयुद्धले अमेरिकालाई विश्वको नेता बनाइदियो।। अमेरिका पनि ब्रिटेनभन्दा कम निस्केन। मानवाधिक

अँध्यारो वा उज्यालो मार्ग
थाइल्यान्डले के रोज्ने ?



पेथोंगतानं सिनावात्रा
(फेउ थाई पार्टीकी प्रमुख सिनावात्रा प्रधानमन्त्रीकी उम्मेदवार पनि हुन्)

सन् २०१४ को सैन्य 'कु'पछि थाइल्यान्ड मानव अधिकार उल्लंघन र शक्तिको दुरुपयोगको चपेटामा फसेको छ, जसले यो मुलुकको अन्तर्राष्ट्रिय प्रतिष्ठा र आर्थिक सम्भावनालाई नराम्ररी क्षति पुऱ्याएको छ। मार्ग परिवर्तनविना थाइल्यान्डको भविष्य अन्धकारमय प्रतीत हुन्छ।

प्रधानमन्त्री प्रयुथ चान-ओचा नेतृत्वको थाइल्यान्डमा अभिव्यक्ति स्वतन्त्रता व्यापक रूपमा प्रतिबन्धित छ। युवा राजनीतिक कार्यकर्तालाई प्रताडित गर्ने, जेलमा कोच्चेदेखि विदेशमा शरण लिन बाध्य पार्नेसम्मका काम भइरहेका छन्। रोहिंग्यालगायत जातीय अल्पसंख्यक एवं आप्रवासीले नियमित विभेदको सामना गर्नुपरेको छ भने उनीहरू दयनीय अवस्थामा बाँच्न विवश छन्।

यसबाहेक, थाइल्यान्डमा आय असमानता र पारिवारिक ऋणको स्तर एसियामै उच्च छ। वास्तवमा, कुनै समय उदाउँदो थाइल्यान्डको 'टाइगर इकोनोमी'को वृद्धिदर आसियानको न्यून बिन्दुमा खस्किएको छ। यदि मे १४ को निर्वाचनबाट प्रधानमन्त्री निर्वाचित भएँ भने म यो मार्ग परिवर्तन गर्नेछु। थाइल्यान्ड विधिको शासनको उदाहरण बन्नुपर्छ। भूराजनीतिक तनाव र महाशक्तिबीचको प्रतिद्वन्द्वितालाई यस क्षेत्रमा उथलपुथल मच्चाइरहेको समयमा हामीले अहस्तक्षेप र शान्तिको सिद्धान्तलाई अँगाल्नुपर्छ। साझा समृद्धि हासिल गर्न हामीले आत्मविश्वास र भरोसामा आधारित अनि भ्रष्टाचार र शंकारहित आसियानको निर्माणका लागि काम गर्नु छ।

थाइल्यान्डको भविष्यका लागि जरा समानुभूतिमा गढेको पुँजीवाद नै वर्तमान सरकारले सिर्जना गरेका असंख्य सामाजिक-आर्थिक समस्याका साथै विभाजनहरूलाई सम्बोधन गर्ने एक मात्र उपाय हो भन्ने फेउ थाई पार्टीको मूल दृष्टिकोण रहेको छ। थाई अर्थतन्त्रको पुनर्निर्माण गर्न, हामीले खुला र स्वच्छ प्रतिस्पर्धालाई प्रोत्साहित गर्नुपर्छ। अल्पतन्त्र, नाता र कृपावादको सट्टा बजार-सञ्चालित नवप्रवर्तनलाई बढावा दिनुपर्छ।

आयलाई अभिवृद्धि गर्ने र प्रभावकारी कल्याणकारी कार्यक्रम लागू गरेर, थाइल्यान्डले बढ्दो असमानताको सामना गर्न सक्छ। अधिल्लो अप्रिलमा मैले 'वन फ्यामिली वन सफ्ट पावर (एक परिवार एक नरमशक्ति)' योजनाको घोषणा गरेको थिएँ, जसको उद्देश्य थाई कामदारको सीप विकास गर्नु रहेको छ। हाम्रो लक्ष्य हाम्रा सबै नागरिकका निम्ति रोजगारी र आयका अवसर वृद्धि गर्ने र यसका लागि श्रमबलको क्षमताको लाभ उठाउने हो। फेउ थाईको सरकारमा हामी 'थाइल्यान्ड क्रिएटिभ कन्टेन्ट एजेन्सी (थाका)को स्थापना गर्नेछौं। यो सार्वजनिक तथा निजी क्षेत्रका सेवा प्रदायकलाई एक ठाउँमा ल्याउन, नियमनलाई व्यवस्थित गर्न र निजी क्षेत्रको प्रतिस्पर्धात्मकता बढाउन ऋण एवं कर प्रोत्साहन प्रदान गर्न डिजाइन गरिएको एकलद्वार निकाय हो। थाकाले उद्योग तथा कृषिमा अनुसन्धान र नवप्रवर्तनलाई पनि सहयोग गर्नेछ।

यसबाहेक, प्रभावकारी सरकारी सहयोगसहित थाई सामानहरूलाई विश्वव्यापी आपूर्ति शृंखलामा पुनः एकीकृत गरिनेछ। हाम्रो लक्ष्य विदेशी व्यवसाय, संगठन, उत्सव र कार्यक्रमलाई आकर्षित गर्न यो मुलुकको रणनीतिक अवस्थिति तथा आसियान सदस्यता (जसले यसलाई ६६ करोडभन्दा बढी मानिसको बजारमा पहुँच प्रदान गर्छ)को लाभ उठाउने र विश्व अर्थतन्त्रमा थाइल्यान्डको स्थानलाई पुनर्स्थापित गर्ने रहेको छ।

पूर्वप्रधानमन्त्री थाक्सिन सिनावात्राकी छोरीको नाताले मैले विश्वका धेरै नेतालाई भेट्ने र सफल कूटनीतिमा अन्तरदृष्टि हासिल गर्ने अनुपम अवसर पाएकी छु। प्रधानमन्त्रीको हैसियतले देशको विश्वसनीयतामाथिको विश्वास पुनर्स्थापित गर्नु मेरो जिम्मेवारी हुनेछ, जुन विगतका सरकारका गलत कार्यले ध्वस्त बनाएको छ। म एक विश्वसनीय वार्ताकारको रूपमा विश्वका नेता र लगानीकर्तासँग संलग्न हुन चाहन्छु अनि विधिको शासनलाई बहाल गर्ने र साँच्चै प्रतिस्पर्धी व्यावसायिक वातावरणलाई बढावा दिने सरकारको स्थापनाले आर्थिक वृद्धिलाई प्रोत्साहित गर्नेछ भन्ने मेरो विश्वास छ।

दिगो र समावेशी अर्थतन्त्रलाई बढावा दिएर नै हामी थाइल्यान्डलाई आवश्यक नयाँ लगानी आकर्षित गर्नेछौं। तर, आसियानको वित्तीय हब बन्ने हाम्रो लक्ष्य पूरा गर्न हामीले थाईहरूलाई आजको डिजिटल अर्थव्यवस्थाका चुनौतीको सामना गर्न आवश्यक पूर्वाधार र सीपले सुसज्जित गर्नुपर्छ।

यसका लागि हामीले १६ वर्षमाथिका प्रत्येक नागरिकलाई १० हजार भाट (२९७ अमेरिकी डलर) को डिजिटल वालेट उपलब्ध गराउने योजना घोषणा गरेका छौं। यसबाहेक, हामी ब्लकचेन टेक्नोलोजीलाई संघीय सरकारी प्रणालीमा एकीकृत गर्ने योजना बनाइरहेका छौं ताकि सार्वजनिक सेवाहरूमा पहुँच बढाउन सकियोस्। यसले नागरिकहरूको जीवनमा सुधार ल्याउनेछ र थाइल्यान्डलाई अन्तर्राष्ट्रिय लगानीकर्ताको लागि थप आकर्षक बनाउनेछ।

सन् २०१४ को 'कु'पछि पहिलेका धेरै मित्र देशहरूले थाइल्यान्डमाथि प्रतिबन्ध लगाउनुका साथै सहायता कटौती गरेका छन्। फेउ थाईले सरकार बनाउन पाए अमेरिका, क्यानडा, दक्षिण अमेरिका, अस्ट्रेलिया, न्युजिल्यान्ड, युरोपियन युनियन, जापान, दक्षिण कोरिया, चीन र बाँकी एसियासँग आफ्नो व्यापार साझेदारी विस्तार गर्न र देशको बिग्रिएको सम्बन्धलाई सुधार गर्न रातदिन काम गर्नेछ।

विशेषगरी, हामी पश्चिमा देशसँगको सम्बन्धलाई पुनर्जीवित गर्न चाहन्छौं। थाइल्यान्डको कुल गार्हस्थ उत्पादनमा १.६ प्रतिशतले वृद्धि गर्ने थाइल्यान्ड-इयू स्वतन्त्र व्यापार सम्झौतालाई अन्तिम रूप दिने कार्य हाम्रो उच्च प्राथमिकतामा पर्नेछ। यसले हाम्रा नागरिकलाई धेरै देशमा भिसामुक्त यात्रा गर्न सक्षम बनाउने छ र आर्थिक गतिविधि र अन्तर-सांस्कृतिक अन्तर्क्रियालाई सहजीकरण गर्नेछ।

फेउ थाई सरकार यस क्षेत्रका देश, विशेषगरी चीनसँगको सम्बन्ध सुदृढ गर्न पनि प्रतिबद्ध हुनेछ। छिमेकी लाओस हुँदै जाने उच्च गतिको रेलमार्फत चीनको बेल्ट एन्ड रोड इनिसिएटिभमा एकीकृत भएर हामीले तिनै देशबीच शान्ति, स्थिरता र समृद्धिलाई बढावा दिन सक्छौं। हामी आसियानमा नेतृत्वदायी भूमिका निर्वाह गर्न चाहन्छौं र म्यान्मार, लाओस, कम्बोडिया र मलेसियाजस्ता छिमेकी मुलुकसँग हाम्रो आर्थिक सम्बन्ध बढाउन चाहन्छौं। यी सम्बन्धलाई मजबुत बनाउन र व्यापार बढाउन फेउ थाईअन्तर्गतको थाइल्यान्डले सीमापार परियोजना अघि बढाउने, भन्सार प्रक्रियालाई मानवीकृत गर्ने, नियमनलाई व्यवस्थित गर्ने र विशेष आर्थिक क्षेत्र निर्माण गर्नेछ। यस सन्दर्भमा कम्बोडियासँगको संयुक्त विकास सम्झौतालाई अन्तिम रूप दिनाले ऊर्जा सुरक्षा र क्षेत्रीय सहयोगमा महत्त्वपूर्ण भूमिका खेल्न सक्छ।

थाइल्यान्डले मानव अधिकारको रक्षा र अन्तर्राष्ट्रिय कानुनको परिपालनाविना आफ्नो विश्वव्यापी हैसियत पुनः प्राप्त गर्न र क्षेत्रीय नेताको रूपमा आफूलाई स्थापित गर्न सक्दैन। फेउ थाई देशभित्र र बाहिरका रोहिंग्याजस्ता जातीय अल्पसंख्यकलगायत सबै मानिसको अधिकार सुनिश्चित गर्न प्रतिबद्ध छ। यसैगरी, सन् २०१४ को 'कु'पछि वातावरणीय मुद्दालाई पनि बेवास्ता गरिएको छ। तर, कार्बन मूल्य निर्धारण, नवीकरणीय ऊर्जा, दिगो कृषि र विद्युतीय सवारी साधनहरूको अंगीकार आदि पनि थाइल्यान्डको आर्थिक एजेन्डाको शीर्ष सूचीमा हुनुपर्छ। म निर्वाचित भएमा थाइल्यान्डले सन् २०२१ मा हस्ताक्षर गरेको कोप-२६ सम्झौतालाई कायम राख्न र दिगो अर्थतन्त्र निर्माण गर्न प्रतिबद्ध छु। र, थाइल्यान्डका छिमेकीलाई दिगो कृषि अनुशरणमा प्रोत्साहित गर्न, हामी इयू र अमेरिकाले लगाइरहेकोजस्ता महसुलका छेकबार लागू गर्नेतर्फ विचार गर्नेछौं।

सन् २०१४ यता राजनीतिक भ्रष्टाचार र नातावाद, कृपावाद, आर्थिक अक्षमता र वातावरणीय ह्रासले थाइल्यान्डको विकासमा बाधा पुऱ्याइरहेको छ। विगत चार दशकमा हाम्रा मिहिनेती नागरिकले हासिल गरेको प्रगतिलाई मेटाएको छ। आर्थिक वृद्धिलाई बढावा दिएर, विधिको शासनलाई पुनर्स्थापित गरेर र लोकतान्त्रिक वैधतालाई पुनः हासिल गरेर मात्र सरकारले नागरिकको विश्वास पुनः आर्जन गर्न र देशलाई विश्व मञ्चमा सही स्थानमा पुऱ्याउन सक्छ। म त्यही गर्ने प्रण गर्छु।

-प्रोजेक्ट सिन्डिकेटबाट



थाइल्यान्डमा सन् २०१४ को सैन्य 'कु'यता भ्रष्टाचार, अक्षमता र कृपावाद व्याप्त छ, जसले विगत चार दशकको प्रगतिलाई नामियामेट बनाउनुका साथै आर्थिक वृद्धिलाई अवरुद्ध पारेको छ। थाइल्यान्डले आफ्नो हैसियत पुनः फर्काउन र पश्चिमासँगको सम्बन्ध सुधार्न आर्थिक सुधारलाई अँगाल्नु र विधिको शासनलाई पुनर्स्थापित गर्नैपर्छ।



पन्द्र(१५) दिने धितो लिलामी सूचना

(दोश्रो पटक प्रकाशित मिति २०८०/१/३१)

मिति २०७९/१२/१६ मा प्रथम पटक प्रकाशित ३५(पैंतिस)दिने धितो लिलामी डाकबढाबढको सूचना अनुसार मिति २०८०/०१/२१ मा भएको धितो लिलामी डाकबढाबढ प्रकृयामा १(एक)जना मात्रको निवेदन परेको हुनाले पूनःदोश्रो पटक १५(पन्द्र)दिने धितो लिलामी डाकबढाबढको सूचना प्रकाशित गरिएको छ। उक्त म्याद भित्र पनि कर्जा चुक्ता नगरेमा सहकारी ऐन २०७४ तथा प्रच्चलित नेपाल कानून बमोजिम सँस्था आफैले धितो लिलामी डाकबढाबढ बिक्री गर्ने भएकोले उक्त लिलाममा डाक बढाबढ गरिलिन चाहने ईच्छुक महानुभावहरूले यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन(उक्त दिन बिदा परेमा सो को भोलिपल्ट)बिहान ११ बजे यस सँस्थाको कार्यालयमा उपस्थित भई आफूले सकार गर्न चाहेको मूल्यमा बोलकबोल गर्नहुन यसै सूचनाद्वारा आह्वान गरिन्छ।

लिलाम बढाबढमा सबैभन्दा बढि कबोल गर्ने व्यक्तिले कबोल रकमको १०%(दस)प्रतिशत रकम नगदै धरौटी स्वरुप तुरुन्तै सँस्थामा जम्मा गर्नुपर्नेछ। कबोल रकम मै सँस्थाले दिने निर्णय गरेको सूचना सँस्थाले दिएको अवधि भित्र बाँकी कबोल रकम जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी रकम जफत हुनेछ। तपसिलमा उल्लेखित सुरक्षणको बारेमा आवश्यक जानकारी चाहिएमा कार्यालय समय भित्र सम्पर्क राखि लिन सकिनेछ।

तपसिल

ऋणीको विवरण	ऋणीको फोटो	ऋणीको विवरण	ऋणीको फोटो
नाम : **विष्णु प्र.कोईराला** बाबुको नाम : स्वस्ति प्र.कोईराला बाजेको नाम : बद्रि प्र.कोईराला ठेगाना : मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं.७, न्युरेनी हाल : काठमाडौं जिल्ला कामपा वडा नं.३१, ना.प्र.नं.१-१७९५ जारी मिति : २०४७/०५/१२ जारी जिल्ला : मकवानपुर		नाम : **दिनेश कुमार सुनुवार** बुबाको नाम : यम ब.सुनुवार बाजेको नाम : चन्द्र ब.सुनुवार ठेगाना : ओखलढुङा जिल्ला कटुञ्जे गाविस वडा नं.४ हाल : काठमाडौं जिल्ला बुनपा वडा नं.८, गोल्फुटार ना.प्र.नं.७०६ जारी मिति : २०५०/०९/०९ जारी जिल्ला : ओखलढुङ्गा	

धितो सुरक्षणको विवरण:

१) विष्णु प्र.कोईराला र दिनेश कुमार सुनुवारको सँयुक्त नाममा रहेको काठमाडौं जिल्ला साविक ईन्द्रायणी गाविस वडा नं.१ हाल शँखरापुर न.पा.९मा रहेको कि.नं.६२९ को क्षे.फ.०-८-२-० र कि.नं.६३० को क्षे.फ.०-८-२-० को जग्गा।

२) विष्णु प्र.कोईराला र दिनेश कुमार सुनुवारको सँयुक्त नाममा रहेको भक्तपुर जिल्ला साविक गुण्डु गाविस वडा नं.३ हाल सूर्यविनायक न.पा.७ मा रहेको कि.नं.६९ को क्षे.फ.३-६-०-० र कि.नं.११३ को क्षे.फ.७-११-०-० को जग्गा।

श्रीयन्त्र बचत तथा ऋण सहकारी संस्था लि.

पिंगलास्थान, गौशाला, काठमाडौं, फोन नं. : ०१-४४८३२४५

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२२/२२५)
फ्याक्स: +९७७-०१-४२६७६७५

NIC ASIA
एन आई सी एशिया बैंक लि.

धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नुभएको ऋण कर्जा बैंकसँगको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगर्नु भएकाले विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना तथा विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्रि बोलपत्र आव्हान सम्बन्धी १५ (पन्द्र) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा ब्याज चुक्ता भुक्तान गर्न तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नर्तिनु नबुझाउनु भएको हुँदा ऋणीले बैंकसँग गरेको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋणकर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नको लागि यो ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको उक्त सम्पतिहरु गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको ७ (सात) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल वमोजिमको चल अचल सम्पति लिलाम विक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्णलिना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	धितोको विवरण
१)	**नेपाल** सरकार, उद्योग मन्त्रालय, वाणिज्य विभाग दर्ता नं. ४९४१/०७५/०७६, स्थानिय व्यापार, अन्तर्गत मिति २०७५/०४/१६ प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम दर्ता भएको तनहुँ जिल्ला, भानु न.पा. वडा नं. १ स्थित **सुरज मोटरसाइकल पाटर्स** **प्रोप्राईटर तथा जमानीकर्ता: संगीता देवी** स्थायी ठेगाना : बारा जिल्ला, भलुही भरवलिया गा.वि.स. वडा नं. ७ हालको ठेगाना: तनहुँ जिल्ला, भानु न.पा. वडा नं. १ बाबु: प्रहलाद प्रसाद दास ससुरा : जमुना दास तत्मा पति : मोहन दास तत्मा	१) जुली दास तत्माको नाती, जलेश्वर दास तत्माको छोरा, बारा जिल्ला, भलुही भरवलिया गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भइ हाल तनहुँ जिल्ला, भानु न.पा. वडा नं. १ बस्ने जमुना दास तत्माको नाममा मालपोत कार्यालय कलैया, बाराको लगतमा दर्ता कायम रहेका बारा जिल्ला, भलुही भर्वलिया गा.वि.स. वडा नं. ७ स्थित कित्ता नं. ९५६ र ९६० को क्षेत्रफल क्रमशः ०-०-१८-१२ र ०-१-१७$^{१/२}$ (विगाह) को जग्गा तथा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) सुरज मोटरसाइकल पाटर्स को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
	जमानीकर्ताहरुको विवरण	
	१) मोहन दास तत्मा स्थायी ठेगाना : बारा जिल्ला, भलुही भरवलिया गा.वि.स. वडा नं. ७ हालको ठेगाना: तनहुँ जिल्ला, भानु न.पा. वडा नं. १ बाबु: जमुना दास तत्मा बाजे: जलेश्वर दास तत्मा	**२) जमुना दास तत्मा** स्थायी ठेगाना : बारा जिल्ला, भलुही भर वलिया गा.वि.स. वडा नं. ७ हालको ठेगाना: तनहुँ जिल्ला, भानु न.पा. वडा नं. १ बाबु : जलेश्वर दास तत्मा बाजे : जुली दास तत्मा	**३) प्रमोद दास** स्थायी ठेगाना : बारा जिल्ला, भलुही भरवलिया गा.वि.स. वडा नं. ७ हालको ठेगाना: बारा जिल्ला, फेटा गा.पा. वडा नं. १ बाबु: जमुना दास तत्मा बाजे: जलेश्वर दास तत्मा
	ऋणीको विवरण	**जमानीकर्ताको विवरण**
२)	नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण कार्यालय नेपालगंज, बाँके मा प्रा.फ.र.नं. २९३४२/०७५/०७६ स्थानीय व्यापार अन्तर्गत मिति २०७५/०८/२८ मा प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम दर्ता भएको बाँके जिल्ला, नेपालगंज उ.म.न.पा. वडा नं. १० स्थित **घर निर्माण हार्डवेयर्स** **प्रोप्राइटर तथा जमानीकर्ता: रेखा खड्का** स्थायी ठेगाना : बाँके जिल्ला, कम्दी गा.वि.स. वडा नं. ६ हालको ठेगाना : बाँके जिल्ला, नेपालगंज उ.म.न.पा. वडा नं. १० बाबु : नरेराम खड्का ससुरा : शिव प्रसाद शर्मा पति : विशाल शर्मा	**विशाल शर्मा** स्थायी ठेगाना : बाँके जिल्ला, नेपालगंज उ.म.न.पा. वडा नं. १० हालको ठेगाना : बाँके जिल्ला, नेपालगंज उ.म.न.पा. वडा नं. १४ बाबु : शिव प्रसाद शर्मा बाजे : राम शेवक शर्मा
	धितोको विवरण	
	१) नरेराम खड्काकी छोरी, शिव प्रसाद शर्माकी बुहारी, विशाल शर्माकी पत्नी, बाँके जिल्ला, कम्दी गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल बाँके जिल्ला, नेपालगंज उ.म.न.पा. वडा नं. १० बस्ने रेखा खड्काको नाममा मालपोत कार्यालय नेपालगंज, बाँकेको लगतमा दर्ता कायम रहेको बाँके जिल्ला, टिटिहिरीया गा.वि.स. वडा नं. २ (हाल बैजनाथ गा.पा. वडा नं. ८) स्थित कित्ता नं. २९८ को क्षेत्रफल ९०२८.४८ (व.मी) को घर/जग्गा र सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) घर निर्माण हार्डवेयर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।	
	ऋणीको विवरण	
३)	१) नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्टारको कार्यालय त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. २८८९४२/०७८/०७९ अन्तर्गत मिति २०७८/१२/२८ मा कम्पनी ऐन, २०६३ बमोजिम दर्ता भएको बाँके जिल्ला, कोहलपुर न.पा. वडा नं. ९ स्थित **बाग्रेश्वरी हार्डवेयर प्रा.लि.** **अध्यक्ष तथा जमानीकर्ता: केशव जैसी**	**२) केशव जैसी** स्थायी ठेगाना: सुर्खेत जिल्ला, लाटिकोईली गा.वि.स. वडा नं. ८ हालको ठेगाना: सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं. ९ बाबु: दत्तलाल जैसी बाजे: अनन्त लाल जैसी
	धितोको विवरण	
	१) जय बहादुर खत्रीकी छोरी, दत्तलाल जैसीकी बुहारी, केशव जैसीकी पत्नी, सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं. ९ बस्ने माया कुमारी दाहाल को नाममा मालपोत कार्यालय बाकैंको लगतमा दर्ता कायम रहेको बाकैं जिल्ला, सितापुर गा.वि.स. वडा नं. ३ (हाल खजुरा गा.पा. वडा नं. २) स्थित कित्ता नं. १०९ को क्षेत्रफल ५०७९.४५ (ब.मी.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) बाग्रेश्वरी हार्डवेयर प्रा.लि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।	
	जमानीकर्ताहरुको विवरण	
	१) केशव जैसी स्थायी ठेगाना: सुर्खेत जिल्ला, लाटिकोईली गा.वि.स. वडा नं. ८ हालको ठेगाना : सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं. ९ बाबु : दत्तलाल जैसी बाजे : अनन्त लाल जैसी	२) माया कुमारी दाहाल स्थायी ठेगाना : सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं. ५ हालको ठेगाना : सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं. ९ बाबु : जय बहादुर खत्री ससुरा : दत्तलाल जैसी पति : केशव जैसी	३) सिता कुमारी क्षेत्री स्थायी ठेगाना: सुर्खेत जिल्ला, उत्तरगंगा गा.वि.स. वडा नं. ६ हालको ठेगाना: सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं. ९ बाबु : चन्द्र बहादुर क्षेत्री ससुरा : अनन्त लाल जैसी पति : दत्तलाल जैसी
	ऋणीको विवरण	**जमानीकर्ताको विवरण**
	३) देव कुमारी पुरी ठेगाना : सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं. १ बाबु : चन्द्र बहादुर थापा पति : तिलक देव गिरी	सिता कुमारी क्षेत्री स्थायी ठेगाना : सुर्खेत जिल्ला, उत्तरगंगा गा.वि.स. वडा नं. ६ हालको ठेगाना : सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं. ९ बाबु : चन्द्र बहादुर क्षेत्री ससुरा : अनन्त लाल जैसी पति : दत्तलाल जैसी
	ऋणीको विवरण	**धितोको विवरण**
४)	१) नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य आपुर्ति तथा उपभोक्ता हित संरक्षण विभाग, वाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, भैरहवा, रुपन्देहीमा प्रा.फ.र.नं. ४८४१८/०७७ अन्तर्गत मिति २०७७/०६/२८ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ८ स्थित **उर्मिजा इन्टरप्राइजेज** **प्रोप्राईटर तथा जमानीकर्ता : रेनुका श्रेष्ठ** स्थायी ठेगाना : गुल्मी जिल्ला, तम्घास गा.वि.स. वडा नं. ५ हालको ठेगाना : रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ८ बाबु : कृष्णमान श्रेष्ठ ससुरा: झकविलाल श्रेष्ठ पति : सुरज कुमार श्रेष्ठ	१) कमान सिं श्रेष्ठको नाती, झकविलाल श्रेष्ठको छोरा, गुल्मी जिल्ला, रेसुङगा न.पा. वडा नं. ९ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ८ बस्ने सुरज कुमार श्रेष्ठको नाममा मालपोत कार्यालय तम्घास, गुल्मीको लगतमा दर्ता कायम रहेको गुल्मी जिल्ला, तम्घास गा.वि.स. वडा नं. ५ (हाल रेसुङगा न.पा. वडा नं. ८) स्थित कित्ता नं. १३९ को क्षेत्रफल ८०८.८२ (व.मी.) (१-९-१-३ रोपनी) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) कमान सिं श्रेष्ठकी बुहारी, झकविलाल श्रेष्ठ भन्ने चोपलाल थापाकी की पत्नी, गुल्मी जिल्ला, रेसुङगा न.पा. वडा नं. ९ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ८ बस्ने आशा श्रेष्ठ थापाको नाममा मालपोत कार्यालय तँम्घास, गुल्मीको लगतमा दर्ता कायम रहेको गुल्मी जिल्ला, तम्घास गा.वि.स. वडा नं. ५ (हाल रेसुङगा न.पा. वडा नं. ८) स्थित कित्ता नं. ५४१ को क्षेत्रफल १५५.०१ (०-४-३-२ रोपनी) (व.मी.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । ३) कृष्णमान श्रेष्ठकी छोरी, झकविलाल श्रेष्ठकी बुहारी, सुरज कुमार श्रेष्ठकी पत्नी, गुल्मी जिल्ला, तम्घास गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ८ बस्ने रेनुका श्रेष्ठको नाममा मालपोत कार्यालय बुटवल, रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, आनन्दवन गा.वि.स. वडा नं. १/क (हाल तिलोत्तमा न.पा. वडा नं. ६) स्थित कित्ता नं. ४६६६ को क्षेत्रफल १२६.९९ (व.मी.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । ४) उर्मिजा इन्टरप्राइजेजको स्वामित्वमा रहेको मालसामान तथा आयप्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
	जमानीकर्ताहरुको विवरण	
	१) सुरज कुमार श्रेष्ठ स्थायी ठेगाना : गुल्मी जिल्ला, रेसुङगा न.पा. वडा नं. ९ हालको ठेगाना : रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ८ बाबु : झकविलाल श्रेष्ठ बाजे : कमान सिं श्रेष्ठ	**२) आशा श्रेष्ठ थापा** स्थायी ठेगाना : गुल्मी जिल्ला, रेसुङगा न.पा. वडा नं. ९ हालको ठेगाना : रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ८ ससुरा : कमान सिं श्रेष्ठ पति : झकविलाल श्रेष्ठ भन्ने चोपलाल थापा

नोट: ऋणी तथा जमानतकर्ता बाहेक सूचनामा उल्लेखित अन्य

नयाँ पत्रिका
आइतबार ३१ वैशाख ०८०

रुग्ण उद्योग सरकार एक्लैले चलाउन सक्दैन

बजारमा निजी क्षेत्र आक्रान्त बनिरहेको र उद्योगधन्दाले मन्दीको मार खेपिरहँदा **रमेश रिजाल**ले उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय सम्हालेको करिब एक महिना पुग्यो । सीमित स्रोत र उच्च महत्त्वाकांक्षाबीचको सन्तुलन मिलाउन सकस परिरहेको समयमा उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले प्रस्ताव गर्ने कार्यक्रममा अहिलेको समस्याले निकास पाउने अपेक्षामा उद्योगी-व्यवसायी छन् । मन्त्रिमण्डलका अरू मन्त्रीसरह आगामी आर्थिक वर्षको बजेटको चटारोमा व्यस्त रिजालसँग उनको भावी कार्ययोजनासहित मुलुकको वर्तमान अर्थतन्त्र र सरकारले लिनुपर्ने नीतिगत पहलकदमीका विषयमा नयाँ पत्रिकाकर्मी **अजित अधिकारी** र **पवन तिमिल्सिना**ले गरेको कुराकानी :



अर्थ-वार्ता

● **रमेश रिजाल,** मन्त्री, उद्योग वाणिज्य तथा आपूर्ति

सरकार आगामी आर्थिक वर्ष ०८०/८१ को बजेट निर्माणमा छ । बजेटमार्फत हामीले थुप्रैपटक आत्मनिर्भर अर्थतन्त्र बनाउने भनिरहेका छौं । तर, लक्ष्यप्राप्ति हुन सकिरहेको छैन । यसपटकको बजेटले आत्मनिर्भर अर्थतन्त्रका विषयमा कत्तिको आशा जगाउला ?

मुख्य विषय के भने, हामी (राजनीतिक दल) बाटै समस्या उत्पन्न भएको हो । हामीले आफ्नो भिजनअनुसार निर्वाह गर्नुपर्ने दायित्वअनुरूप काम नगरेको हो जस्तो लाग्छ । होइन भने हाम्रो जस्तो सुन्दर मुलुकलाई समृद्धितर्फ लैजान त्यति अप्ठ्यारो छ जस्तो मलाई लाग्दैन । अब यसमा क्रमागत सुधार हुँदै जान्छ जस्तो लाग्छ । यो आजको मात्रै विकृति होइन, राजाको पालादेखिको विकृति हो । कर्मचारीतन्त्र राजतन्त्रदेखिकै छन् । उनीहरूले परम्परागत रूपमा नै राजनीतिक दललाई मार्गनिर्देशित गर्न थाले । त्यो मार्गदर्शनअनुसार लक्ष्यप्राप्ति गर्न कठिन नै हुन्छ । यसपालि हामी सुधार गर्ने पक्षमा छौं । मन्त्रिपरिषद्मा यही विषयमा छलफल भइरहेको छ । प्रधानमन्त्री पनि अहिलेको गतिमा सन्तुष्ट हुनुहुन्न । त्यसैले अब हामी गति बढाउँछौं । लक्ष्यप्राप्ति गर्न यो सरकार अघि बढ्छ भन्ने कुरामा विश्वास दिलाउन चाहन्छु ।

पछिल्लो डेढ वर्षको पीडा भुलाउन सक्ने गरी आगामी आवको बजेटले आफ्नो गोदाममा उज्यालो प्रकाश छर्ने निजी क्षेत्रको अपेक्षा छ । यो अपेक्षा कतिसम्म पूरा होला ?

उहाँहरूको आशा पूरा गर्न सरकार तत्पर छ । उहाँहरूले आस गरेअनुसार सुविधा तथा राहत पाउनुहोस् भन्ने हाम्रो पनि अपेक्षा छ । तदनुरूप बजेट निर्माण भइरहेको छ ।

कोभिडपछाडि उद्योग व्यवसाय खस्किएका छन् । उच्च ब्याजदरले साना तथा मझौला उद्योगी थप समस्यामा छन् । यस्तो समयमा सरकारका तर्फबाट उद्योगी व्यवसायीको अभिभावकत्व लिनुपर्ने यो मन्त्रालयले समस्या समाधानका लागि पहल कसरी गरिरहेको छ ?

कोभिडभन्दा अघि हाम्रो अर्थतन्त्रलाई भूकम्पले थिलथिलो पारेको थियो । त्यसपछि कोभिड आयो । कोभिडले सारा उद्योगधन्दा बन्द हुने अवस्थामा पुगेका थिए । त्यसपछि रुस-युक्रेन युद्ध पनि आयो, जसले गर्दा निजी क्षेत्र आक्रान्त छन् । तर, यसलाई हामी व्यवस्थापन गर्दै छौं । उद्योगी-व्यवसायीसँग सरसल्लाह पनि गर्दै छौं । कुन हिसाबले अघि बढ्ने भनेर निरन्तर छलफलमा छौं । देशमा उद्योगधन्दा चल्न सकेन भने मुलुक समृद्धितिर अघि जान सक्दैन, यो हामीलाई थाहा छ । समृद्धितिर लैजाने अनेक उपायमध्ये उद्योगपतिहरूलाई कसरी सहयोग गर्ने र उहाँहरूको उद्योगधन्दा चलाउने भन्नेतर्फ ध्यान दिँदै छौं ।

देश आर्थिक मन्दीतर्फ उन्मुख भइरहेको समयमा अर्थतन्त्रलाई चलायमान गराउने प्रमुख दायित्व सरकारको हो । खासगरी, निजी क्षेत्रका समस्या समाधान र सहजीकरण गरेर अर्थतन्त्र चलायमान बनाउन यो मन्त्रालयको पहल आवश्यक हुन्छ । यो पहल कसरी भइरहेको छ ?

मुख्यतः अर्थतन्त्रलाई चलायमान बनाउन उद्योगपतिहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । सरकारका तर्फबाट पनि मन्त्रालयपिच्छे बजेट विनियोजन हुन्छ, खर्च गर्नुपर्छ । असारमा गएर लाखरलुखर पारेर खर्च गर्ने प्रवृत्ति बढेको छ, त्यो कतिसम्म फलदायी छ, आफैंमा प्रश्नचिह्न बनेको छ । नयाँ बजेट आउँदै छ । भदौदेखि नै खर्च गर्ने सिलसिला बढाउँदै लैजानुपर्छ । विनियोजित रकम खर्च गर्ने र उद्योगपतिको विश्वास बढाउनेमा सरकार केन्द्रित छ । अहिले बैंकहरूको ब्याजदर घटाउनेतर्फ पनि ध्यान दिइरहेका छौं । त्यो घटाउँदा पनि उद्योगपतिहरूले राहत पाउन सक्छन् । ब्याजदर घट्यो भने उद्योगधन्दा डुब्नबाट जोगिन्छ । यही हिसाबले अर्थव्यवस्थालाई चलायमान बनाउने हो । यसमा सरकार लागिपरेको छ ।

निजी क्षेत्रको आत्मबल बढाउने गरी के-कस्ता काम भइरहेका छन् ?

मैले अघि पनि भनैं, म निरन्तर उद्योगपतिहरूसँग सम्पर्कमा छु । सरोकारवालालाई ठाउँठाउँमा गएर भेट्ने कार्यक्रम छ । दुई-तीन दिनपछि विराटनगर, वीरगन्जजस्ता औद्योगिक क्षेत्र भ्रमण गर्दै छु । विभिन्न संघ, महासंघसँग छलफल गर्दै छु । हामी कर्मचारीतन्त्रको पक्षबाट मारमा छौं भन्ने उहाँहरूको गुनासो छ । मुख्य विषय भनेको बैंकको ब्याजदर हो । उद्योगधन्दा सञ्चालन गर्दा वन र भूमिसुधार हेर्ने निकायबाट समेत अवरोध भइरहेको उहाँहरूको गुनासो छ । यसले गर्दा उहाँहरू मारमा पर्नुभएको छ । दुई-तीनवटा यस्ता अवरोध फुकाइदिने हो भने अहिलेको समस्या समाधान हुन्छ । सरकारले आफ्नो तर्फबाट दिने प्रोत्साहन वा अनुदान नपाउँदासमेत उहाँहरू समस्यामा पर्नुभएको हो ।

सरकारपिच्छे जीर्ण वा हाल सञ्चालनमा रहेका संस्थानलाई सबल रूपमा सञ्चालन गर्ने कुरा चल्छन्, तर उद्योग चल्दैनन् । तपाईंले पनि वीरगन्ज चिनी कारखाना चलाउन पहल गर्ने भनेर घोषणा गरिसक्नुभएको छ । यो सरकारका पालामा सार्वजनिक संस्थान सुदृढीकरणका के-कस्ता योजना छन् ?

मैले वीरगन्ज चिनी कारखाना चलाउँछु भनेर ठ्याक्कै भनिहालेको होइन । तर, कुन मोडेलमा चलाउने, कसरी चलाउने भनेर तयारी भइरहेको विषय उल्लेख गरेको हो । वीरगन्ज चिनी कारखानासहित समग्र संस्थानको अध्ययन गर्न केही रकम पनि छुट्याइएको छ । चिनी उद्योग मात्र होइन, अरू धेरै उद्योगसमेत रुग्ण छन् । मेरो विश्वास के छ भने पब्लिक प्राइभेट पार्टनरसिपमा चलाउँदा उपयुक्त हुन्छ । सरकारले मात्रै उद्योग चलाउन सक्दैन । तर, दुईवटा क्षेत्रबाट आ-आफ्नो दायित्व पूरा गर्दा घाटामा पनि नजाला भन्ने हो । तर, अब ठ्याक्कै अहिले म भन्न सक्दिनँ । अध्ययनले उपयुक्त मोडेल सिफारिस गर्छ भन्ने अपेक्षा छ । तर, मेरो व्यक्तिगत बुझाइअनुसार पिपिपी मोडेल उपयुक्त हो ।

सार्वजनिक संस्थानको अध्ययन मात्रै हुने, तर सञ्चालनमा नआउने विषयचाहिँ राजनीतिक अस्थिरताले निम्त्याएको हो । नयाँ मन्त्री आउने र अध्ययन गर्ने काम हुने गरेको छ । तर, अब यो गठबन्धनको सरकार पाँच वर्ष चल्ने उद्देश्यले आएको छ, चल्छ पनि । त्यसैले अब अध्ययन गरौं र त्यसका लागि मैले पैसा पनि छुट्याएको छु । पुरानो अध्ययन प्रतिवेदनलाई पनि कसरी समेट्न सकिन्छ, त्यतातिर ध्यान दिनु आवश्यक छ ।

विगतमा उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले उद्योगी र उपभोक्ताको समस्या समाधान गर्न आफैं सक्षम हुन्थ्यो, तर अहिले अर्थ मन्त्रालयको सहारा लिनुपर्ने ठाउँमा पुगेको छ । विगतको साख फर्किने गरी काम गर्न केही कार्ययोजना बनाउनुभएको छ कि ?

तपाईंले सही भन्नुभयो । लगानी बोर्ड पहिला उद्योग मन्त्रालयमातहत नै थियो । मैले अहिले थाहा पाएँ कि त्यो अर्थ मन्त्रालयमातहत गएको छ । लगानी भित्र्याउने काम त उद्योगले गर्न सक्थ्यो । के कति कारणले उता (अर्थ मन्त्रालय) लगियो, त्यो थाहा भएन । मुलुकको समग्र अर्थतन्त्रबारे सम्पूर्ण काम गर्न अर्थमन्त्रीबाट मात्रै सम्भव हुँदैन । यसलाई बिस्तारै सुधार गरेर लैजानुपर्छ ।

यो मन्त्रालयको प्रमुख क्षेत्रमध्येको वाणिज्य व्यापार पनि हो । व्यापार घाटा न्यूनीकरण र निर्यात प्रवर्द्धन गर्ने योजना के छन् ?

व्यापार घाटाको ठूलो अन्तर देखिएको छ । यसलाई पूरा गर्न स-साना उद्योग प्रवर्द्धन गर्नुपर्‍यो । निर्यात गर्ने उद्योगलाई प्रोत्साहन दिएर अघि बढाउनुपर्‍यो । अहिलेको निर्यात खानेतेलमा बढी देखिएको छ । मेरो अध्ययनले स-साना तथा लघु उद्योगका उत्पादन बाहिर गएका छन् ।

लघु उद्योगीहरूको आफ्नै पहलमा उत्पादन जर्मनी, बेलायत गइरहेको हामीले देखिरहेका छौं । ती उद्योगलाई पनि टेवा दिँदै जानुपर्छ । स्वदेशी उद्योगलाई बढीभन्दा बढी प्रवर्द्धन गर्नुपर्छ । नेपालमा बनाएको सामान सरकारी निकायले खरिद गर्ने र निजी क्षेत्रमा पनि स्वदेशी सामान खरिद गर्नका लागि बाध्यकारी कानुन ल्याइदिनुपर्छ । कतिसम्म भने गुन्द्रुक आयात हुन्छ, बाँसको तामासमेत आयात हुने गरेको छ । यसलाई न्यूनीकरण गर्नैपर्छ ।

व्यापार घाटा न्यूनीकरणका लागि सरकारले एक दशकदेखि निर्यात प्रवर्द्धन गर्ने उद्देश्यले नगद प्रोत्साहन दिने नीति लिँदै आइरहेको छ । यसको प्रभावकारिता कस्तो पाउनुभएको छ ?

यो नीति ठीक छ, तर वितरण गर्ने प्रणालीमा समस्या देखिएको छ । हामीले निर्यात गर्दा प्रोत्साहन दिने भनेको हो । निर्यात गर्नका लागि प्रोत्साहनसमेत सम्बन्धित मन्त्रालयबाटै दिनुपर्ने हो । तर, त्यो नदिएर अर्थ मन्त्रालय, बैंकहरूमा धाउनुपर्ने बाध्यता छ । यसमा वर्षौं लगाइदिन्छन् रे । यो मन्त्रालयलाई त्यो अधिकार दिने हो भने उद्योगीले पनि पाए जस्तो महसुस गर्थे होलान् । यो पनि प्रबन्ध मिलाउँछौं ।

कालोबजारी, कृत्रिम अभाव र सिन्डिकेटजस्ता कुराबाट उपभोक्तालाई छुट दिई स्वस्थ र प्रतिस्पर्धी बजार निर्माण गर्न तथा बजार अनुगमनलाई प्रभावकारी बनाउन तपाईंसँग के योजना छन् ?

मूल्य नियन्त्रण गर्ने फरक-फरक तरिका हुन्छन् । एउटा महत्त्वपूर्ण पाटो भनेको माग र आपूर्तिको सन्तुलन नै हो । कति आवश्यक हो र कति हुँदा आवश्यकता पूरा हुन्छ भन्ने कुरालाई महत्त्वका साथ हेर्नुपर्छ । साथसाथै, चरम बेथिति छन् । त्यस्तो अवस्थामा ऐन, नियम, छापा मार्ने सबै किसिमका शैली अपनाएर नियन्त्रण गर्नुपर्छ । तर, माग र आपूर्तिलाई पनि सन्तुलनमा राख्नु आवश्यक छ । कालोबजारीले बजारको मागलाई रोक्छु भनेर पनि रोक्न सक्ने स्थिति छैन । हामीले सरकारको तहबाट माग र आपूर्ति सन्तुलन ल्याउनेबारेमा सोच्नुपर्छ । एकैपटक छापा मारेर मात्र रोकथाम हुँदैन । तर, यो पनि गर्नुपर्छ । मागअनुसार उत्पादन छ, तर आपूर्ति छैन र गोदाममा राखेर बेथिति लाद्ने र उच्च प्रतिफल खान खोज्नेलाई छापा नमारी हुँदैन । केही व्यापारीको बदमासीले यस्तो भइरहेको छ ।

महँगीले आक्रान्त भइरहेका बेला अत्यावश्यक पेट्रोलियम पदार्थको कारोबार गर्ने आयल निगम लिमिटेडले वैशाखमा मात्रै दुई अर्ब रुपैयाँभन्दा बढी नाफा राखेर पेट्रोलियमको मूल्य घटाएको छैन । पेट्रोलियमको मूल्य घटाएर जनतालाई राहत दिनुपर्ने विषयमा तपाईंले सोच्नुपर्ने होइन र ?

आयल निगमले नाफा कमायो भन्दै गर्दा उसको सबैभन्दा बढी घाटा पनि हेर्नुपर्ने हुन्छ । अहिले उसको करिब १२ अर्ब बक्यौता छ । यो सरकारी संस्थान हो । आमजनताको अपेक्षा मूल्य कम भइदिए हुन्थ्यो भन्ने हो । तर, घाटालाई पनि हेरिदिनुपर्छ । धेरै घाटामा लगेर उपभोक्तालाई राहत दिइयो भने सञ्चारमाध्यममा पनि आलोचना हुने गरेको छ । घाटा न्यूनीकरण गर्न मूल्य समायोजन गर्दा पनि आलोचना हुन्छ । यसलाई मिलाएर जानुपर्छ । संस्थान घाटामा नजाओस्, तर संस्थान नाफामा गएर बोनस खानुपर्ने अवस्थामा पनि नपुगोस् । त्यो पनि सेवामूलक संस्थान हो । आममानिस कर तिरेर दैनिकी चलाइरहेका छन् । त्यस्तो अवस्थामा संस्थानलाई धेरै नाफा कमाउन दिनु पनि उचित हुँदैन । यसलाई सन्तुलनमा राख्नुपर्छ, कि त पूर्ण स्वचालित प्रणालीबाट लागू गर्न सक्नुपर्‍यो । यसलाई लागू नगर्दा पनि घाटामा जानुपरेको हो ।

लामो समयदेखि लगानी प्रवर्द्धन बोर्डको बैठक बस्न सकेको छैन । बसिहाले पनि निर्णय गर्न नसक्ने समस्या छन् । यसलाई कसरी सम्बोधन गर्नुहुन्छ ?

लगानी गर्न आउँछु भन्नेलाई लगानी गर्न दिनुपर्छ भन्ने मेरो मान्यता छ । आगामी आवको बजेट निर्माणमा व्यस्त भएका कारणले पनि यो बैठक बस्न सकेको छैन । काम गर्न आउँछु, गरिखान्छु भन्नेलाई त मौका दिनुपर्‍यो नि । त्यो भइरहेको छैन । बदमासी गर्नेलाई कारबाही गर्नुपर्छ, कामै गर्न नदिने प्रवृत्ति पनि राम्रो होइन ।

> देशमा रुग्ण उद्योग धेरै छन् । ती उद्योग पब्लिक-प्राइभेट पार्टनरसिपमा चलाउँदा उपयुक्त हुन्छ । सरकार एक्लैले मात्र चलाउन सक्दैन । तर, दुईवटा क्षेत्रबाट आ-आफ्नो दायित्व पूरा गर्दा घाटामा पनि जाँदैन भन्ने लाग्छ । व्यक्तिगत बुझाइअनुसार पिपिपी मोडेल उपयुक्त हो ।

पाँच वर्षमा डेढ करोड रोजगारी गुम्छ : डब्लुइएफ

रत्रेन्सी

> आगामी पाँच वर्षमा विश्वभरिबाट आठ करोड ३० लाख रोजगारी समाप्त हुनेछ । यसमा ६ करोड ९० लाख नयाँ रोजगारीसमेत सिर्जना हुनेछ । अर्थात्, आजको हिसाबमा सन् २०२७ सम्म एक करोड ४० लाख रोजगारी कम हुनेछ ।

जागिर (श्रम, मजदुरी)को भरमा दैनिकी गुजारा गर्नेको संख्या वैश्विक रूपमै ठूलो छ । समयअनुसार जागिरसँगसँगै जागिरको बजार पनि परिवर्तन हुँदै गएको छ । नयाँनयाँ रोजगारी सिर्जना भएका छन् भने पारम्परिक रोजगारी गुमेका छन् ।

वर्ल्ड इकोनोमिक फोरम (डब्लुइएफ)को फ्युचर अफ जब्सको पछिल्लो रिपोर्टअनुसार आगामी पाँच वर्षमा विश्वभरिबाट आठ करोड ३० लाख रोजगारी समाप्त हुनेछ । यसमा ६ करोड ९० लाख नयाँ रोजगारीसमेत सिर्जना हुनेछ । अर्थात्, आजको हिसाबमा सन् २०२७ सम्म एक करोड ४० लाख रोजगारी कम हुनेछ ।

डिजिटल कमर्स, शिक्षा र कृषिमा अवसर

आगामी पाँच वर्षमा डिजिटल कमर्स, शिक्षा र कृषि क्षेत्रमा भने रोजगारीको अवस्था तीव्र गतिमा बढ्ने डब्लुइएफको रिपोर्टमा उल्लेख छ । जहाँ शारीरिक श्रमको आवश्यकता पर्छ, त्यस्तो काम या त कृत्रिम बौद्धिकता (एआई)ले गर्नेछ या रोबोट प्रयोग गरी अटोमेसनमार्फत काम हुनेछ ।

विश्वमा कुल २३ प्रतिशत रोजगारीमा परिवर्तन हुनेछ । डब्लुइएफको रिपोर्टअनुसार पर्यावरण बचाउनका लागि गैरपारम्परिक ऊर्जामा आधारित रोजगारी बढ्नेछ भने सप्लाई चेनको स्थानीयकरण हुनेछ ।

रोजगारी गुम्नुमा प्रविधि मुख्य कारण

वर्ल्ड इकोनोमिक फोरमले विश्वका आठ सय ३० कम्पनीमा सर्भे गरेपछि यो रिपोर्ट तयार गरेको हो । रिपोर्टमा बढिरहेको प्रविधि र त्यसको प्रयोगले गर्दा रोजगारीका अवसर गुम्ने उल्लेख छ ।

त्यसो त केहीले यसैलाई पूर्ण सत्य मानेका छैनन् । रोजगारीको संख्यामा कमी आउनुका अन्य थुप्रै कारण छन् । यसमा मुख्य कारण भनेको कौशलको अभाव हो । नयाँ रोजगारीका लागि नयाँ सीपको खाँचो पर्छ, जसका लागि कुनै पनि तयारी नरहेको डब्लुइएफको भनाइ छ ।

४४ प्रतिशत कर्मचारीले रोजगारीमा टिक्न सीप बढाउनुपर्ने

डब्लुइएफका अनुसार कर्मचारीलाई रोजगारीको आवश्यकताअनुसार



तयार हुन समय लाग्न सक्छ । यसले बेरोजगारी र दक्ष कामदारको अभाव एकैपटक देखाउँछ । रिपोर्टमा भनिएको छ, '४४ प्रतिशत कर्मचारी रोजगारमा टिकिरहन आफ्नो सीप बढाउनुपर्छ ।'

डिजिटल कमर्समा २० लाख थप रोजगारी

आगामी पाँच वर्षमा डिजिटल कमर्समा करिब २० लाख थप रोजगारी सिर्जना हुनेछ । यसमा पनि सबभन्दा बढी एआई र मेसिन लर्निङ विशेषज्ञको माग बढ्नेछ । सूचना सुरक्षा विशेषज्ञ र बिजनेस एनालिस्टको रोजगारी निरन्तर वृद्धि हुनेछ । तर, सन् २०२७ सम्म १० मध्ये सातजना कर्मचारीलाई विशेष खालको ट्रेनिङको आवश्यकता पर्ने डब्लुइएफको रिपोर्टमा उल्लेख छ ।

नयाँ परिवर्तनमा भारतीय कम्पनीको प्रदर्शन राम्रो

आगामी पाँच वर्षमा भारतमा २२ प्रतिशत रोजगारीको आवश्यकता परिवर्तन हुने बताइएको छ । यद्यपि, विश्वमा भने यो परिवर्तन २३ प्रतिशत हुनेछ । कर्पोरेट भारत श्रम बजार बनिरहनुका साथै नयाँ रोजगारी पनि सिर्जना हुनेमा विश्वस्त छ । यस्तै, ६१ प्रतिशत भारतीय कम्पनीले श्रम बजारमा उत्कृष्ट प्रदर्शन गर्ने बताइएको छ ।

सुस्त आर्थिक विकास र सप्लाईको कमीले रोजगारी घट्छ

अहिले विश्वभर महँगीको मार छ । विश्वव्यापी रूपमा फैलिएको कोभिड महामारी र त्यसपछि सुरु भएको रुस-युक्रेन युद्धले महँगी दर उच्च बनेको छ, जुन तत्काल पूर्ववत् अवस्थामा फर्कने संकेत देखिँदैन । भारतमा पनि महँगी, सुस्त आर्थिक विकास र आपूर्ति शृंखलामा उत्पन्न हुने अनेक समस्याका कारण श्रम बजारमा समस्या उत्पन्न हुनेछ । त्यसपछि विशिष्ट प्रविधि र डिजिटलीकरणको बढ्दो प्रयोगले पनि रोजगारी सिर्जनामा कमी आउनेछ ।

तर, आशावादी हुने ठाउँ पनि छ । विशिष्ट प्रविधि र डिजिटलीकरणको प्रयोगले थप रोजगारी सिर्जनासमेत हुनेछ । वर्ल्ड इकोनोमिक फोरमका प्रबन्ध निर्देशक सादिया जाहिदीले सरकार र कारोबारी दुनियाँ दुवै मिलेर रोजगारीको परिवर्तनशील तथ्यलाई स्वीकार गर्दै कर्मचारीलाई नयाँ खालको शिक्षा, प्रशिक्षण र सामाजिक सहयोग संरचना दिनुपर्ने बताएकी छिन् ।

पाँच वर्षमा आठ हजार कर्मचारी निकाल्दै आइबिएम

टेक कम्पनी इन्टरनेसनल बिजनेस मेसिन्स कर्प (आइबिएम)ले पनि नयाँ कर्मचारी भर्ती रोकेर एआई जब डेभलपमेन्ट गर्ने योजना बनाएको छ । आगामी दिनमा कम्पनीमा सीधा भर्ती रोकेर एआईबाट जब रिप्लेस हुने अनुमान गरिएको छ । यसबाट विशेष गरी मानव संसाधन स्रोत र प्रशासनका कर्मचारी प्रभावित हुन सक्नेछन् ।

आइबिएमका सिइओ अरविन्द कृष्णाका अनुसार हाल कम्पनीमा नन कस्टमर फेसिङ रोलमा करिब २६ हजार कामदार छन् । आगामी पाँच वर्षमा एआई र अटोमेसनबाट ३० प्रतिशत कर्मचारी रिप्लेस हुने उनको भनाइ छ । यसो भएको खण्डमा झन्डै आठ हजार कर्मचारीले खाइपाई आएको जागिरबाट हात धुनुपर्नेछ ।

अर्थ पत्रिका
नयाँ पत्रिका
आइतबार ३१ वैशाख ०८०

बजेटमा निजी क्षेत्रका सुझाव सधैँ उही

निजी क्षेत्र सुझाव दिन्छ, तर सरकारले समेट्दैन, दशकदेखि उही सुझावको पुनरावृत्ति

पवन तिमिल्सिना/नयाँ पत्रिका

निजी क्षेत्रले हरेक वर्ष सरकारलाई बजेटका लागि आफ्ना मागसहितको सुझाव दिन्छ। तर, अधिकांश सुझाव तथा माग सम्बोधन हुँदैनन्। जसकारण प्रत्येक वर्ष निजी क्षेत्रका सुझाव दोहोरिन्छन्।

सरकार आगामी आर्थिक वर्ष ०८०/८१ को बजेट निर्माणमा व्यस्त छ। ०७२ मा नयाँ संविधान जारी भएपछिको पहिलो निर्वाचित सरकारले ल्याएको आवधिक योजनाअन्तर्गतको यो अन्तिम बजेट हुनेछ। निजी क्षेत्रका संघ-संगठन, नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ र नेपाल चेम्बर अफ कमर्सलगायतले आफ्नो सुझाव दिइसकेका छन्। तर, अधिकांश सुझावहरू १० वर्षअघि दिइएकाभन्दा फरक छैनन्। संविधान बनेपछि मुलुकले संघीयताको दोस्रो चरणको अभ्यास गर्दै छ। तर, १३औँ योजनाको पहिलो बजेटदेखि १५औँ योजनाको अन्तिम बजेटसम्म आइपुग्दा निजी क्षेत्रको मुद्दा मूलतः एउटै छ, सहज लगानीको वातावरण।

नेपाल उद्योग वाणिज्य महासंघका पूर्वअध्यक्ष पशुपति मुरारकाले सरकार अर्थतन्त्रप्रति गम्भीर नहुँदा निजी क्षेत्रका मुद्दा सधैँ ओझेलमा परेको र दोहोरिने गरेको बताउँछन्। उनी भन्छन्, 'उद्योग-व्यवसायलाई प्रोत्साहन तथा प्रवर्द्धन गरेर अर्थतन्त्रको विकास गर्ने सोच कसैमा भएन। हामी वर्षौंदेखि सरकारलाई सुझाव दिइरहेका हुन्छौं। कतिपय बजेट भाषणमा हुबहु आउँछन्। तर, कार्यान्वयन गर्ने वेलामा सरकारले केही गर्दैन।'

०४९ को आर्थिक उदारीकरणपछि निजी क्षेत्रलाई लगानीको वातावरण सहज बनाउने गरी उल्लेखनीय कार्यक्रम नआएको अर्थशास्त्री डा. पुष्कर बज्राचार्य बताउँछन्। ०६२/६३ सालको आमूल परिवर्तनपछिको समयलाई फर्किएर हेर्दा निजी क्षेत्रका वास्तविक मुद्दा ओझेलमा पार्ने प्रमुख कारण बन्यो, अस्थिर सरकार। उनी भन्छन्, 'सरकार फेरिँदै जाँदा अघिल्लो सरकारले लिएका नीतिहरूको अपनत्व नलिने प्रवृत्ति छ। त्यसमाथि कर्मचारीले पनि अस्थिर सरकारलाई नटेर्ने अर्को समस्या छ। यसले निजी क्षेत्रका खास मुद्दा कहिल्यै सम्बोधन हुन पाएन।'

लोडसेडिङ अन्त्य, अबका मुद्दा जलाशययुक्त आयोजना र प्रसारण लाइन

आर्थिक वर्ष ०७०/७१ पछि एक दशकयताकै ठूलो उपलब्धि हुने गरी लोडसेडिङको अन्त्य भयो। १८ घन्टा लामो अन्धकारमा बिताएको नेपालले ०७५ वैशाखबाट लोडसेडिङ व्यहोर्नुपरेन। आर्थिक वर्ष ०७२/७३ सम्म त निजी क्षेत्रका माग उस्तै हुन्थे- डिजेल आपूर्ति सहज हुनुपर्ने, प्रसारण लाइन बन्नुपर्ने, जलविद्युत्को विकास गर्नुपर्ने। विद्युत् आपूर्ति नभएको समयमा तिर्नुपर्ने डिमान्ड शुल्कका लागि निजी क्षेत्र सरकारसँग लडिरहेको थियो। लोडसेडिङ अन्त्य भएको पाँच वर्ष बितिसक्यो। तर, निजी क्षेत्रका मुद्दा अझै पनि एउटै छ- निजी र सरकारको साझेदारीमा जलाशययुक्त विद्युत् आयोजना। प्रसारण लाइन निर्माणका पनि मुद्दा उस्तै छन्। फरक यति हो, १० वर्षअघि विद्युत् आयात सहज बनाउनुपर्ने माग हुन्थ्यो भने अहिले निर्यातको। बर्खायाममा नेपालले बिजुली निर्यातसमेत गर्न थालेको छ।

लगानीको वातावरण

नयाँ औद्योगिक व्यवसाय ऐन, श्रम लचकता एवं सामाजिक सुरक्षासहितको श्रम ऐन, कम्पनी ऐन, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, भूउपयोग नीति विशेष आर्थिक क्षेत्रको लागि कानुनी व्यवस्था आदिको तर्जुमा गरिने घोषणा ०७०/७१ को बजेट वक्तव्यमा आएको थियो। तर, राजनीतिक अस्थिरताका कारण यी ऐन तथा कानुनहरू ०७५ सालपछि मात्रै बने। खासमा लगानी सम्मेलनका लागि तत्कालीन सरकारले हतारो गरेर यी ऐनका विधेयक संसद्मा लगेर पारित गराएको थियो।

त्यस्तै, प्रत्येक पालिकामा औद्योगिक ग्राम, रुग्ण उद्योगको पुनर्स्थापना, साना तथा मझौला उद्योगलाई प्रोत्साहन, स्वदेशी कच्चापदार्थ उपयोग गर्ने उद्योगलाई छुटजस्ता विषयहरू दोहोरिँदै आएका छन्। यो दशकमा निजी क्षेत्रले भूकम्प, नाकाबन्दी खेपेका उद्योगी-व्यवसायीले कोभिड-१९ र अन्तर्राष्ट्रिय आर्थिक संकटको मार व्यहोरेका छन्। तर, यी संकटबाट प्रताडित निजी क्षेत्रलाई प्रवर्द्धन गर्न सरकारले ठोस कार्यक्रम ल्याउन सकेन।

सीमित घरानाका स्वार्थपूर्ति

ठूला राजनीतिक दल वा सरकारको नेतृत्वसँग सधैँ सीमित घरानाको मात्रै पहुँच हुँदा बजेटले साधारण उद्योगी वा व्यवसायीका मुद्दा सधैँ ओझेलमा पर्ने गरेको बुझाइ अर्थशास्त्री डा. बज्राचार्यको छ। उनी भन्छन्, 'सत्तामा पहुँच राख्न सक्ने एकाध ठूला घराना वा व्यापारिक समूहले आफ्नो निहित स्वार्थपूर्ति गर्न सक्छन्। जसले निजी क्षेत्रका व्यावहारिक मुद्दा सधैँ छायामा पर्दै आइरहेका छन्।'

तत्कालीन अर्थमन्त्री डा. युवराज खतिवडालाई आर्थिक वर्ष ०७६/७७ को बजेटमार्फत चकलेटको भन्सार दर ४० प्रतिशतबाट ३० प्रतिशतमा झारेर व्यापारिक घरानालाई पोस्ने नीति लिएको आरोप थियो। सामान्यतयाः मूल्य अभिवृद्धि, अन्तःशुल्क र भन्सारसम्बन्धी कर परिवर्तनका सूचना सदनमा पेस हुनुअगाडि गोप्य राखिन्छ। वेलाबखत यस्ता सूचना लिक गराएर रातारात गाडी छुटाउने गरेको आरोप पनि सरकारलाई लाग्ने गर्छ। ०६७ सालमा भरतमोहन अधिकारी अर्थमन्त्री हुँदा बजेटको मस्यौदा केही व्यावसायिक घरानाको निवासबाटै तयार पार्न लगाएको आरोप लागेको थियो। त्यस्तै, आरोप पूर्वअर्थमन्त्री जनार्दन शर्मालाई पनि नलागेको होइन। उनले निश्चित व्यावसायिक घरानालाई लाभ मिल्ने गरी करका दर हेरफेर गरेको आरोप लागेको छ।

सम्पत्ति अभिलेखीकरण

आगामी बजेटका लागि निजी क्षेत्रको राजस्वसम्बन्धी सुझावमध्ये वर्षौंदेखि निरन्तर वकालत हुँदै आइरहेको विषय दोहोरिएको हो, सम्पत्ति अभिलेखीकरण। महासंघसहितका निजी क्षेत्रका अन्य संस्थाले पनि बजेटका लागि सुझाव दिने क्रममै एकपटकका लागि सम्पत्ति अभिलेखीकरण गर्न दिनुपर्ने माग अगाडि सार्दै आएका छन्। यद्यपि, सरकारी अधिकारीहरूले यस्तो माग पन्छाउँदै आएका छन्।

यस्तो व्यवस्था पहिलोपटक आर्थिक वर्ष ०६५/६६ मा तत्कालीन अर्थमन्त्री डा. बाबुराम भट्टराईले ल्याएका थिए। उनले बजेटमा 'स्वैच्छिक आम्दानी स्वघोषणा योजना'का रूपमा ल्याएका थिए। जसमा १० प्रतिशत कर तिरेर आफ्नो आय विवरणको अभिलेखीकरण गर्न पाइन्थ्यो। त्यसअघि आर्थिक वर्ष ०५८/५९ मा पनि तत्कालीन अर्थमन्त्री डा. रामशरण महतले पनि आयको स्वघोषणा गर्न पाउने व्यवस्था गरेका थिए। तर, विवादका कारण अघि बढेन।

पूर्वप्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारको पालामा आर्थिक वर्ष ०७५/७६ को बजेटको आर्थिक विधेयकमा ०७६ चैतसम्म पूर्वाधार र उत्पादनमूलक उद्योगमा लगानी गर्दा सम्पत्तिको स्रोत नखोजिने प्रावधान राखियो। त्यस्तै, तत्कालीन अर्थमन्त्री जनार्दन शर्माले आर्थिक ऐन, २०७८ मा पनि यो व्यवस्थालाई निरन्तरता दिएका थिए। चौतर्फी आलोचना भएपछि यो कार्यान्वयन हुन सकेन।

आगामी आर्थिक वर्षको बजेटका लागि भने महासंघले यही मागलाई फरक किसिमले उठाएको छ, लेखांकन प्रयोजनका लागि न्यूनतम शुल्क लिई एकपटकका लागि सम्पत्ति अभिलेखीकरणको व्यवस्था।



राजेश अग्रवाल
कार्यवाहक अध्यक्ष,
नेपाल उद्योग परिसंघ

१५ प्रतिशत मात्रै घोषणा कार्यान्वयन भयो

सरकारले बजेटमा घोषणा गरेपछि हामी निजी क्षेत्र खुसी हुन्छौं। तर, त्यो कार्यान्वयन हुँदैन। अर्को वर्ष दोहोरिन्छ र दुई-तीन वर्षपछि हराउँदै जान्छ। परिसंघको अध्ययनअनुसार घोषणा भएका ६४ वटा कार्यक्रममध्ये १५ प्रतिशत मात्रै कार्यान्वयन भएको छ। उद्योगको विकास गर्ने हो भने नीतिगत स्थिरता चाहिन्छ। बजेटैपिच्छे परिवर्तन हुने नीतिले सही काम गर्दैन।



पशुपति मुरारका
पूर्वअध्यक्ष,
नेपाल उद्योग वाणिज्य महासंघ

सरकार रेमिट्यान्समै रमायो

सरकारको निजी क्षेत्रप्रति हेर्ने दृष्टिकोण कहिल्यै सकारात्मक भएन। हामी सुझाव दिइरहेका हुन्छौं, सुझावका फाइल चाङ लाग्दै गएका छन्। देशमा रेमिट्यान्स आइरहेको छ। सरकार त्यसमै रमाएको छ। आयात धान्न र खर्च गर्न त्यसैले पुगेको छ। आत्मनिर्भर बन्ने योजना सरकारसँग छैन।



महेश दाहाल
पूर्वसचिव,
नेपाल सरकार

सुझाव लिने र दिने औपचारिकतामै सीमित

सरकारले निजी क्षेत्रबाट सुझाव लिने प्रक्रियालाई औपचारिकता मात्रै ठान्यो। निजी क्षेत्रले विगतका सुझावहरूमा थपथाप गरेर गोलमटोल सुझाव दिन थाल्यो। खासमा सरकारको क्षमता हेरेर मात्रै सुझाव दिनुपर्थ्यो। कतिपयमा त माग पूरा भए पनि सुझाव दोहोऱ्याउने प्रवृत्ति छ। निजी क्षेत्रले एउटा आर्थिक वर्षमा पूरा हुन सक्ने सुझाव मात्रै दिनुपर्छ।

राजस्वमा छुट माग्ने र दिने प्रवृत्ति

निजी क्षेत्रले आफ्ना सुझावमा राजस्वका दरहरूमा छुट माग्ने र सरकारले छुट दिने शृंखला प्रत्येक आर्थिक वर्षको बजेटमा दोहोरिँदै आइरहेको छ।

उद्योगको कच्चा पदार्थ आयातमा भन्सार महसुल शून्यमा झार्नुपर्ने, खुला सिमाना अवैध व्यापार नियन्त्रणजस्ता मागहरू हरेक वर्ष उठ्दै आइरहेका छन्। स्वदेशी प्राकृतिक स्रोतमा आधारित ५० करोडभन्दा बढी लगानी भएका तथा सयजनाभन्दा बढीलाई रोजगारी दिने उद्योगलाई १० वर्षसम्म आयकरमा छुट दिनुपर्ने प्रस्ताव छ। मूल्य अभिवृद्धि करमा हाल लाग्दै आएको १३ प्रतिशतलाई अधिकतम दर मानी बहुदर लागू हुनुपर्ने माग दोहोरिँदै आइरहेका छन्। साथै, कच्चा पदार्थमा लाग्ने अन्तःशुल्क खारेज गर्नुपर्ने सुझाव छ।

करार खेती ऐन, किसानलाई समयमा मल, सहुलियतपूर्ण ऋण र अनुदानजस्ता विषय आगामी आर्थिक वर्षको बजेटका लागि महासंघले कृषि क्षेत्रसम्बन्धी उठाएका मूल मुद्दाहरू हुन्। यही मुद्दा १० वर्षअघि पनि महासंघले सुझावमा समेटेको थियो। खेतीको सिजनमा कृषकले मल पाउन नसक्नु दीर्घकालीन समस्या हो। देशमै रासायनिक कारखाना खोल्ने विषयमा निजी क्षेत्रले माग उठाउँदै आइरहेको छ। जसका लागि विभिन्न समयमा अध्ययन पनि नभएका होइनन्। तर, हालसम्म प्रक्रिया अघि बढाइएको छैन।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

१ जेठदेखि एमडिएमएस प्रणाली सुरु

मुना कुँवर/नयाँ पत्रिका

१ जेठदेखि मोबाइल डिभाइस म्यानेजमेन्ट सिस्टम (एमडिएमएस) पूर्ण रूपमा सञ्चालनमा आउने भएको छ। सरकारले वैदेशिक रोजगारीमा गएका कामदारले दुई थान मोबाइल सेट ल्याउन पाउने निर्णय गरेसँगै नेपाल दूरसञ्चार प्राधिकरणले एमडिएमएस सुरु गर्न लागेको हो।

प्राधिकरणले गत १५ पुसदेखि नै एमडिएमएस सञ्चालनमा ल्याउने तयारी गरेको थियो। सो समयमा यात्रुहरूले आफ्ना साथमा ल्याउन र लैजान पाउने निजी प्रयोगका मालवस्तुसम्बन्धी आदेश २०७७ बमोजिम विदेशबाट फर्केका नेपालीले साथमा एउटा मात्रै मोबाइल ल्याउन पाउने व्यवस्था थियो। सोही व्यवस्थाअनुसार भन्सार विभागले विदेशबाट फर्केका नेपाली नागरिकले साथमा ल्याएको एउटा मोबाइल मात्रै एमडिएमएसमा दर्ता गर्ने प्रज्ञापनपत्र दिने भयो। जसअनुसार वैदेशिक रोजगारीबाट फर्केका कामदारले पनि एउटा मात्रै मोबाइल ल्याउन पाउने भए। रेमिट्यान्समा योगदान गर्ने कामदारहरूले आफ्नो परिवारका लागि थप मोबाइल ल्याउन नपाउने भएपछि यसको चौतर्फी विरोध भयो। लगतै, सरकारले केही समयका लागि यो प्रणाली लागू नगर्न आदेश दियो।

तर, २६ वैशाखमा सरकारले श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा कम्तीमा ६ महिना काम गरी फर्केका कामदारलाई थप एक थान मोबाइल सेट ल्याउने दिने निर्णय गऱ्यो। यो निर्णयसँगै अन्योलमा परेको एमडिएमएस सञ्चालनको तयारी गरिएको प्राधिकरणले जनाएको छ।

विदेशबाट ल्याएका मोबाइल आफैँ दर्ता गर्न सक्ने

विदेशबाट फर्केका नेपालीले साथमा ल्याएको मोबाइल सेट आफैँ अनलाइनमार्फत एमडिएमएसमा दर्ता गर्न सक्नेछन्। भन्सार विभागका अनुसार यात्रुले आफ्नो साथमा ल्याउन र लैजान पाउने निजी प्रयोगका मालवस्तुसम्बन्धी आदेश २०७७ बमोजिम विदेश गएका नेपाली यात्रुले नेपाल फर्कंदा आफूले प्रयोग गरेकोबाहेक साथमा नयाँ एक सेट मोबाइल ल्याउन सक्नेछन्।
सो मोबाइल सेट व्यक्ति आफैँले अनलाइनमार्फत एमडिएमएसमा दर्ता गर्न सक्नेछन्।

त्यस्तै, व्यक्तिगत प्रयोजनका लागि विदेशबाट ल्याई भन्सार कार्यालयमा जाँचपास भएका मोबाइल सेटहरू प्रणालीमा स्वतः दर्ता हुने व्यवस्था गरिएको छ। तर, यात्रुहरूले आफ्नो साथमा ल्याउन र लैजान पाउने निजी प्रयोगका मालवस्तुसम्बन्धी आदेश २०७७ बमोजिम व्यक्तिगत प्रयोजनका लागि विदेशबाट ल्याइएका मोबाइल सेट सम्बन्धित व्यक्तिले राहदानी, नागरिकता, डिपार्चर स्ट्याम्प र अनअराइभल राहदानीको पृष्ठ वा बोर्डिङ पास प्रणालीमा प्रविष्ट गरी दर्ता गर्न सक्नेछन्।

एमडिएमएस प्रणाली लागू भएपछि मोबाइल आयातकर्ताले सबै मोबाइल प्रणालीमा दर्ता गरी ल्याउनुपर्नेछ। यो सिस्टम सञ्चालनमा आएसँगै मोबाइल आयातकर्ताले पनि प्राधिकरणसँग अनुमति लिएर र आइएमइआई नम्बर दर्ता गरेर मात्रै मोबाइल आयात गर्नुपर्नेछ।

त्यस्तै, प्राधिकरणले नेपाली बजारमा मोबाइल खरिद गर्दा एमडिएमएसमा दर्ता भए-नभएको यकिन गर्न आग्रह गरेको छ। प्राधिकरणको वेबसाइटमा गएर मोबाइल सेटको आइएमइआई नम्बर राखेपछि सेट एमडिएमएसमा दर्ता भए-नभएको थाहा पाउन सकिन्छ। यसरी दर्ता नभएका मोबाइल नेपालभित्र नचल्ने हुँदा खरिद गर्दा सजकता अपनाउन प्राधिकरणले आग्रह गरेको छ।

मोबाइल डिभाइस म्यानेजमेन्ट सिस्टम (एमडिएमएस) भनेको के हो ?

मोबाइल डिभाइस म्यानेजमेन्ट सिस्टम (एमडिएमएस) भनेको नेपाल दूरसञ्चार प्राधिकरणले मोबाइलको आयात तथा प्रयोगकर्तालाई व्यवस्थापन गर्न लागू भएको प्रणाली हो। यो प्रणालीले अवैध रूपमा राज्यमा भित्रिने मोबाइललाई प्रतिबन्ध गर्न र सर्वसाधारणको मोबाइल तथा सिमको अनधिकृत प्रयोगलाई कानुनी दायरमा ल्याउने काम गर्छ।

दूरसञ्चार प्राधिकरणका निर्देशक सुरेन्द्रलाल हाडाका अनुसार मोबाइल सेटको गैरकानुनी आयात, बिक्री-वितरण तथा प्रयोगलाई निरुत्साहित गर्न यो सिस्टम लागू गरिएको हो। यसले मोबाइल आयातलाई व्यवस्थित गर्न, चोरी भएका तथा हराएका मोबाइल सेटको ट्र्याकिङ-ब्लकिङ गरी नेपालभित्र त्यस्ता मोबाइल नचल्ने व्यवस्था गर्नेछ।



एमडिएमएसमा कसरी दर्ता गर्ने ?

कुनै व्यक्तिले विदेशबाट आउँदा साथमा ल्याएको मोबाइल आफैँले एमडिएमएस प्रणालीमा दर्ता गर्न सक्नेछन्। यसका लागि सबैभन्दा पहिला प्राधिकरणको एमडिएमएस वेबसाइटमा जानुपर्नेछ। यसमा चारवटा चरण छन्। डब्लुडब्लुडब्लु एमडिएमएस डट एनटिए डट जिओभी डट एनपी वेबसाइटमा जानुपर्छ। वेबसाइट सबैभन्दा तल व्यक्तिगत दर्ता भन्ने बटम राखिएको छ, त्यसमा प्रवेश गर्ने।

पहिलो चरणमा मोबाइलको आइएमइआई नम्बर, मोबाइलको ब्रान्ड, मोडल र मोबाइल पहिला प्रयोग भए-नभएको विवरण भर्नुपर्नेछ। सो विवरण भरिसकेपछि मात्रै दोस्रो चरणमा प्रवेश गर्न सकिन्छ। दोस्रो चरणमा इमेल राख्नुपर्छ। इमेल राखिसकेपछि त्यसमा ओटिपी नम्बर आउँछ। त्यो ओटिपी नम्बर राखेपछि तेस्रो चरणमा पुगिन्छ। तेस्रो चरणमा विदेशबाट आउँदाको विवरण (कुन मुलुकबाट आएको हो र मिति) भर्नुपर्छ। त्यसपछि व्यक्तिगत विवरण राख्नुपर्नेछ। जसमा व्यक्तिको नाम, राष्ट्रियता, मोबाइल नम्बर र पासपोर्ट राख्नुपर्नेछ। राष्ट्रियतामा नेपाली र विदेशी हो भने फरक-फरक फर्म भर्नुपर्नेछ।

राष्ट्रियता नेपाली हो भने त्यसमा दुईवटा विकल्प हुन्छन्। यदि हवाईमार्गबाट नेपाल आएका हुन् भने पासपोर्टको पहिलो पेज, अध्यागमनले छाप लगाएको पूरा पेज र मोबाइल खरिद गरेको बिल अपलोड गर्नुपर्नेछ। तर, सडक अर्थात् भारतबाट नेपाल प्रवेश गरेका नागरिकता वा पासपोर्ट, भन्सारले प्रमाणित गरिदिएको पत्र र मोबाइल खरिद गरेको बिल अपलोड गर्नुपर्नेछ।

यदि विदेशी नागरिकको हकमा पासपोर्ट, भिसा अपलोड गर्नुपर्नेछ। विदेशीको हकमा भिसा अवधिभर मात्रै मोबाइल नम्बर नेपालमा प्रयोग गर्न सकिनेछ।

आइएमइआई नम्बर भनेको के हो ?

सिम प्रयोग हुने उपकरणमा १५ अंकको आइएमइआई नम्बर हुन्छ। त्यस्तो उपकरणहरूको आइएमइआई एक-अर्कासँग मेल खाँदैन। आइएमइआई नम्बरमा उक्त उपकरणको परिचय प्रदान गर्ने गुण हो। आफ्नो मोबाइलको किप्याडमा गई *#06# डायल गरेपछि उक्त उपकरणको आइएमइआई नम्बर पत्ता लगाउन सकिन्छ।

प्राधिकरणले प्रयोगमा ल्याएको एमडिएमएस प्रणालीमा कम्तीमा १० करोड आइएमइआई नम्बर दर्ता गर्न सकिनेछ। यो प्रणालीमा आइएमइआई नम्बर राखिएका हरेक डिभाइसहरूको दर्ता र रेकर्ड हुनेछ। करिब एक अर्ब रुपैयाँ लगानीमा तयार गर्न लागिएको एमडिएमएसले मुलुकभित्र रहेका प्रत्येक मोबाइल ह्यान्डसेटको प्रयोग, विदेशबाट आयात हुने तथा बजारमा रहेका मोबाइल ह्यान्डसेटलाई व्यवस्थित गर्नेछ।

यो प्रणालीमा दर्ता भएका आइएमइआईका आधारमा तीनवटा सूची बनाइनेछन्। जसमा ह्वाइट लिस्ट, ग्रे लिस्ट र ब्ल्याक लिस्ट हुनेछन्। ह्वाइट लिस्टमा हुने मोबाइल ह्यान्डसेट प्रयोग गर्न पाइने र वैधानिक हुनेछन्। त्यस्तै, ब्लाक लिस्टमा चोरी भएका, हराएका, अवैध भएका नम्बरहरू राखिनेछ भने दर्ता भएका, तर प्रयोग गर्न नमिल्ने, उजुरी परेर छानबिन हुँदै गरेका तथा शंकास्पद नम्बरहरू ग्रे लिस्टमा रहनेछन्।

सिस्टम सञ्चालनमा आएपछि ह्वाइट लिस्टमा राखिएका आइएमइआई नम्बरको ह्यान्डसेट मात्र दूरसञ्चार सेवाप्रदायकका नेटवर्कमा प्रयोग गर्न सकिनेछ। हराएका, चोरी भएका मोबाइल ह्यान्डसेट ट्र्याकिङ र ब्लक गर्न सकिनेछ।

उदयपुर सिमेन्ट उद्योग नियमित चलाउन उद्योगमन्त्रीको निर्देशन

काठमाडौं/ उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजालले सरकारी स्वामित्वको उदयपुर सिमेन्ट उद्योग नियमित र पूर्ण क्षमतामा चलाउन निर्देशन दिएका छन्। जलजलेस्थित उदयपुर सिमेन्ट उद्योग लिमिटेडको शनिबार अनुगमन तथा निरीक्षण गर्दै मन्त्रीले यस्तो निर्देशन दिएका हुन्। मन्त्रीले आवश्यक सहयोग तथा बजेट उपलब्ध गराउन आफू तयार रहेको बताउँदै उद्योगलाई नियमित र पूर्ण क्षमतमा चलाउन कर्मचारीलाई निर्देशन दिएका हुन्। 'मेसिनका पार्टपुर्जा फेर्नुपर्ने, नयाँ मेसिन जडान गर्नुपर्ने भए सोअनुसार व्यवस्था गरी उद्योग सञ्चालनलाई निरन्तरता दिनुहोस्,' उनले भने, 'उद्योग सञ्चालन र यसको निरन्तरताका निमित्त उद्योग मन्त्रालय गम्भीर रहेको छ, अपुग आवश्यक रकमका लागि प्रधानमन्त्री कार्यालय तथा अर्थ मन्त्रालयसँग आफूले कुरा गर्नेछु, तर उद्योग चाहिँ नियमित चलाउनुहोस्।'



मन्त्री रिजालले उद्योगको प्लान्ट तथा खानी क्षेत्रको स्थलगत अनुगमन तथा निरीक्षण गरेका हुन्। उद्योगका महाप्रबन्धक गोपीकृष्ण न्यौपानेले मन्त्रीलगायतको टोलीलाई प्लान्ट तथा खानी क्षेत्रको स्थलगत जानकारी गराए। अनुगमनका क्रममा मन्त्री रिजालले उद्योगको खानी विभागमा कार्यरत कर्मचारीहरूसँग भेट गरे। कर्मचारीहरूले मन्त्री रिजालसमक्ष आ-आफ्ना समस्या तथा गुनासो राख्दै सम्बोधन गरिदिन आग्रह गरेका थिए। अनुगमन तथा निरीक्षणमा आफ्नो मुख्य उद्देश्य नै कर्मचारीहरूको भावना बुझ्ने रहेको बताउँदै मन्त्री रिजालले यथाशीघ्र सबै समस्याको समाधान गर्नेतर्फ आफू अग्रसर रहने बताए।

उक्त अवसरमा उद्योगभित्रका चार युनियन (समग्र उद्योग ट्रेड युनियन नेपाल, नेपाल कारखाना श्रमिक संघ, अखिल नेपाल औद्योगिक मजदुर संघ र नेपाल औद्योगिक मजदुर संगठन)ले साझा धारणासहित मन्त्री रिजाललाई ज्ञापनपत्र बुझाए। वेला-वेलामा उद्योग बन्द हुने गरेकोलगायतका समस्या सम्बोधन गरिदिन आग्रह गर्दै चार युनियनले निरन्तर उद्योग चल्ने वातावरणको सिर्जना गरिदिन मन्त्री रिजाललाई आग्रह गरे।

मन्त्री रिजालले सहज उपाय निकालेर देखिएका सबै समस्या समाधान गर्ने बताउँदै उद्योगलाई सबल बनाउन सबै तहका कर्मचारीहरू एकजुट हुनुपर्नेमा जोड दिए। 'यो उद्योग तपाईंहरूकै हो, यसलाई आफ्नै सम्झेर काम गर्नुहोस्,' उनले भने।

■ महाकाली करिडोर

ब्रह्मदेव जिरो प्वाइन्टदेखि ट्रयाक खोलिँदै

मोहन विष्ट/नयाँ पत्रिका

कञ्चनपुरको ब्रह्मदेवदेखि दार्चुलाको तिङ्करसम्म निर्माण हुने महाकाली करिडोर सडक निर्माण कार्य सुरु भएको छ। भीमदत्त नगरपालिका-९, ब्रह्मदेवदेखि उत्तर कञ्चनपुरको क्षेत्रमा यसअघि अवरुद्ध भएको काम फेरि सुरु भएको हो।

तीन वर्षअघि महाकाली करिडोरअन्तर्गत ब्रह्मदेवदेखि डडेल्धुराको सीमा कौवानीसम्म झन्डै ११ किलोमिटर सडक विस्तारका लागि ठेक्का भएको थियो। तर, सडकमा पर्ने रूख कटानीको आदेश नपाएपछि काम रोकिएको थियो। आर्थिक वर्ष ०७७/७८ मा दिवा सन्नीदेव जेभीले महाकाली करिडोरअन्तर्गत ब्रह्मदेवदेखि कौवानीसम्म ११ सहित १५ किलोमिटरसम्म ट्रयाक खोल्ने ठेक्का पाएको थियो।

तर, सडकमा पर्ने रूख काट्न अनुमति नपाएपछि काम रोकिएको र वैशाख दोस्रो सातादेखि काम पुनः सुरु भएको छ। सडकमा पर्ने एक हजार नौ सय ५५ रूख काट्न १५ फागुन ०७९ मा निर्णय भएसँगै सडक विस्तार कार्य अघि बढेको छ। डिभिजन वन कार्यालय कञ्चनपुरका सूचना अधिकारी शिवराज अवस्थीले पोलसहित सात सय ९३ रूख र सिद्धनाथ सामुदायिक वनअन्तर्गत पोलसहित एक हजार एक सय ६१ रूख काट्न अनुमति पाएको बताए। 'हामीले त्यहाँ वनकै कर्मचारी नियमित खटाएका छौं, सडकमा पर्ने रूख काटेर घाटगद्दी गर्न अनुमति दिएका छौं।'

महाकाली राजमार्ग (ब्रह्मदेव-झुलाघाट-तिङ्कर सडक) योजना प्रमुख लक्ष्मणदत्त जोशीले कञ्चनपुर खण्डमा पर्ने रूख काट्ने अनुमति पाएसँगै सडक निर्माण कार्य अघि बढेको बताए। सडक योजना प्रमुख लक्ष्मणदत्त जोशीले ब्रह्मदेव जिरो प्वाइन्टदेखि उत्तर डडेल्धुरासम्म ११ किलोमिटर सडक विस्तार गरिने बताए। 'सडकमा पर्ने रूख काट्न अनुमति पाएसँगै निर्माण कम्पनीले काम अघि बढाएको छ, 'उनले भने, '११ किलोमिटर सडक चौडाइसँगै सडक विस्तार हुनेछ।' महाकाली नदी किनारै-किनार कञ्चनपुर-दार्चुला जोड्ने उक्त सडक झन्डै डेढ दशकदेखि सुरु भएको थियो, कञ्चनपुर खण्ड भने रूख कटानी अनुमतिविना रोकिएको थियो। योजना प्रमुख जोशीका अनुसार ब्रह्मदेवदेखि उत्तर तुसरपानीसम्म तीन सय ३४ किलोमिटर सडक आयोजना र त्यहाँदेखि उत्तर तिङ्करसम्म ९१ किलोमिटर नेपाली सेनाले बनाउने जिम्मा पाएको छ।

योजना प्रमुख जोशीले महाकाली करिडोरलाई त्रिदेशीय नाकाकै रूपमा विकास गर्नका लागि ब्रह्मदेवदेखि दक्षिण महाकाली पुलसहित सुक्खा बन्दरगाहसम्म थप १५ किलोमिटर सडक विस्तारका लागि मन्त्रालयमा फाइल पेस गरिएको छ। हालसम्म डडेल्धुरा र दार्चुला झन्डै ३८ किलोमिटर सडक कालोपत्रे भइसकेको छ।

कञ्चनपुर निर्वाचन क्षेत्र-३ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित रमेश लेखकले पनि ट्रयाक खोल्ने कार्यको स्थलगत अनुगमन गर्दै समयमै काम सम्पन्न गर्नका लागि सम्बन्धित पक्षको ध्यानाकर्षण गराएका छन्। पूर्वमन्त्रीसमेत रहेका लेखकले महाकाली करिडोरलाई त्रिदेशीय नाकाकै रूपमा विकसित गराउनका लागि आफ्नो तर्फबाट पहल गर्ने बताए। महाकाली करिडोर निर्माणसँगै स्थानीयलाई आवतजावतका साथै यस क्षेत्रको व्यापारले समेत फड्को मार्नेछ। भीमदत्त नगरका मेयर पदम बोगटीले महाकाली करिडोर निर्माणसँगै कञ्चनपुरसहित प्रदेशकै समृद्धि हुने अपेक्षा राखेका छन्।

हार्दिक श्रद्धाञ्जली



जन्म
वि.सं. २००८/०७/२५ गते

स्वर्गवास
वि.सं. २०८०/०१/१९ गते

स्व. गणेश बहादुर मानन्धर

हाम्रा प्रिय मित्र ताईवान निवासी सरोज मानन्धरका बुबा
गणेश बहादुर मानन्धरको असामयिक निधन भएको
आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको
कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं साथै
यस दु:खद् घडीमा शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने
शक्ति प्रदान गरुन् भनी भगवानसँग प्रार्थना गर्दछौं ।

ताईवानबाट (Taiwan)

राजन श्रेष्ठ (राजेश), राम पाण्डे, शंकर महर्जन, देव गुरूङ्ग,
कर्मा धुण्डुप, समिर मानन्धर, उज्वल भक्त माथेमा

काठमाण्डौबाट

निवेन्द्र प्रधानाङ्ग, सुबोध प्रसाद प्रधान, निर्मल प्रसाद श्रेष्ठ,
केशव द्विवाकर, किशोर कुमार राणा, केदार मान सिं

मौद्रिक नीतिको समीक्षा सकारात्मक : परिसंघ

नयाँ पत्रिका
काठमाडौं, ३० वैशाख



नेपाल उद्योग परिसंघले आन्तरिक गतिविधि चलायमान बनाउने गरी मौद्रिक नीतिलाई लचिलो बनाइएको भन्दै त्यसको स्वागत गरेको छ। परिसंघले शनिबार विज्ञप्ति जारी गर्दै राष्ट्र बैंकले गरेको 'मौद्रिक नीतिको तेस्रो त्रैमासिक समीक्षा'लाई सकारात्मक भनेको हो।

'राष्ट्र बैंक चालू आर्थिक वर्षको मौद्रिक नीतिको तेस्रो त्रैमासिक समीक्षामार्फत आन्तरिक आर्थिक गतिविधि चलायमान बनाउन केही लचिलो हुन खोजेको देखिएको छ,' विज्ञप्तिमा उल्लेख छ, 'राष्ट्र बैंक कठोर नीतिबाट लचिलो नीततर्फ अग्रसर हुनुलाई परिसंघले सकारात्मक रूपमा लिएको छ।' मन्दीमा रहेको अर्थतन्त्रलाई गति प्रदान गर्ने दिशातर्फ राष्ट्र बैंकले आगामी कदम चाल्ने संकेतका रूपमा यो समीक्षालाई लिइएको परिसंघले जनाएको छ।

समीक्षामार्फत बैंकदर घटाइएकाले त्यसले ब्याजदरसमेत घट्ने परिसंघको विश्लेषण छ। '८.५ प्रतिशत रहेको बैंक दरलाई १ प्रतिशत विन्दुले घटाई ७.५ प्रतिशत कायम गरिएको छ,' विज्ञप्तिमा उल्लेख छ, 'यसले ब्याजदर घट्न गई बजारमा माग बढाउन केही सहयोग पुऱ्याउने अपेक्षा छ।' बैंक तथा वित्तीय संस्थाहरूबाट जारी भएका ऋणपत्रहरूलाई कर्जा-निक्षेप अनुपात गणना गर्ने प्रयोजनका लागि स्रोत (निक्षेप)का रूपमा समेत गणना गर्न पाउने विद्यमान व्यवस्थालाई २०८० पुस मसान्तसम्मका लागि निरन्तरता दिइनु सकारात्मक भएको परिसंघको प्रतिक्रिया छ। पछिल्ला दुई त्रैमाससम्म लगातार ऋणात्मक वृद्धि हुन गएका आर्थिक क्षेत्रहरूसँग सम्बद्ध ऋणीहरूले सुविधा पाउने गरी पुनर्कर्जा सुविधा उपलब्ध गराउने व्यवस्था मिलाउने घोषणाले ऋणीहरूलाई केही सहजता प्रदान गर्ने परिसंघले जनाएको छ।

> राष्ट्र बैंक कठोर नीतिबाट लचिलो नीततर्फ अग्रसर हुनु सकारात्मक, मन्दीमा रहेको अर्थतन्त्रलाई गति प्रदान गर्ने दिशातर्फ राष्ट्र बैंकले आगामी कदम चाल्ने संकेत गरेको छ

होटेल तथा रेस्टुरेन्ट, पशुपक्षीपालन, निर्माण क्षेत्रसँग सम्बन्धित कर्जा र पाँच करोडसम्मको अन्य क्षेत्रमा प्रवाह भएको कर्जालाई ०८० असार मसान्तभित्र पुनर्संरचना-पुनर्तालिकीकरण गर्न सक्ने व्यवस्थाले लघु, घरेलु तथा साना उद्योगहरूलाई सहुलियत हुने परिसंघले उल्लेख गरेको छ। त्यस्तै, वास्तविक क्षेत्रमा देखापरेको शिथिलताका कारणले कर्जा चुक्ता गर्नुपरेको कठिनाइलाई अल्पकालीन तथा चालू पुँजी प्रकृतिका कर्जाहरूलाई ब्याज नियमित रहेको अवस्थामा कुनै किसिमको हर्जाना-शुल्क नलिने गरी तीन महिनासम्मका लागि ०८० असार मसान्तभित्र म्याद थप गर्ने व्यवस्थालाई समेत परिसंघले सकारात्मक भनेको छ। त्यस्तै, लघुवित्त वित्तीय संस्थाका सदस्य ऋणीहरूलाई कर्जा चुक्ता गर्नुपरेको कठिनाइलाई समेत दृष्टिगत गरी ०८० असार मसान्तभित्र कर्जाको पुनर्संरचना-पुनर्तालिकीकरण गर्न सक्ने व्यवस्थालाई पनि परिसंघले सकारात्मक भनेको छ।

उच्च ब्याजदर, समग्र मागमा आएको उच्च संकुचनजस्ता कारणबाट उद्योगी-व्यवसायी तथा लगानीकर्ताको मनोबल अत्यन्त कमजोर अवस्थामा रहेको परिसंघको विश्लेषण छ। अर्थतन्त्र चुनौतीपूर्ण अवस्थामा रहेको विद्यमान परिस्थितिलाई सहज बनाउन परिसंघले दिएका केही सुझाव समीक्षामार्फत सम्बोधन गरिए पनि आर्थिक संकटबाट बाहिर ल्याउन थप सुधार आवश्यक रहेको परिसंघले जनाएको छ। 'बजारलाई चलायमान बनाउन सेयर बजार तथा घरजग्गा कारोबारलाई प्रोत्साहन हुने गरी मौद्रिक नीतिको समीक्षा गर्न परिसंघले आग्रह गरेको थियो। यी विषय हाल सम्बोधन भएको छैन,' विज्ञप्तिमा उल्लेख छ, 'राष्ट्र बैंकले आगामी दिनमा यी विषयलाई समेत गम्भीरतापूर्वक लिई नीतिगत व्यवस्था गर्ने परिसंघको विश्वास छ।' बोन्डेड वयर हाउसको सुविधा पाएका निर्यातमूलक उद्योगका लागि कच्चा पदार्थको आयात गर्दा जारी गरिने बैंक ग्यारेन्टीमा १५० प्रतिशतको जोखिमभार लगाइएकाले त्यसलाई तत्काल घटाउन परिसंघले आग्रह गरेको छ। 'अर्थतन्त्रलाई लयमा ल्याउँदै उद्योग-व्यवसायलाई राहत दिन नेपाल राष्ट्र बैंकले मौद्रिक उपकरणहरूमा लचकता अपनाई सहज वातावरण बनाउँदै लैजाने विश्वास परिसंघको छ,' विज्ञप्तिमा उल्लेख छ।

सुनचाँदी कला व्यवसायी संघमा रिजाल

काठमाडौं/ नेपाल सुनचाँदी कला व्यवसायी संघको केन्द्रीय अध्यक्षमा घनश्याम रिजाल निर्वाचित भएका छन्। शनिबार सम्पन्न संघको २१औं वार्षिक साधारणसभा तथा नवौं अधिवेशनले च्छोरोल्पा गोल्ड एन्ड सिल्भर ज्वेलर्स दोलखाका प्रोपाइटर रिजाललाई अध्यक्षमा सर्वसम्मत निर्वाचित गरेको हो।

साधारणभाले आगामी तीन वर्षका लागि १९ सदस्सीय कार्यसमिति सर्वसम्मत निर्वाचित गरेको हो। संघको प्रथम उपाध्यक्षमा काठमाडौंका विष्णुभक्त बराइली र द्वितीय उपाध्यक्षमा धादिङका सानुबाबु बराइली निर्वाचित भएको निर्वाचन समितिका संयोजक अधिवक्ता भोजान लाम्गादेले जानकारी दिए। त्यस्तै, महासचिवमा काठमाडौंका बालकुमार विश्वकर्मा (सुमन), सचिवमा सुनसरीका प्रेमबहादुर विश्वकर्मा, कोषाध्यक्षमा काठमाडौंकै श्यामकुमार विश्वकर्मा र सहकोषाध्यक्षमा धादिङका सुदीप रसाइली निर्वाचित भएका हुन्।



साधारणसभाले सदस्यहरूमा दोलखाका दीपक धनुके, रामेछापका कृष्ण गहतराज, झापाका तिलकबहादुर विश्वकर्मा र धनकुटाका देवबहादुर विश्वकर्मालाई निर्वाचित गरेको छ। त्यस्तै, काठमाडौंका नवीन रसाइली, दीपेन्द्र विश्वकर्मा, केदारनाथ सुनार गहतराज, मानबादुर विश्वकर्मा, पम्फा श्रेष्ठ, राजिन बराइली, अर्जुन विश्वकर्मा र देवी गौतम गहतराजसमेत सदस्यमा निर्वाचित भएका छन्। त्यस्तै, सूर्यकुमार बराल र दुर्गा विक सदस्यमा मनोनीत भएका छन्।

नेपाल लाइफ इन्स्योरेन्सको नाफामा ३२९ प्रतिशत वृद्धि

काठमाडौं/ नेपाल लाइफ इन्स्योरेन्सको चालू आर्थिक वर्षको तेस्रो त्रैमाससम्म खुद नाफामा ३२९.५२ प्रतिशत वृद्धि भएको छ। आठ अर्ब २० करोड चुक्ता पुँजी रहेको कम्पनीको समीक्षा अवधिमा प्रतिसेयर आम्दानी ७.२५ रुपैयाँ रहेको छ। यस्तै, कम्पनीको प्रतिसेयर नेटवर्थ ११६.०१ रुपैयाँ, मूल्य अनुपात आम्दानी ९३.१९ गुणा, प्रतिसेयर कुल सम्पत्तिको मूल्य दुई हजार ९० रुपैयाँ र औसत प्रतिफल दर १०.८४ प्रतिशत रहेको छ। यस त्रैमासकको अन्त्यसम्ममा कम्पनीको जगेडा तथा कोषमा करिब ४८ करोड रहेको छ। यो अघिल्लो आवको त्रैमास अन्त्यसम्मका आधारमा ९.४० प्रतिशतले बढी हो। गत आर्थिक वर्षको सोही अवधिमा करिब १३१ अर्ब १६ करोड रुपैयाँ रहेको जीवन बिमा कोष १९.८३ प्रतिशतले बढी करिब १५७ अर्ब १६ करोड पुगेको छ। महाविपत्ति कोषमा ८३ करोड रुपैयाँ रहेको छ, जुन गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १५.४९ प्रतिशतले बढी हो। कम्पनीको लगानी २०.०७ प्रतिशतले बढेको छ। चैत मसान्तसम्म कम्पनीले १६२ अर्ब २८ करोड रुपैयाँ लगानी गरेको छ।

NEPALLIFE INSURANCE CO. LTD. किनकि जीवन अमूल्य छ...

प्रकाशित विवरणअनुसार कम्पनीको भुक्तानी हुन बाँकी दाबी उल्लेख्य रूपमा घटेको छ। गत आर्थिक वर्षको सोही अवधिमा करिब एक अर्ब २८ करोड रुपैयाँ भुक्तानी हुन बाँकी दाबीबापत व्यवस्था गरिएकोमा चालू आर्थिक वर्षको तेस्रो त्रैमासमा ३४.१९ प्रतिशतले घटी ८४ करोड रुपैयाँ रहेको छ। यसैगरी, चैत मसान्तसम्ममा २६ अर्ब ८३ करोड ७४ हजार रुपैयाँ खुद बिमाशुल्क आर्जन गरेको छ भने ११ अर्ब ८२ करोड रुपैयाँ खुद दाबी भुक्तानी गरेको छ। समीक्षा अवधिमा कम्पनीको खुद दाबी भुक्तानी ११.४४ प्रतिशतले बढेको छ।

रेसुंगा विमानस्थलमा भद्रगोल व्यवस्थापन

गुल्मी/ शुक्रबारबाट नियमित उडान भएको गुल्मीको रेसुंगा विमानस्थलको व्यवस्थापन भने भद्रगोल देखिएको छ। शुक्रबार बिहान काठमाडौंबाट आएको विमानका चालकसँग सम्पर्क गरिरहेकी नेपाल नागरिक उड्डयन प्राधिकरणकी एयर ट्राफिक कन्ट्रोलर आयुषा कार्की विमानस्थलको टावरमा एक्लै उभिएकी थिइन्। उनले उभिएपै वाकिटकीमार्फत विमानचालकसँग संवाद गरिरहिन्। टावरमा कार्की बस्ने कुर्सीसमेत थिएन। धुलोले धूमिल टावरको सिसा कार्की आफैंले सफा गरिन्। जहाज केही बेरमै फर्किए पनि कार्की केही दिन गुल्मीमै बस्ने बताइन्। रेसुंगा विमानस्थल सञ्चालनका लागि धेरै काम गर्नुपर्ने उनको भनाइ छ। 'उपकरण र अफिस व्यवस्थापनसहित सुरक्षाका काम तत्काल गर्न आवश्यक देखेँ। उडानसँगै व्यवस्थापनको काममा नगरपालिकाले समन्वय र सहयोग गर्नुपर्छ,' उनले भनिन्, 'तत्काल वाकिटकीमार्फत सञ्चारको काम भएको छ।'

पहिलो व्यावसायिक उडानमार्फत काठमाडौंबाट रेसुंगा ओर्लिएकी इस्मा गाउँपालिका-५ की गीता ज्ञवाली गन्तव्यका लागि अलमलमा थिइन्। किनकि, जहाजमा विमानस्थल झरे पनि इस्मा पुग्ने गाडी खोज्न तम्घास फुस्नुपर्छ। यात्रु झरे पनि जहाजबाट झोला झरेनन्। जहाजका पाइलट र सदस्यले झोला ओसार्नुपऱ्यो। 'यो त निकै विडम्बना देखियो। केही पनि व्यवस्थापन नगरेर उडान कसरी गर्ने,' जहाजका पाइलट मनेष विष्टले भने, 'यो अवस्थामा अर्को उडान हुँदैन।'

विमानस्थलमा सुरक्षा व्यवस्था पनि छैन। अवतरणमा विमान तल-माथि भएमा उद्धारका लागि जनशक्तिसहित दमकल तथा एम्बुलेन्स चाहिन्छ। तर, एउटा परीक्षण र एक व्यावसायिक उडान जोखिमबीच नै गरिएको छ। विमानस्थलमा यात्रु र पाइलटहरूका लागि प्रतीक्षालयसमेत छैन। विमानस्थल कार्यालयका शौचालयहरूमा पानी खस्दैनन्। तर, व्यवस्थापनको काम कसले गर्ने भन्ने यकिन छैन। रेसुंगा नगरका प्रमुख प्रशासकीय अधिकृत हरिप्रसाद अर्यालले आउजाउ उडानमा नौजना यात्रुको सुनिश्चितमा आफूहरूले सहजीकरण गर्ने सम्झौता गरेकाले थप व्यवस्थापनको काममा समन्वय भइरहेको बताए।

चार वर्षपछि नियमित उडान

गुल्मीको सिमिचौरमा निर्माण भएको रेसुंगा विमानस्थलमा २५ जेठ ०७५ मा तारा एयरको जहाजले कच्ची धावनमार्गमा सफलतापूर्वक धुले उडान गरेको थियो। तारा एयरकै जहाजले २४ पुस ०७९ मा 'प्रुभिङ फ्लाइट' गरेको थियो। गत १५ वैशाखमा नेपाल वायुसेवा निगमको जहाजले परीक्षण उडान गऱ्यो। परीक्षण उडान गरेको निगमकै नाइनए एबिटी जहाजले नै शुक्रबार पहिलो व्यावसायिक उडान गरेको हो।

Maya Khola Hydropower Company Limited

Dhumbarahi-4,Kathmandu, Nepal, Phone: 977-1-4529956,4536325
Email: mayakhola.hpc@gmail.com, Website:www.mkhpcl.com.np

Balance Sheet as on Chaitra 30, 2079 (Unaudited)

(NPR '000)

Particulars	This Quarter ending As at 30th Chaitra, 2079	Previous Quarter ending As at 30th Poush, 2079	Corresponding Previous Quarter ending As at 30th Chaitra, 2078
Assets			
Non-Current Assets:			
Properties, Plant & Equipments	7,304	7,943	9,154
Capital Work-in-Progress	3,000,200	2,909,217	2,336,685
Investments	17,017	17,017	16,717
Total Non-Current Assets	**3,024,521**	**2,934,177**	**2,362,556**
Current Assets:			
Deposits and Margins	13,145	13,717	15,195
Other Loans & Advances	169,991	145,022	145,251
Sundry Debtors	-	-	
Cash & Bank Balance	11,231	47,362	10,823
Total Current Assets	**194,368**	**206,102**	**171,270**
Total Assets	**3,218,890**	**3,140,279**	**2,533,826**
Equity and Liabilities			
Equity			
Share Capital	1,000,000	760,000	660,000
Reserve and Surplus	(66,701)	(62,980)	(69,709)
Total Equity	933,299	697,020	590,291
Non-Current Liabilities:			
Long Term Loan	1,921,468	1,914,501	1,623,921.70
Total Non-Current Liabilities	**1,921,468**	**1,914,501**	**1,623,922**
Current Liabilities:			
Trade and Other Payables	178,106	210,775	154,613.40
Short Term Loan	186,017	317,983	165,000.00
Total Current Liabilities	**364,123**	**528,758**	**319,613**
Total Equity and Liabilities	**3,218,890**	**3,140,279**	**2,533,826**

Profit & Loss Accounts for the period ended Chaitra 30, 2079 (Unaudited)

Particulars	This Quarter ending As at 30th Chaitra, 2079	Previous Quarter ending As at 30th Poush, 2079	Corresponding Previous Quarter ending As at 30th Chaitra, 2078
Revenue from Operations	-	-	-
Less: Direct Expenses	-	-	-
Less: Royalty Expenses	-	-	-
Gross Profit	-	-	-
Add: Other Income	300	240	327
Less: Administrative Expenses	12,443	9,002	11,868
Operating Profit/(Loss)	**(12,144)**	**(8,762)**	**(11,541)**
Financial Costs	-	-	-
Depreciation	1,129	790	1,438
Profit Before Bonus & Tax	**(13,273)**	**(9,552)**	**(12,979)**
Provision for Staff Bonus	-		-
Net Profit before Tax	**(13,273)**	**(9,552)**	**(12,979)**
Income Tax	-	-	-
Net Profit after Tax	**(13,273)**	**(9,552)**	**(12,979)**

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूचि-१४ (नियम २६ को उपनियम (१) सँग सम्बन्धित)

माया खोला हाईड्रोपावर कम्पनी लिमिटेडको

आ.व.०७९/०८० को तेश्रो त्रैमासिक अवधिको विवरण

१. **वित्तीय विवरण**

क) **तेश्रो त्रैमासिक अवधिको वासलात र नाफा नोक्सान सम्बन्धी विवरण** यसै साथ संलग्न गरिएको छ ।

ख) **प्रमुख वित्तीय अनुपातहरु:**

प्रति शेयर आम्दानी	प्रतिशेयर नेटवर्थ रु.	तरलता अनुपात	शेयरको बजार मूल्य रु	प्रति शेयर कूल सम्पत्तिको मुल्य (रु.)
-	९३.३३	०.५३	२९२.२०	३२१.८९

२ **व्यवस्थापकिय विश्लेषण**
यस आयोजना निर्माण सम्पन्न भई परिक्षण अवस्थामा रहेको र केही समयमानै व्यापारिक उत्पादन शुरु गरिने छ।

३ **कानुनी कारवाही सम्बन्धी विवरण**
यस कम्पनी वा यसका सस्थापक वा संचालकको विरुद्धमा कम्पनीको व्यवसायिक कारोवार सम्बन्धी कुनै पनि मुद्दा दायर नभएको ।

४. **संगठीत संस्थाको शेयर कारोबार सम्बन्धी बिश्लेषण**
यस कम्पनीको तेश्रो त्रैमासिक अवधिको शेयर कारोवार सम्बन्धी विवरण यस प्रकार रहेको छ ।

शेयरको अधिकतम मूल्य (रु)	शेयरको न्यूनतम मुल्य (रु)	शेयरको अन्तिम मुल्य (रु)	कारोवार भएको कूल दिन	कारोवार संख्या (शेयर संख्या)	कारोवार रकम (रु.)
३६७.५०	२६५.५०	२९२.२०	१७	३९२,४४५	१२४,४४९,१९५

५. **समस्या र चुनौती**
यस कम्पनीले बहन गर्नु पर्ने बाह्य समस्या र चुनौतीमा पूर्वानुमान गरे भन्दा बाहिरको बाढी, पहिरो लगायत अन्य दैविक प्रकोपको चुनौती सधै रहिरहने हुन्छ। नदीमा जलको प्रवाहमा कमी हुन गएमा आयोजनाबाट हुने विद्युत उत्पादनमा असर पर्न सक्दछ।

६. **संस्थागत सुशासन**
कम्पनीमा संस्थागत सुशासन राख्न व्यवस्थापन सदैव प्रतिवद्ध रहेको छ। कम्पनीको सञ्चालनलाई व्यवस्थित गर्न तथा विभिन्न जाखिमहरु न्यूनिकरण गर्न समयानुकूल नीति निर्देशिकाहरु सञ्चालन समितिले पारित गरी लागू गर्दै आएको छ। साथै प्रचलित कानुन, नियमन निकायहरुबाट प्राप्त निर्देशनहरु एवं लेखा परीक्षकको सुझाव अनुसार कार्य सम्पादन गरिदै आएको छ।

७. **सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष कार्यकारी र प्रमुखको उदघोषण**
आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उदघोषण गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।

हिलटप जुनार बहुउद्देश्यीय सहकारी संस्था लि.

का.म.पा.-३१, तिनकुने, काठमाडौं
फोन नं.: ०१-४१११८७२, ४१११९०२

ऋण चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

प्रकाशित मिति : २०८०/०१/३१ गते (नयाँपत्रिका राष्ट्रिय दैनिक)

यस संस्थाबाट ऋण सुरक्षण बापत तपशिलमा उल्लेखित सम्पत्तीको धितो तथा व्यक्तिगत जमानतमा तपसिलका ऋणीहरुले यस सहकारी संस्थाबाट विभिन्न शीर्षक अर्न्तगत लिनु भएको ऋणको सावाँ, ब्याज तथा हर्जना रकम समेत शर्त बमोजिम यस संस्थामा नियमित रुपमा बुझाउनु पर्नेमा हाल सम्म नतिरी नबुझाई भाखा नघाई ऋण सम्बन्धी शर्त वन्देजहरुको उल्लंघन गर्नु भएको र सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत वक्यौता रकम चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएको हुनाले यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतिस) दिन भित्र सम्पर्क राखी यस संस्थालाई तिर्नु बुझाउनु पर्ने बाँकी ऋणको सावाँ, ब्याज, हर्जना ब्याज तथा अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्नु हुन सम्बन्धीत ऋणी तथा जमानीकर्ताहरुलाई यसै सूचना मार्फत सूचित गरिन्छ। अन्यथा सहकारी ऐन, २०७४ नियमावली, २०७५ संस्थाको विनियम, २०६६ एवं प्रचलित कानुन बमोजिम ऋणी र व्यक्तिगत जमानीलाई समेत कालोसुचिमा राखी यस संस्थाको लेना बाँकी रकम असुलीका लागि थप कानूनी कारवाही अघि बढाइने व्यहोरा समेत सम्बन्धीत ऋणी तथा व्यक्तिगत धन जमानी सबैलाई सूचित गरिन्छ।

तपशिल

ऋणीको विवरण	जवानीकर्ताको विवरण
नाम : नागेन्द्र कुमार महतो बाबुको नाम: राजकुमार महत्तो बाजेको नाम : वाउन महत्तो ठेगाना: बरहथवा-२, सर्लाही ना.प्र.नं.: ०८९००२९० जारि मिति/जिल्ला : २०५७/०४/१५, सर्लाही	**नाम : चेतनाथ अधिकारी** बाबुको नाम: जगनाथ अधिकारी ठेगाना: सतापीधाम-६, झापा ना.प्र.नं.: १८२४११२२ जारि मिति/जिल्ला :२०५८/०८/१२, झापा
नाम : तोयानाथ भंडारी बाबुको नाम: विष्णु प्रसाद भण्डारी बाजेको नाम : भवानाथ भण्डारी ठेगाना: चन्द्रगढी-३, झापा ना.प्र.नं.: १८६०८१११ जारि मिति/जिल्ला : २०४६/१०/२६, झापा	**नाम : कमल प्रसाद दाहाल** बाबुको नाम: रुद्र प्रसाद दाहाल बाजेको नाम : नैना नन्द दाहाल ठेगाना: पु.झा-३, सिन्धुली ना.प्र.नं.: ७०४९/३३३ जारि मिति/जिल्ला :२०४५/०१/१७
नाम : पार्वती डोटेल बाबुको नाम: अर्जुन प्रसाद भट्ट बाजेको नाम : कृष्ण भट्ट ठेगाना: विदुर न.पा-७, नुवाकोट ना.प्र.नं.: २५१०४८/१५७ जारि मिति/जिल्ला : २०६५/०८/०८, नुवाकोट	**नाम :विनोद डोटेल** बाबुको नाम: गोपी डोटेल बाजेको नाम : बाल कृष्ण डोटेल ठेगाना: बेलकोट-१, नुवाकोट ना.प्र.नं.:२५१०४८/१५६ जारि मिति/जिल्ला :२०६५/०८/०८
नाम :विनोद डोटेल बाबुको नाम : गोपी डोटेल बाजेको नाम : बाल कृष्ण डोटेल ठेगाना: बेलकोट-१, नुवाकोट ना.प्र.नं.:२५१०४८/१५६ जारि मिति/जिल्ला :२०६५/०८/०८	**नाम : पार्वती डोटेल** बाबुको नाम : अर्जुन प्रसाद भट्ट बाजेको नाम : कृष्ण भट्ट ठेगाना : बेलकोट-१, नुवाकोट ना.प्र.नं.२५१०४८/१५७ जारि मिति/जिल्ला :२०६५/०८/०८, नुवाकोट
नाम : कविता सिग्देल गौतम बाबुको नाम: भोजराज सिग्देल बाजेको नाम : यज्ञनिधि सिग्देल ठेगाना : पोखरीचौकी-१, काभ्रे ना.प्र.नं.: १०५/६८/६९ जारि मिति/जिल्ला : सिन्धुपाल्चोक	**नाम : अरुण गौतम** बाबुको नाम : लोक बहादुर गौतम बाजेको नाम : कृष्ण बहादुर गौतम ठेगाना : पोखरीचौकी-२, काभ्रे ना.प्र.नं.: ३०/११९७६ जारि मिति/जिल्ला :२०४२/०२/०९
नाम :समींला कालीराज बाबुको नाम : तुलाराम सोनार बाजेको नाम : अमिर वर्ण ठेगाना : शिखरपुर-५, सिन्धुपाल्चोक ना.प्र.नं.: २४३०७८/१८५ जारि मिति/जिल्ला : २०६६/११/२७ सिन्धुपाल्चोक	**नाम : सागर सोनार** बाबुको नाम : दिल बहादुर सोनार बाजेको नाम : मुरारि सोनार ठेगाना : शिखरपुर-५, सिन्धुपाल्चोक ना.प्र.नं.:४८७६८/११३१६८ जारि मिति/जिल्ला :२०६०/०४/२० सिन्धुपाल्चोक
नाम : हाम्रो खान्की लाउन्ज एण्ड वार विथ थकाली करदाताको नाम : सुरज गिरी ठेगाना: भक्तपुर न.पा.-१, भक्तपुर स्थायी लेखा नम्बर :६१३१५९४६५ जारि मिति/जिल्ला : २०७७/१०/११, आन्तरिक राजश्व विभाग, भक्तपुर	**नाम : सुरज गिरी** बाबुको नाम : कुल बहादुर गिरी बाजेको नाम : धन बहादुर गिरी ठेगाना : पुरानागाउँ-६, रामेछाप ना.प्र.नं.: ६५००२ जारि मिति/जिल्ला :२०६०/१२/२४, रामेछाप
नाम : पुर्ण बहादुर कार्की बाबुको नाम: लोक बहादुर कार्की ठेगाना: गोठगाउँ-७, रामेछाप जारि मिति/जिल्ला : २०५६/११/०१, रामेछाप	बाजेको नाम : ललित बहादुर कार्की ना.प्र.नं.: २११०७६/४४९७६/६०२५

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

Durbarmarg, Tel: 4242530, 4228229
E-mail: info@nimb.com.np
website: www.nimb.com.np
Customer Support Tel No: 4541110. ext. 131
Tollfree No: 1660-01-00070

यस बैंकद्वारा २०८० साल बैशाख महिनाका लागि प्रकाशित गरिएको ब्याज दर २०८० साल जेष्ठ महिनाका लागि पनि यथावत कायम राखिने व्यहोरा जानकारी गराईन्छ। यस बैंकको वेभसाइट www.nimb.com.np मा २०८० साल जेष्ठ महिनाको ब्याज दर अद्यावधिक रहेको जानकारी गराईन्छ।

किन सार्वजनिक...

पृष्ठ १ बाट क्रमशः

विभिन्न भ्रष्टाचार तथा अनियमितता काण्डमा आफूमाथि आँला उठ्दा सांसदहरूले सम्पत्ति विवरण सार्वजनिक गरेर हेर्न चुनौती दिइरहेका छन् । जुन सार्वजनिक खपतका लागि मात्रै हो भन्ने देखिन्छ । सदनमा त्यसरी बोल्ने एउटै सांसदले आफैं सम्पत्ति विवरण सार्वजनिक गरेका छैनन्, अर्कोतिर गोप्य राख्ने नीतिगत व्यवस्था हटाउन पनि अग्रसर छैनन् ।

सदनमा सम्पत्ति विवरण सार्वजनिक गर्नुपर्ने आवाज उठ्दै गर्दा संयोगले गोप्य राख्ने नीतिगत व्यवस्था भएको ऐन संशोधनको चरणमा छ । समितिमा दफावार छलफल भई पारित भएर सन्देशसहित आएको भ्रष्टाचार निवारण (पहिलो संशोधन) ऐन, २०७६ प्रतिनिधिसभामा दफावार छलफलको चरणमा छ । सैद्धान्तिक छलफलपछि ७२ घन्टा संशोधन हाल्ने समय पाएकोमा कुनै पनि सांसदले गोप्य राख्ने प्रावधान हटाएर वेबसाइटमा प्रकाशित गर्नुपर्ने भनेर संशोधन प्रस्ताव हालेका छैनन् । तर, सदनमा भने चर्को स्वरमा सार्वजनिक गर्नुपर्ने भनिरहेका छन् । संसद् सचिवालयका एक पदाधिकारी भन्छन्, 'संसद् मा चर्को गरी कराउँछन्, तर किन सम्पत्ति आफैं सार्वजनिक गर्दैनन् ? आफैं गरे भइहाल्यो नि ! सस्तो लोकप्रियताका लागि अरूलाई किन गरिदेऊ भन्ने ? सचिवालयले सार्वजनिक गर्न कानुनले पनि दिनुपऱ्यो नि !'

सचिवालयका प्रवक्ता एकराम गिरीले कानुनबमोजिम प्राप्त भएको सांसदहरूको सम्पत्ति विवरणलाई कानुनबमोजिम नै गोप्य राखिएको बताए । यसमा सचिवालयले कानुन पालना गरेको उनको भनाइ छ । 'सांसदहरूले दिएको सम्पत्ति विवरण कानुनबमोजिम नै गोप्य राखिएको हो,' गिरीले भने, 'सचिवालयले कानुन पालना गरेको हो ।'

सम्पत्ति विवरण माग्ने, तर सार्वजनिक नगर्ने कानुनी व्यवस्था

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा १ मा 'सार्वजनिक पद धारण गरेको व्यक्तिले त्यस्तो पद धारण गरेको मितिले ६० दिनभित्र र हरेक आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिनभित्र आफ्नो वा आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको स्रोत वा निस्सासहितको अद्यावधिक विवरण नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको निकाय वा अधिकारी समक्ष पेस गर्नुपर्ने' व्यवस्था छ ।

लगत्तै उपदफा १ मा भनिएको छ, 'उपदफा (१) बमोजिमको म्यादभित्र सम्पत्तिको विवरण पेस गर्न नसक्ने सार्वजनिक पद धारण गरेको व्यक्तिले त्यस्तो विवरण पेस गर्न नसक्नाका कारणसहित उल्लेख गरी म्याद थपका लागि अनुरोध गरेमा सम्बन्धित निकाय वा अधिकारीले बढीमा ३० दिनसम्मको म्याद थप दिन सक्नेछ ।'

उपदफा (२) बमोजिम थप गरेको म्यादभित्र पनि सम्पत्तिको विवरण पेस नगरे पाँच हजार रुपैयाँ जरिवाना गरी निज र निजको परिवारको नाममा गैरकानुनी सम्पत्ति रहेको अनुमान गरी सम्बन्धित निकाय वा अधिकारीले अनुसन्धान गर्न सक्ने व्यवस्था उपदफा (३) मा गरिएको छ । यसरी प्राप्त गर्ने सम्पत्ति विवरण गोप्य राखिने व्यवस्था उपदफा (४) मा छ । अनुसन्धान र तहकिकातको सिलसिलामा सम्पत्ति विवरण माग हुन आएमा मात्रै त्यस्तो विवरण सम्बन्धित अधिकारीलाई उपलब्ध गराउन सकिने यही उपदफामा व्यवस्था छ ।

ऐन संशोधन गर्न ल्याएको विधेयकमा पनि समेटिएन सम्पत्ति विवरण सार्वजनिक गर्ने विषय

भ्रष्टाचार निवारण (पहिलो संशोधन) ऐन २०७६ प्रतिनिधिसभामा दफावार छलफलको चरणमा छ । विधेयकमा केही शब्द हेरफेर गरिए पनि सम्पत्ति विवरण सार्वजनिक गर्ने विषय भने समेटिएको छैन । विधेयकको दफा ५० को उपदफा (१) मा 'सार्वजनिक पद धारण गरेको व्यक्तिले त्यस्तो पद धारण गरेको' भन्ने ठाउँमा 'सार्वजनिक पदमा बहाल रहेको राष्ट्रसेवकले त्यस्तो पदमा बहाल भएको' लेख्ने प्रस्ताव गरिएको छ । त्यस्तै, उपदफा (२)मा रहेको 'सर्वजनिक पद धारण गरेका व्यक्तिले' भन्ने शब्दहरूको सट्टा 'राष्ट्रसेवकले' भन्ने राखिएको छ ।

उपदफा (२)पछि उपदफा (२ क) र (२ ख) थपिएका छन् । (२ क)मा 'सम्पत्ति विवरण पेस गर्नुपर्ने अवधिमा कुनै राष्ट्रसेवक असाधारण वा अध्ययन बिदामा रहेको वा अस्पतालमा भर्ना भई वा अशक्त भई बिदामा रहेको वा नेपाल सरकारको निर्णयबाट कुनै तालिम, अध्ययन, सम्मेलन वा वार्ताका लागि बिदामा रहेको वा काज खटिएकोमा त्यस्तो बिदा वा काज समाप्त भई सम्बन्धित कार्यालयमा हाजिर हुनुपर्ने मितिले ३० दिनभित्र सम्पत्ति विवरण पेस गर्नुपर्ने' उल्लेख छ । त्यस्तै, (२ ख) मा 'उपदफा (१), (२) र (२ क) मा जुनसुकै कुरा लेखिएको भए पनि अनुसन्धान अधिकारीले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी खास तह, समूह, निकाय वा संस्थामा कार्यरत राष्ट्रसेवकलाई आफ्नो वा आफ्ना परिवारका नाममा रहेको सम्पत्तिको स्रोत वा निस्सासहितको अद्यावधिक विवरण कुनै खास खास अवधिमा पेस गर्नुपर्ने वा पेस गर्नुनपर्ने गरी तोक्न सक्ने' उल्लेख छ ।

उपदफा (३)को सट्टा देहायको उपदफा (३) राखेर लेखिएको छ, 'उपदफा (१), (२), (२ क) वा (२ ख) बमोजिमको म्यादभित्र सम्पत्ति विवरण पेस नगर्ने राष्ट्रसेवकलाई दश हजार रुपैयाँसम्म जरिवाना हुनेछ र त्यस्तो राष्ट्रसेवक र निजको परिवारको नाममा गैरकानुनी सम्पत्ति रहेको अनुमान गरी सम्बन्धित निकाय वा अधिकारीले अनुसन्धान गर्न सक्नेछ ।'

शरणार्थीका...

पृष्ठ १ बाट क्रमशः

हामीले भुटानसमक्ष मुख देखाउन पनि नसक्ने अवस्था आएको छ,' पाण्डेको टिप्पणी छ ।

पूर्वराजदूत युवनाथ लम्सालले भने नक्कली शरणार्थी प्रकरणमा संलग्नहरूले नेपालको विश्वसनीयतामा प्रश्न उठ्ने परिस्थिति बनाएको, तर सरकारले मुलुकको थप बदनाम हुनबाट जोगाएको टिप्पणी गरे । 'हामी अझै बदनाम हुनेवाला थियौं । थप बदनाम हुनबाट जोगिएका छौं । सरकारले छानबिन प्रक्रियालाई निष्कर्षमा पुऱ्याउनुपर्छ । विगतमा तेस्रो मुलुक पुनर्वासमा गएकाका विषयमा पनि छानबिन गर्नुपर्छ,' उनले भने, 'मुलुकको विश्वसनीयता बचाउन नेपालको राज्य सक्षम, गम्भीर र इमानदार छ भन्ने सन्देश दिनुपर्छ ।'

अन्तर्राष्ट्रिय मामिलाका जानकार अनिल सिम्देलले नक्कली शरणार्थी प्रकरणबाट नेपाली लोकतन्त्रको वैधानिकता र विश्वसनीयतामा हानि पुगेको टिप्पणी गरे । 'यस तहको भ्रष्टाचार प्रकरणले अमेरिकालगायत अन्तर्राष्ट्रिय शक्तिहरूलाई नेपालसम्बन्धी आफ्ना नीतिहरू पुनरावलोकन गर्न बाध्य पार्नेछ र त्यो नेपालको हितमा हुनेछैन,' उनले भने, 'क्षेत्रीय भूराजनीतिक परिवर्तनको समयमा यस्ता भ्रष्ट व्यवहारले छिमेकीको चिन्ता पनि बढाउनेछ ।'

वार्ताको सुरुवात र अन्त्य

०४८ को चुनावपछि निर्वाचित प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले सर्वदलीय बैठक बोलाएर शरणार्थी फिर्तीबारे नेपालका तीनवटा रणनीति सार्वजनिक गरेका थिए । पहिलो, भुटान नरेशसँग वार्ता गर्ने । दोस्रो, त्यसो हुन नसके भारतका प्रधानमन्त्रीसँग कुरा गर्ने । तेस्रो, त्यति पनि नभए शरणार्थी मुद्दालाई अन्तर्राष्ट्रियकरण गर्ने । दुवै विकल्प सफल नभएपछि कोइरालाले २० अप्रिल १९९३ मा काठमाडौंस्थित विदेशी कूटनीतिज्ञलाई बोलाएर 'अब नेपालले भुटानी शरणार्थी मामिलालाई अन्तर्राष्ट्रियकरण गर्ने' जानकारी गराए । सोही वर्षको जुनमा अस्ट्रियाको राजधानी भियनामा आयोजित मानव अधिकारसम्बन्धी सम्मेलनमा भुटानी शरणार्थी समस्या उठान गर्ने कोइरालाको तयारी थियो । तर, भुटानी राजाले वार्ताको वातावरण बनाउने आश्वासन दिएपछि कोइरालाले त्यो मुद्दा लगेनन् । भुटान पछिसम्म कोइरालासँग त्रसित भयो, तर समस्या समाधान गर्ने तत्परता भने देखाएन ।

वार्ताको सुरुमा नेपालले प्रस्तुत गरेको विवरणअनुसार भुटानी नागरिकता भएका १० हजार ७३ परिवार, जग्गाधनी प्रमाणपत्र भएका एक हजार सात सय ६२, स्वास्थ्यसँग सम्बन्धित प्रमाणपत्र भएका दुई सय ५१ र शैक्षिक प्रमाणपत्र भएका ४० परिवार थिए । त्यस्तै, सरकारी परिचयपत्र, विवाह दर्ता प्रमाणपत्र वा अदालतमा पेस गरेका दस्ताबेज भएका दुई हजार चार सय ९० र तीन सय ६८ परिवारमा कुनै पनि भुटानी प्रमाणपत्र थिएन ।

नेपाल र भुटानबीच सन् १९९३ देखि २००३ सम्म शरणार्थी समस्या समाधानका लागि १५औं चरणको वार्ता भएको थियो । वार्तामा भुटानीलाई चार श्रेणीमा विभाजित गरिए को थियो । जबर्जस्ती निकालिएका असली भुटानी नागरिक, भुटानमा बसाई सरेका नागरिक, गैरभुटानी नागरिक र अपराधमा संलग्न भुटानीहरू । वर्गीकरणप्रति आपत्ति जनाउँदै भुटानी शरणार्थीले विरोध जनाएपछि वार्ताबाट भागेको भुटान अहिलेसम्म पनि वार्ताका लागि तयार देखिएको छैन ।

भुटानलाई फाइदा

९० को दशकमा देश निकाला गरिएका नाग रिकको मामिला सल्टाउन नसके गद्दी त्याग्छु भनेका तत्कालीन भुटानी राजा जिग्मी सिङ्घी वाङचुकले ६ नोभेम्बर २००८ मा २८ वर्षको उमेरमा जेठा छोरा जिग्मी खेसर नामग्याल वाङचुक (अहिलेका राजा)लाई राजगद्दी बुझाए । त्यसपछि सुरु भएको प्रजातान्त्रिक अभ्यास निरंकुश मोडलको छ । भुटानमा राजनीतिक सहजता छैन ।

सन् २००९ मा राष्ट्रसंघीय मानव अधिकार उच्च चायुक्तको कार्यालयलाई बुझाएको प्रतिवेदनमा १९६० मा भुटानले पहिलोपटक सामाजिक-आर्थिक विकासको थालनी गरेको र यसबाट लाभ लिन नेपाली भुटान पसेको उल्लेख गरेको छ । प्रतिवेदनको बुँदा नम्बर ८५ मा भनिएको छ, 'दक्षिण भुटानका हल्लोत्छाम्पाहरू मूल रूपले नेपाली भएका हुँदा यी अवैधानिक बसाइँ सरुवाहरू सजिलैसँग उनीहरूसित समावेश हुनुका साथै अवैधानिक ढंगले कागजपत्र बनाई भुटानी नागरिकका रूपमा पञ्जीकृत भएका थिए ।'

सन् १९५८ भन्दा पछि नागरिकता लिएकाहरू बारे सन् १९८८ मा सञ्चालन गरिएको पहिलो देशव्यापी जनगणनापछि मात्रै पत्ता लागेको र दक्षिणमा अप्राकृतिक तरिकाले जनसंख्या बढ को देखिएपछि सरकारले देशको नागरिकता र आप्रवास नियमलाई कठोरतासाथ लागू गरेको उसको धारणा अहिलेसम्म कायम छ । 'अभाग्यवश, राजनीतिक स्वार्थमा डुबेका केही मानिसले दक्षिण भुटानका जनतामाथि पक्षपात गरिँदै छ भन्ने हल्ला फिँजाएर देशमा राजनीतिक उथलपुथल ल्याए,' प्रतिवेदनमा भनिएको छ ।

भुटानी शरणार्थी नेताको प्रश्न- हाम्रो नाम बेचियो, हामी कहाँ जाने ?

तेस्रो मुलुक पुनर्वासमा जान बाँकी रहेका ६ हजार तीन सय ६५ जना भुटानी शरणार्थी पूर्वी नेपालको बेल्डाँगी र पथरी-शनिश्चरे शिविरमा स्वदेश जाने पर्खाइमा छन् । शरणार्थीको नाममा ठगीसम्बन्धी प्रकरण सार्वजनिक भएपछि स्वदेश फर्कने बाटो बन्द होला भन्ने चिन्ताले शरणार्थीहरू भयभीत छन् । सन् २०१६ देखि पुनर्वास प्रक्रिया पूर्ण रूपमा बन्द भएपछि शरणार्थीसम्बन्धी संयुक्त राष्ट्रसंघीय कार्यालय (युएनएचसिआर)ले गरेको सर्वेक्षणमा अधिकांश शरणार्थी स्वदेश जान चाहेको उल्लेख छ ।

'शरण भूमि नेपालमा हाम्रो नाम बेचिएको छ, नेपाल-भुटान वार्ता ठप्प छ । तेस्रो मुलुक जाने ढोका बन्द छ, हामी अब कहाँ जाउँ ?' भुटान पिपुल्स पार्टीका अध्यक्ष बलराम पौडेलले प्रश्न गरे, 'भुटानभित्र ३० हजारजना नागरिकताबाट वञ्चित छन् । त्यहाँभित्रको समस्या बेग्लै छ । नेपालमा भएकालाई लैजान भुटान सरकारले आनाकानी गरिरहेको छ । अब हामी कहाँ जाने ? कसलाई पुकारा गर्ने ?'

बाँकी रहेका शरणार्थी भुटानी नागरिक भएकाले उनीहरू स्वदेश फर्कन पाउनुपर्ने नेपालको अडान छ । तर, नेपाल र भुटान सरकारबीच शरणार्थीका विषयमा वार्ता ठप्प छ । 'हामी स्वदेश जान पर्खेर बसेका छौं । शरण भूमि नेपाल सरकार हाम्रो अभिभावक हो । भुटान, भारत र नेपालबीच त्रिपक्षीय वार्ताबाट समस्याको समाधान गर्नुपर्छ,' पौडेलले भने ।

दमकमा रहेको कार्यालय बन्द गर्नुअघि युएनएचसिआरले गरेको पछिल्लो सर्भेमा नेपालमा रहेकामध्ये ३० प्रतिशत भुटानीले स्वदेश फर्कन चाहेको उल्लेख छ । सर्भेअनुसार हाल शिविरमा रहेकामध्ये करिब पाँच सय शरणार्थीले नेपालमै विवाह गरेका छन् । उनीहरूले नेपालमै बस्न चाहेका छन् । अधिकांशको परिवार टुटेको छ । 'कोही तेस्रो देश पुनर्वासमा गएका छन्, कोही शरणार्थी शिविरमा छन् । पारिवारिक पुनर्मिलनका लागि अर्को मुलुक जान पाएका छैनन्,' पौडेलले भने ।

दश वर्षयता नेपालले पटक-पटक भुटानलाई शरणार्थीबारे वार्ता गर्ने प्रस्ताव गर्दा कुनै जवाफ नदिएको पररा्ष्ट्र अधिकारीहरूको भनाइ छ । पछिल्लोपटक केपी ओली प्रधानमन्त्री हुँदा ०७५ मा वार्ताका लागि आग्रह गरे पनि भुटानले जवाफ फर्काएन । त्यसअघि ०६५ मा प्रचण्ड नेतृत्वको सरकार तथा ०६८ मा डा. बाबुराम भट्टराई नेतृत्वको सरकारले शरणार्थीबारे वार्ताका लागि भुटान सरकारलाई प्रस्ताव पठाएको थियो । 'भुटान सरकारले शरणार्थीबारे वार्ता होइन, बरु नेपाललाई आर्थिक सहायता दिने इच्छा राख्यो, त्यसपछि हामीलाई अप्ठेरो भयो र अघि बढेनौं,' एक पूर्वपरराष्ट्रमन्त्रीले नयाँ पत्रिकासँग भने ।

भुटानले १९९० को दशकमा जबर्जस्ती खेदिएका नागरिक शरणार्थी नभएको जिकिर गर्दै आएको छ । २००९, २०१४ मा भुटानले राष्ट्रसंघीय मानव अधिकार परिषद्मा बुझाएको प्रतिवेदनमा शरणार्थीहरू अवैधानिक आप्रवासी भएको उल्लेख गरेको छ । नेपाल र भुटानबीच शरणार्थी फिर्तीका विषयमा ०६० मा १५औं चरणको वार्ता भएको थियो । त्यसपछि भुटानले वार्तामा बस्न अस्वीकार गर्दै आएको छ । 'शरणार्थीका नाममा भएको ठगी प्रकरणले भुटानको नियतलाई फाइदा पुग्ने देखिएको छ । नेपाल सरकारले ठगी प्रकरण र शरणार्थीको स्वदेश फिर्ताका विषयलाई अलग्गै ढंगले लिएर समाधानका लागि प्रयास गर्नुपर्छ,' पौडेलले भने ।

२००६ देखि अन्तर्राष्ट्रिय समुदायको सक्रियतामा नेपालमा रहेका भुटानी शरणार्थी तेस्रो मुलुक पुनर्वासमा गएका छन् । भुटानी पहिचानसहित आठवटा मुलुकमा जम्मा एक लाख १३ हजारभन्दा बढी शरणार्थीको पुनर्वास गराइएको छ । उनीहरू अमेरिका, बेलायत, नर्वे, नेदरल्यान्ड, न्युजिल्यान्ड, डेनमार्क, क्यानडा र अस्ट्रेलियामा छन् ।

शरणार्थी नेता पौडेल नक्कली शरणार्थी पठाउने विषयमा भुटानी शरणार्थी नेताकै संलग्नता रहेको सार्वजनिक भएकोमा अझ दुःखी छन् । शरणार्थी नेता टेकनाथ रिजाल पनि यो प्रकरणमा संलग्न भएको सार्वजनिक भएपछि शरणार्थीका नेताहरूमाथि पनि चौतर्फी दबाब परेको छ । 'तपाईंहरू सबै यो प्रकरणमा सामेल हुनुभयो भन्ने आरोप हाम्रै साथीहरूबाट हामीमाथि पनि लाग्न सुरु भएको छ । हामी ठगी प्रकरणको निन्दा गर्छौं, यसको जरैबाट अनुसन्धान होस् र दोषीमाथि कानुनी कारबाही होस् भन्ने चाहन्छौं,' उनले भने ।

पौडेलले पनि शरणार्थी छानबिनसम्बन्धी तत्कालीन कार्यदल सदस्यहरूसँग भेटेका थिए । तर, कार्यदलले त्यसवेला शरणार्थी शिविरमा गएर विस्तृत रूपमा अध्ययन नगरेको उनको भनाइ छ । 'मुख्य कुरा त दर्ता नभएका भुटानी शरणार्थी के-कति छन् भन्ने सबै विवरण जिल्ला प्रशासन कार्यालयमा छँदै थियो । दर्ता नभएकाले सहीछाप गरेको निवेदन बुझ्काएका थिए । कार्यदल किन बन्नुपऱ्यो भन्ने नै हामीले बुझ्न सकेनौं,' पौडेलले भने, 'अर्कातिर कार्यदलले स्थानीय प्रशासनलाई उपेक्षा गऱ्यो भन्ने हामीले सुन्यौं ।'

बाँकी रहेका शरणार्थीका नाममा भएको ठगीलाई सामान्य रूपमा लिन नहुने उनको भनाइ छ । 'नक्कली शणार्थीका नाममा भुटानको डकुमेन्ट कसरी बन्यो ? जब कि प्रमाणित भुटानी डकुमेन्ट हुँदाहुँदै पनि वास्तविक शरणार्थीले तेस्रो देश पुनर्वासमा जान सकेनन् । नक्कलीलाई लैजाने व्यवस्थापनको सेटिङ कसरी भयो ?' उनको प्रश्न छ ।

भ्रष्टाचारविरुद्ध...

पृष्ठ १ बाट क्रमशः

लामिछाने ड्युटीमा खटिएका प्रहरीको समूहमा पुगे । एक प्रहरी हवल्दारलाई हातमा बोकेको फूल थमाउँदै भने, 'धन्यवाद ! तपाईंमार्फत तपाईंको नेतृत्वलाई खुट्टा नकमाउन भन्दिनुस् । सलाम तपाईंहरूलाई !' त्यसपछि शिरमा हात लगेर प्रहरीलाई सलामी ठोके । भ्रष्टाचारको विरोधमा सहभागी अन्यले उक्त सलामीको समर्थनमा ताली बजाए । नक्कली शरणार्थी बनाएर अमेरिका पठाउने भन्दै गरिएको ठगीमा 'हाई प्रोफाइल'कै संलग्नता देखिएपछि यतिवेला नागरिकहरू स्वस्फूर्त रूपमा भ्रष्टाचारविरोधी आन्दोलनमा उत्रिन थालेका छन् । काठमाडौंको नारायणचौर र माइतीघरमा भएको शनिबारको प्रदर्शनमा सयौंको संख्यामा नागरिकहरू कुनै राजनीतिक दल या संस्थाको झन्डा नबोकी प्ले कार्ड र फूलसहित रचनात्मक विरोधमा उत्रिएका थिए ।

नारायणचौरमा भएको आन्दोलनमा एउटा टेबुलमाथि 'धन्यवाद नेपाल प्रहरी' लेखिएको ब्यानर राखिएको थियो । सहभागीले उक्त ब्यानरमा फूल चढाउँदै ड्युटीमा खटिएका प्रहरीलाई स्याबासी दिएका थिए । 'नेपाल प्रहरीले मुटु दह्रो बनाई शरणार्थी प्रकरणका दोषीलाई जसरी पनि कठघरामा ल्याउनुपर्छ भनेर विरोध कार्यक्रम गरिएको हो । यो कार्यक्रम भ्रष्टाचारको विरोधमा त हुँदै हो, सँगसँगै अहिलेसम्मको साहसका लागि प्रहरीलाई आभार प्रकट गर्न पनि हो । दोषीलाई कठघरासम्म पुऱ्याउन खुट्टा नकमाउनुस् भन्नलाई पनि हो,' कार्यक्रमको व्यवस्थापन गरेका अभियानकर्ता विश्वदीप लामिछानेले बताए ।

कार्यक्रममा पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराई, रास्वपा सभापति लामिछाने, सांसद असिम शाह, चिकित्सक गोविन्द केसीलगायत नागरिक अगुवा सहभागी थिए । उनीहरू चौरमा नागरिकसँगै बसेर विरोधमा सहभागी भएका थिए । विरोध कार्यक्रममा सहभागीले 'किन पक्ष-विपक्ष, छानबिन गर निष्पक्ष', 'भ्रष्टाचारको रकम ब्याजसहित फिर्ता गर'लगायत नारा लेखिएका प्ले कार्ड प्रदर्शन गरेका थिए ।

अनुसन्धान ठीक ढंगले हुनेमा बाबुरामको आशंका

विरोध कार्यक्रम सहभागी पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईले राजनीतिक हस्तक्षेपका कारण नक्कली शरणार्थी प्रकरणको अनुसन्धान ठिक ढंगले हुनेमा आशंका व्यक्त गरे । गठबन्धन जोगाउनकै लागि प्रधानमन्त्रीले खुट्टा कमाउने हो कि भन्ने आशंका रहेको उनले पत्रकारहरूसँग बताए । 'अहिलेको निर्वाचन प्रणालीले बहुमत हुन दिँदैन,' उनले भने, 'यस्तो अवस्थामा अस्थिर सरकार भइसकेपछि गठबन्धन जोगाउनकै निमित्त दह्रोसँग कदम चाल्न नसक्ने आशंका छ । त्यही पनि आशा गरौं, प्रधानमन्त्रीले खुट्टा कमाउनु हुनेछैन, दह्रोसँग टेक्नुहुनेछ ।'

एमाले नेता टोपबहादुर रायमाझी प्रहरी अनुसन्धानलाई सघाउनुको सट्टा फरार हुँदा यसले इमानदारितामा प्रश्न उठ्ने उनको भनाइ थियो । 'राजनीतिमा इमानदारिपूर्वक काम गर्ने मान्छे हो भने त्यसरी भाग्नुहुँदैन । मिडियामा आएअनुसार त बिरामी हो भन्ने आएको छ । त्यो हो पनि भनेको भए भइहाल्थ्यो । जे भए पनि यो बेठीक नै हो,' उनले भने ।

उनले भ्रष्टाचार रोक्न नागरिक खबरदारी महत्त्वपूर्ण रहने बताए । 'सडक, सदन र सरकार तीनवटै क्षेत्रबाट निरन्तर प्रयत्न गरेर मात्रै भ्रष्टचार रोक्न सकिन्छ,' उनले भने, 'जे होस्, नक्कली शरणार्थी प्रकरणको अनुसन्धान अगाडि बढ्यो, धेरै राम्रो भयो । किन र कसरी, अनेक सिद्धान्त छन्, त्यता अहिले नजाऔं । अब छानबिन राम्रोसँग होस् ।'

रवि लामिछानेले भने- यो सुरुवात हो, सफलता होइन

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले एउटा काण्डको छानबिन सुरु गर्दैमा यसलाई सरकारको सफलता भन्न नसकिने बताए । नारायणचौरमा आयोजित भ्रष्टाचारविरोधी आन्दोलनमा पत्रकारसँग कुरा गर्दै उनले लाइनमा रहेका अन्य धेरै काण्डको अनुसन्धान भए मात्रै सरकारको सफलता मान्न सकिने बताए । 'एउटा काण्डको अनुसन्धान खोल्दैमा सरकारलाई नै सफलता भन्दा अलि धेरै हुन्छ,' उनले भने, 'त्यति धेरै पनि नलिऊँ होला । आशावादी हुनुपर्छ । धेरै काण्ड लाइनमा छन् । ती काण्डमाथि पनि अनुसन्धान होऊन्, अनि हेर्छौं । सरकारले यसलाई सुरुवात बिन्दु मानेको हो भने स्याबास सरकार, तर यो रोकिनुभएन ।' सरकारले भ्रष्टाचार गर्ने पूर्वगृहमन्त्रीलाई समेत कारबाहीको दायरामा ल्याउन सक्दा यो अन्तर्राष्ट्रियस्तरमा पनि देश चिनाउने नजिर बन्ने उनको भनाइ थियो ।

त्यस्तै, खबरदारी गर्न सडकमा आइपुगेका डा. गोविन्द केसीले नक्कली शरणार्थी प्रकरणको सत्य-तथ्य छानबिन गर्न सरकारले खुट्टा कमाउन नहुने बताए । सरकारले शीर्ष नेताहरूको पनि छानबिन गरी दोषी ठहरिए कारबाही गर्नुपर्ने उनको भनाइ थियो । 'भुटानी शरणार्थी काण्डमा खुट्टा कमाउनुहुँदैन । छानबिन विस्तृत हुनुपर्छ, निष्पक्ष हुनुपर्छ,' उनले भने, 'शीर्ष नेता पनि दोषी पाइयो भने उनीहरूलाई कारबाही हुनपर्छ । देउवा, ओली, प्रचण्ड पनि दोषी पाइयो भने कारबाही हुनुपर्छ । शीर्ष नेता भ्रष्ट नभईकन ऊभन्दा तलको नेता भ्रष्ट हुन गाह्रो छ ।'

माइतीघरमा नारा : करोडौंको बंगला तिमीलाई कसले किन्दियो ?

शनिबार नै काठमाडौंको माइतीघरमा समेत नागरिक स्वस्फूर्त भ्रष्टाचारविरोधी आन्दोलनमा उत्रिए । 'भ्रष्ट, नालायकविरुद्ध सबै एकजुट हुने दिन आयो, पार्टी, संस्था, वादलाई आफैंसित राखेर राष्ट्रका लागि उत्रिने वेला आयो,' नारासहित बिहान ११ बजे सयौंको संख्यामा नागरिकहरू अगुवाहरू माइतीघरमा उपस्थित भएका थिए ।

उनीहरूले 'करोडौंको महल तिमीलाई कसले किन्दियो', 'नेताहरूको घडीमा तस्करको ब्याट्री', 'सरकार भ्रष्टाचारी खोज्न खट्ने कि पछाडि हट्ने', 'भन्नेछौं हामी बारम्बार, भ्रष्टाचारीलाई कारागार' लगायत नारा लेखिएका प्ले कार्ड बोकेका थिए । आन्दोलनमा डा. गोविन्द केसी, सांसद असिम शाह, विवेकशील साझाका मिलन पाण्डे, रञ्जु दर्शनालगायत सहभागी थिए । आन्दोलनमा सहभागीले भ्रष्टाचारको विरोधमा विभिन्न सांगीतिक प्रस्तुतिसमेत दिएका थिए ।

श्रीमान्-श्रीमती...

पृष्ठ १ बाट क्रमशः

योजनाकार केदार फरार छन् । गीतालाई भने प्रहरीले पक्राउ गरेको छ ।

सरकारी निकायको कमजोर नियमनको फाइदा उठाउँदै शर्मादम्पतीले सर्वसाधारणको पैसा आफूअनुकूल खर्च गरेका हुन् । उनीहरूले संस्थाबाट कर्जा लिएर विभिन्न क्षेत्रमा लगानी गरेकोमा संस्थालाई ब्याजसमेत तिरेका छैनन् । अनुसन्धानमा आबद्ध सिआइबीका अधिकारी भन्छन्, 'जसरी इच्छाराज तामाङले सिभिल सहकारी डुबाएका थिए, त्यसैगरी शर्मादम्पतीले शिवशिखर सहकारी डुबाएको देखिन्छ ।'

यो हिनामिनामा संस्थाका धेरै सञ्चालक तथा कर्मचारीको मिलेमतो देखिएको छ । भक्तपुरको कौशलटारमा केन्द्रीय कार्यालय रही देशका विभिन्न सहरमा ३५ वटा शाखा कार्यालय तथा सेवा केन्द्र रहेको सो सहकारी लामो समयदेखि संकटमा छ । संस्थाले हजारौं निक्षेपकर्ताको निक्षेप फिर्ता गर्न सकेको छैन । १६ प्रतिशत ब्याज दिने भन्दै विज्ञापन गरेर उनीहरूले देशभरिबाट ठूलो निक्षेप उठाएका थिए ।

उपत्यकाका तीनै जिल्लाका साथै विराटनगर, पोखरा, हेटौंडा, भरतपुर, बुटवल, बाग्लुङ, कञ्चनपुर, कैलालीलगायत जिल्लामा संस्थाको सेवा केन्द्र छ । ती ठाउँका पीडितहरूले निक्षेप फिर्ताका लागि संघर्ष गर्दै आएका छन् । सहकारी विभागले पनि यस विषयमा पटक-पटक छलफल गराउँदै आएको छ । गत १२ वैशाखमा गीतालाई समेत उपस्थित गराई छलफल गरेको थियो । जसमा उनले आफ्ना सबै सम्पत्ति बेचेर संस्थाको पैसा फिर्ता गर्ने प्रतिबद्धता जनाएकी थिइन् । साथै, १० दिनभित्र श्रीमान्लाई उपस्थित गराउने बताएकी थिइन् । शर्मादम्पतीलगायत सहकारीका सबै सञ्चालकको सम्पत्ति रोक्का गर्न सहकारी विभागले नै यसअघि सम्बन्धित निकायलाई पत्राचार गरिसकेको छ । विभागकै पत्राचारअनुसार सिआइबीले ठगी मुद्दामा अनुसन्धान अघि बढाएको हो ।

उपत्यकाका पीडितहरूलाई ब्युरोमा तथा अन्य जिल्लाको हकमा सम्बन्धित जिल्लाको प्रहरी कार्यालयमा सम्पर्क गर्न सिआइबीले आग्रह गरेको छ । पीडितसँग उजुरी लिएर ठगी मुद्दामा कारबाही अघि बढाउन सो सहकारीको शाखा कार्यालय रहेका जिल्लाका प्रहरी कार्यालयलाई पत्राचार गरेको छ ।

सर्टिफिकेट हरायो

मिति २०७९/१२/०५ गते बुढानिलकण्ठ देखि महाराजगन्ज सम्म जाँदा मेरो निम्न व्यहोराको सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम : लक्सना नेपाली
Address : Budhanilkantha-4
TU Reg.No. : 7-2-723-47-2010
Symbol No.: 22924/53
Contact : 9808683885

प्रतिष्ठत कम्पनीको लागी काठमाडौ उपत्यका भित्र जग्गा खरिद सम्बन्धी सूचना

एक प्रतिष्ठत कम्पनीको लागी काठमाडौ उपत्यका भित्र जग्गा खरिद गर्नु पर्ने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । बिक्री गर्न ईच्छुक व्यक्ति/फर्म/कम्पनी/संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले १४ दिनभित्र देहायका शर्त अधिनमा रही यस संस्थाको ईमेल ठेगाना landpurchase63@gmail.com मा आई पुग्ने गरि आवेदन पेश गर्नु हुन अनुरोध गर्दछौ ।

शर्तहरु देहाय बमोजीम हुनेछ :

१. जग्गाको क्षेत्रफल कम्तिमा २५ आना देखि ४८ आना सम्म हुन पर्नेछ,
२ जग्गा काठमाडौ चक्रपथ भित्र वा चक्रपथको १ कि.मि को दुरी मा रहेको हुनपर्नेछ,
३. जग्गाको स्वामित्वमा कुनैपनि कानुनी झैझमेला नरहेको हुन पर्नेछ,

माथि उल्लेखित शर्तहरु पुरा रहेको जग्गा धनीहरुले जग्गा धनी प्रमाण पुर्जाको प्रतिलिपि, नक्सा, ट्रेस संलग्न गरि प्रति अना मुल्य रकम अंक अक्षर दुवैमा खुलाई, जग्गा धनीको सम्पर्क नम्बर सहित उल्लेखि ईमेल ठेगाना landpurchase63@gmail.com मा निवेदन पेश गर्नुहुन अनुरोध गरिन्छ ।

नेपाल सरकार
गृह मन्त्रालय
मधेश प्रदेश प्रहरी कार्यालय
जनकपुरधाम, धनुषा

बोलपत्र स्वीकृत हुने आशयको सूचना

प्रकाशित मिति : २०८०/०१/३१

यस कार्यालयको मिति २०७९/१२/२० गतेको राष्ट्रिय स्तरको नयाँ पत्रिका पत्रमा प्रकाशित निम्न उल्लेखित निर्माण कार्यको लागि शिलबन्दी ई-बोलपत्र आव्हान सम्बन्धि सूचनाको म्याद भित्र पर

सन्दीप र भीमलाई 'ए' श्रेणीको सुविधा दिन छलफल

पछिल्लो समय देशका लागि अन्तर्राष्ट्रिय खेलहरूमा उत्कृष्ट प्रदर्शन गरेका सन्दीप लामिछाने र भीम सार्कीलाई आगामी असारमा हुने नयाँ वर्गीकरणमा समावेश गर्ने क्यानको तयारी

रमेश सुवेदी/नयाँ पत्रिका

नेपाली राष्ट्रिय क्रिकेट टोलीले एकदिवसीय विश्वकप ग्लाबेल छनोट र एसिया कपमा स्थान बनाउँदा पूर्वकप्तान सन्दीप लामिछाने र भीम सार्कीले उत्कृष्ट प्रदर्शन गरेका थिए। नेपाल क्रिकेट संघ (क्यान)ले असारमा हुने खेलाडीको नयाँ वर्गीकरणमा सन्दीप र भीमलाई समावेश गर्ने छलफल थालेको छ। क्यानले दुवै खेलाडीलाई सम्भवतः 'ए' श्रेणीमा राखी सुविधा दिन छलफल सुरु गरेको क्यान स्रोतले नयाँ पत्रिकालाई जानकारी दिएको छ।

'गत माघमा भएको खेलाडी वर्गीकरणमा सन्दीप र भीम समावेश भएका थिएनन्, पछिल्ला प्रदर्शनका आधारमा दुवै खेलाडी माथिल्लो श्रेणीमै रहन सक्छन्,' क्यान स्रोतले भन्यो। क्यानले गरेको पछिल्ला खेलाडी वर्गीकरणमा सन्दीप र भीम समावेश भएका थिएनन्। वर्गीकरणमा नपरेका सन्दीप र भीमले नेपालले खेलेका अन्तर्राष्ट्रिय म्याच फ्री मात्र पाएका थिए। सन्दीप र भीमले आइसिसी विश्वकप लिग-२ र एसिसी प्रिमियर कपमा उत्कृष्ट प्रदर्शन गरेका थिए।

क्यानले खेलाडीको प्रदर्शनका आधारमा राष्ट्रिय टोलीका खेलाडीलाई तीन खण्डमा वर्गीकरण गरेको छ। वर्गीकरणमा परेका खेलाडीले क्यानबाट प्रतिमहिना पारिश्रमिक थाप्छन्। 'सन्दीप र भीमलाई नयाँ केन्द्रीय सम्झौतामा राख्ने छलफल चलेको छ,' स्रोतले भन्यो, 'आउँदो खेलमा कस्तो प्रदर्शन हुन्छ, त्यसमा निर्भर पर्छ, तर 'ए' श्रेणीमा पर्न सक्ने सम्भावना छ।'

सन्दीप एसिसी प्रिमियर कपमा अलराउन्ड प्रदर्शन गर्दै प्लेयर अफ दी सिरिज घोषित भएका थिए। सन्दीपले १३ विकेट लिनुका साथै ब्याटिङमा ५५ रन बनाएका थिए। भीमले अन्तर्राष्ट्रिय मान्यताप्राप्त पछिल्ला तीन एकदिवसीय खेलमा अर्धशतक बनाए। एसिसी प्रिमियर कपको फाइनलमा उनले युएईविरुद्ध ७२ रनमा अविजित, ओमानविरुद्ध ५६ र युएईविरुद्ध नै ७६ रन जोडेका थिए।

यसैगरी, लिस्ट 'ए'मा समेत उनको प्रदर्शन उम्दा छ। एसिसी प्रिमियर कपको फाइनल रिजर्भ डेमा पुग्दा भीमको इनिङ्स सम्झनलायक रह्यो। उनले सो प्रतियोगितामा पूर्वकप्तान ज्ञानेन्द्र मल्लको स्थान लिएका थिए। नेपाल टी-२० लिगबाट भीमको उदय राष्ट्रिय टोलीमा भएको थियो।



सन्दीप लामिछाने • भीम सार्की

कसरी तयार पारिन्छ वर्गीकरण ?

अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी)बाट प्राप्त हुने सहयोगकै आधारमा क्यानले खेलाडीलाई प्रतिमहिना तलब खुवाउने गर्छ। अन्तर्राष्ट्रिय प्रचलनअनुसार क्यानले ए, बी र सी श्रेणीका खेलाडीलाई वर्गीकरण गरेको हो। आइसिसीकै रोडम्यापअनुसार खेलाडीको वर्षभरिको प्रदर्शनअनुसार वर्गीकरण हुने गर्छ। अन्तर्राष्ट्रिय तथा घरेलु प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडी 'ए' श्रेणीमा रहन्छन्। त्यसपछि औसत प्रदर्शन गर्ने बी र टोलीका कम प्रभाव जमाएका खेलाडीलाई सी श्रेणीमा राखिन्छ। कुनै प्रतियोगितामा प्रशिक्षकको नजरबाट टोलीमा छानिएका खेलाडीले सम्बन्धित क्रिकेट संघबाट दैनिकी र खेल दौरानको भत्ता पाउँछन्। वर्गीकरणमा परेका साथै टोलीमा स्थान बनाएका खेलाडीले पारिश्रमिक र भत्ता दुवै हात पार्नेछन्। क्यानले पुरुषतर्फको ए श्रेणीलाई ६० हजार, बी श्रेणीलाई ५० हजार र सी श्रेणीकालाई ४० हजार मासिक तलब उपलब्ध गराउँदै आएको छ। यसैगरी, खेलाडीले दैनिकी खेलभत्ता १० हजार उपलब्ध गराउँछ। खेल नभएको अवस्थामा क्यानले मात्र एक हजार भत्ता दिने गरेको छ।

असारमा नयाँ वर्गीकरण

क्यानले गत माघमा ६ महिनाका लागि खेलाडीसँग केन्द्रीय सम्झौता गरेको थियो। क्यानको केन्द्रीय सम्झौता सकिन लागेको छ। ६ महिना पूरा भएसँगै क्यानले नयाँ सम्झौता असारमा गर्नेछ। यही नयाँ वर्गीकरणमा प्रदर्शनका आधारमा खेलाडीहरूको नयाँ वर्गीकरण हुने क्यानका कार्यवाहक सचिव दुर्गाराज पाठकले नयाँ पत्रिकालाई जानकारी दिएका छन्। यसमा पुराना बाहिरिन पनि सक्छन्। नयाँ खेलाडी नयाँ वर्गीकरणमा पर्न सक्छन्। 'सम्झौता असारमा मात्रै सकिनेछ। त्यसपछि मात्रै नयाँ वर्गीकरण गर्नेछौं,' क्यानको स्रोतले भन्यो, 'पछिल्लो एक वर्षको प्रदर्शन हेरेर वर्गीकरण हुनेछ,' पाठकले भने।

क्यानको पछिल्लो 'ए' श्रेणीमा कप्तान रोहितकुमार पौडेल, सोमपाल कामी, करण केसी, दीपेन्द्रसिंह ऐरी र आसिफ शेख थिए। त्यसवेला सन्दीप ए श्रेणीबाट बाहिरिए। यसैगरी, 'बी' श्रेणीमा आरिफ शेख, कुशल भुर्तेल र ज्ञानेन्द्र मल्ल छन्। 'सी' श्रेणीमा कमलसिंह ऐरी, विनोद भण्डारी, गुल्सन झा, अर्जुन साउद, अविनाश बोहरा, ललित राजवंशी, कुशल मल्ल, देव खनाल, सागर ढकाल र विवेक यादव रहेका छन्।

क्यानले पुरुषसँगै महिला खेलाडीको वर्गीकरण गत माघमा गरेको थियो। जसमा 'ए' श्रेणीमा कप्तान रुविना क्षेत्री, सीता रानामगर र इन्दु बर्मा छन्। 'बी' श्रेणीमा काजोल श्रेष्ठ, कविता कुँवर र अस्मिना कर्माचार्य छन्। 'सी' श्रेणीमा कविता जोशी, बिन्दु रावल, संगीता राई, ममता चौधरी, ज्योति पाण्डे र अप्सरी बेगम रहेका छन्। क्यानले महिलातर्फ 'ए' श्रेणीमा परेका खेलाडीलाई प्रतिमहिना १५ हजार, दोस्रो श्रेणीकालाई १२ हजार र तेस्रो श्रेणीमा परेका खेलाडीलाई १० हजार रुपैयाँ प्रदान गरेको छ।

खेल संक्षेप

एन्जल्स हार्ट क्वार्टरफाइनलमा

काठमाडौं/ एन्जल्स हार्ट र आयोजक बसुन्धारा नेसनल एकेडेमी (बिएनए) छैटौं बिएनए कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको जुनियर पुरुषतर्फ क्वार्टरफाइनलमा प्रवेश गरेका छन्। प्रतियोगिताको शनिबार भएको खेलमा एन्जल्स हार्टले इडेन ब्रिज एकेडेमी (इबिए) लाई १३-९ ले पराजित गर्दै अन्तिम आठको स्थान पक्का गरेको हो। एन्जल्स हार्टको जितमा रूपेश पौडेलले सर्वाधिक सात स्कोरको योगदान गरे। दिपेश पण्डितको ९ स्कोरको सहयोगमा बिएनएले गोल्डेन पिकलाई २०-१६ ले हरायो। सिनियर पुरुषअन्तर्गत थ्री बाई थ्रीमा ग्रिनल्यान्डले लालीगुराँस नेसनल एकेडेमी (एलएनए)लाई ११-६ ले पाखा लगायो। सिनियर महिलातर्फको क्वार्टरफाइनल समीकरण पूरा भएको छ।

पदक विजेता खेलाडी सम्मानित

काठमाडौं/ भारतको पन्जाबमा भएको प्रथम इन्डो-नेपाल अन्तर्राष्ट्रिय मार्सल आर्ट प्रतियोगिताका पदक विजेता खेलाडीलाई काभ्रेस्थली खेलकुद उपभोक्ता समितिले शनिबार नगदसहित सम्मान गरेको छ। काभ्रेस्थलीको ग्रिन हिल्स एकेडेमीमा भएको दोस्रो तार्केश्वर मेयर कप तेक्वान्दो प्रतियोगिताको समापनमा खेलाडी र प्रशिक्षकलाई सम्मान गरिएको हो। भारतमा साइना महर्जन, सिम्रिका कुँवर, दर्शना तामाङ र आर्यन रावलले स्वर्ण जितेका थिए। प्रशंसा तामाङले रजत र राजन तामाङले कांस्य हात पारेका थिए। तार्केश्वर नगरपालिकाका मेयर कृष्णहरि महर्जनलगायतले खेलाडीलाई पुरस्कृत गरे।

आर्मीलाई पुरुष बिच भलिबलको उपाधि

काठमाडौं/ त्रिभुवन आर्मी क्लबले राष्ट्रिय पुरुष बिच भलिबल प्रतियोगिताको उपाधि जितेको छ। पाल्पाको रानीमहलमा शनिबार सम्पन्न खेलमा नेपाल पुलिस क्लबलाई पराजित गर्दै आर्मीले उपाधि उचालेको हो। आर्मीको दिल सुनार र दुर्गाप्रसाद महतोको जोडीले पुलिसको इमबहादुर राना र चन्द्रबहादुर कुँवरको जोडीलाई २१-१९ र २१-१५ को सोझो सेटमा हराए। उपाधिसहित आर्मीले एक लाख ५० हजार रुपैयाँ जित्यो। उपविजेता पुलिसले एक लाख रुपैयाँ हात पाऱ्यो। विभागीय टोली एपिएफले कर्णाली प्रदेशलाई २१-१८ र २१-१७ को सोझो सेटमा हराउँदै तेस्रो स्थान रक्षा गरेको छ।

आयोजक एकेडेमी च्याम्पियन

काठमाडौं/ आयोजक मदन भण्डारी स्पोर्टस् एकेडेमीले दोस्रो बागमती प्रदेशस्तरीय तेक्वान्दो प्रतियोगिताको उपाधि शनिबार जितेको छ। सर्वाधिक नौ स्वर्ण, दुई रजत र पाँच कांस्यका साथ आयोजक टिम च्याम्पियन बन्यो। प्रतियोगितामा पाँच स्वर्ण, चार रजत र सात कांस्यसाथ मनमैजु उपविजेता बन्यो। तेस्रो भएको बालाजुले चार स्वर्ण, पाँच रजत र तीन कांस्य हात पाऱ्यो। आयोजकले ३० हजार, मनमैजुले २० हजार र बालाजुले १० हजार रुपैयाँ हात पारेका छन्। प्रतियोगिताको पुरुषमा जैशीदेवलका समीर तामाङ तथा महिलामा मनमैजुकी स्मारिका तामाङ उत्कृष्ट खेलाडी घोषित भए। सुरेन्द्र खड्गी उत्कृष्ट प्रशिक्षक चुनिए।

सुवासले अस्ट्रेलियामा विशेष प्रशिक्षण लिने

काठमाडौं/ नेपालका एमेच्योर एक नम्बर गल्फर सुवास तामाङले अस्ट्रेलियामा विशेष प्रशिक्षण लिने भएका छन्। एसिया प्यासिफिक एमेच्योर च्याम्पियनसिप (एएसी)ले सञ्चालन गर्ने एएसी एकेडेमीमा सुवासले प्रशिक्षण लिनेछन्। नेपाल गल्फ संघका अध्यक्ष टासी घलेले सुवासलाई बिदाइ गरका छन्। १ देखि ५ जेठसम्म मेलबर्नमा आयोजना हुने विशेष प्रशिक्षणमा सहभागिता जनाउने सुवास विश्व एमेच्योर गल्फ वरीयतामा १८९औं स्थानमा रहेका छन्।

वेस्ट इन्डिजले युएईसँग तीन खेल खेल्ने

रजेन्सी
दुबई, ३० वैशाख

दुईपटकको विश्वकप विजेता वेस्ट इन्डिजले सन् २०२३ को एकदिवसीय विश्वकप क्रिकेट प्रतियोगितामा सीधा स्थान पक्का गर्न सकेन। आइसिसीले आयोजना गरेको सुपर कपमा शीर्ष आठभित्र समावेश हुन नसक्दा वेस्ट इन्डिज ग्लोबल छनोटमा झरेको छ। अगामी जुन-जुलाईमा जिम्बावेमा हुने ग्लोबल छनोट क्रिकेट प्रतियोगिताको शीर्ष दुई स्थानमा रहने टोली मात्र विश्वकपमा सहभागी हुन पाउँछन्।

पूर्वविजेता वेस्ट इन्डिजको योजना शीर्ष दुईमा रहँदै भारतमा आयोजना हुने विश्वकपको स्थान पक्का गर्ने हो।

आइसिसीले ग्लोबल छनोटअघि पूर्वअभ्यास भनी खेल आयोजना गरेको छ। यसक्रममा वेस्ट इन्डिजले युएईसँग तीन अभ्यास खेल खेल्ने भएको छ। विश्व क्रिकेटकै बलियो टोली मानिने वेस्ट इन्डिजले पहिलोपटक एकदिवसीय वरीयताको १९औं स्थानमा रहेको युएईसँग प्रतिस्पर्धा गर्न लागेको हो।

आइसिसी विश्वकप लिग-२ को प्लेअफको शीर्ष दुईमा रहँदै युएई विश्वकपका लागि ग्लोबल छनोट भएको हो। वेस्ट इन्डिज क्रिकेटका निर्देशक जिमी एडम्सले तीन खेलको सिरिजले छनोट प्रतियोगिताअघि आफ्नो टोलीले उत्कृष्ट प्रदर्शन गर्ने बताए। 'युएईविरुद्धको वेस्ट इन्डिजले पहिलोपटक प्रतिस्पर्धा गर्दै छ, तीन खेलको एकदिवसीय सिरिज खेल्न पाउँदा खुसी छौं,' एडम्सले भने, 'आइसिसीले खेलाडीलाई विश्वकप छनोटअघि राम्रो तयारीको अवसर दिएको छ।'

ग्लोबल छनोटअघि आयोजित अभ्यास खेलले खेलाडीलाई राम्रो अन्तर्राष्ट्रिय एक्सपोजर प्रदान हुने उनको भनाइ छ। 'यस किसिमको अभ्यास खेलले खेलाडीलाई आत्मविश्वास दिलाउँछ,' उनले भने, 'यसका लागि आइसिसीलाई धन्यवाद छ।'

तीन खेल शारजाह क्रिकेट रंगशालामा हुनेछन्। तीन खेलको सिरिजपछि वेस्ट इन्डिज र युएई १८ जुनबाट सुरु हुने ग्लोबल छनोट प्रतियोगितामा भाग लिन जिम्बावे जानेछन्।

> दुईपटकको विश्वकप विजेता वेस्ट इन्डिजले ग्लोबल छनोटअघि पहिलोपटक एकदिवसीय वरीयताको १९औं स्थानमा रहेको युएईविरुद्ध प्रतिस्पर्धा गर्दै

ग्लोबल छनोटमा १० टोली

ग्लोबल छनोटमा १० टोली छन्। यसमा नेपाल पनि समावेश छ। नेपाल पहिलोपटक ग्लोबल छनोटमा परेको हो। नेपालले विश्वकप लिग-२ को शीर्ष तीन स्थानभित्र आफूलाई समावेश गर्दै ग्लोबल छनोट स्थान पक्का गरेको थियो। नेपालले कीर्तिपुरमा भएको विश्वकप लिग-२ को अन्तिम खेलमा युएईलाई हराउँदै स्थान सुरक्षित गरेको थियो।

सुपर लिग तालिकाको अन्तिम दुईमा रहेपछि जिम्बावे र नेदरल्यान्ड्स विश्वकप छनोटमा पुगेका हुन्। नेपालले लिग-२ का अन्तिम १२ मध्ये ११ खेल जितेको थियो। विश्वकप लिग-२ मा निराशाजनक प्रदर्शनपछि अमेरिका र युएई विश्वकप क्वालिफायर प्लेअफबाट छनोट भएका हुन्।

आर्मीले चर्च ब्वाइजलाई हरायो



> उपाधि दौडमा रहेको चर्च ब्वाइज युनाइटेडलाई आर्मीले १-० ले हरायो। आर्मीसँग पराजित हुनुअघि चर्च ब्वाइज लगातार चार खेलमा विजयी भएको थियो।

नयाँ पत्रिका
काठमाडौं, ३० वैशाख

उपाधि दौडमा रहेको चर्च ब्वाइज युनाइटेड सहिद स्मारक ए डिभिजन लिगमा त्रिभुवन आर्मी फुटबल क्लबसँग १-० ले पराजित भएको छ। दशरथ रंगशालामा शनिबार आर्मीलाई जित दिलाउन जिलेस्पीजंग कार्कीले निर्णायक एक गोल गरेका थिए। दुवै लेगमा आर्मीले चर्च ब्वाइजलाई हराएको छ। पहिलो लेगमा आर्मी १-० ले विजयी भएको थियो। छैटौं जितसँगै आर्मी १७ खेलमा २४ अंकसहित पाँचौं स्थानमा उक्लेको छ। चर्च ब्वाइज ३० अंकका साथ दोस्रो स्थानमा यथावत् छ। चर्च ब्वाइजले शीर्ष स्थान उक्लने अवसर गुमाएको छ।

चर्च ब्वाइज यसअघिका चार खेलमा अपराजित थियो। आर्मीका प्रशिक्षक नवीन न्यौपानेले चर्च ब्वाइजबाट दबाब आए पनि प्राप्त अवसरमा गोल हुँदा विजयी भएको बताए। 'हाम्रो तालमेल नमिल्दा चर्च ब्वाइजले दबाब दियो, उनीहरूले धेरै अवसर सिर्जना गरेका थिए,' आर्मीका प्रशिक्षक न्यौपानेले भने, 'हामीले सही समयमा गोल गर्‍यौं।'

आर्मी उपाधि होडमा नरहेको उनले बताए। 'उपाधि होडमा फर्कन गाह्रो छ, धेरै खेलाडी घाइते छन्, हामी हरेक खेल जित्न चाहन्छौं,' न्यौपानेले भने, 'हाम्रोमा स्तरीय खेलाडी कम छन्।' लिगअन्तर्गत शनिबार मच्छिन्द्र फुटबल क्लबले थ्री स्टारलाई १-० ले हरायो। सातदोबाटोले एपिएफमाथि ३-० को जित निकाल्यो।

चर्च ब्वाइजलाई उपाधि दौडमा समस्या

लगातार चार खेलमा जित निकालेको चर्च ब्वाइजले आर्मीविरुद्ध लयमा प्रतिस्पर्धा गर्न सकेन। खेलाडीहरूले आफ्नो वास्तविक स्तरअनुसार प्रतिस्पर्धा नगरेको प्रशिक्षक बालगोपाल महर्जनले बताएका छन्। यस किसिमको अनपेक्षित नजितालेउपाधि जित्ने लक्ष्य गाह्रो हुने बताए। 'आजको प्रदर्शनअनुसार हारलाई स्वीकार गर्नुपर्छ। मुख्य खेलाडीबाट सोचेको जस्तो प्रदर्शन भएन,' प्रशिक्षक महर्जनले भने, 'टेक्निकल रूपमा आर्मीविरुद्ध असफल भयौं। यस्तो प्रदर्शनले उपाधि जित्न गाह्रो हुन्छ।'

जिलेस्पीको निर्णायक गोल

आर्मीका युवा स्ट्राइकर जिलेस्पीले पहिलो हाफमै अग्रता गोल गरे। खेलको ४३औं मिनेटमा प्राप्त अग्रता रक्षा गर्दै आर्मीले तीन अंक बटुल्यो। जिलेस्पीले जितेन्द्र कार्कीको फ्रिकिकमा हेडिङ गोल गरेका हुन्। लिगमा जिलेस्पीको यो छैटौं गोल हो। जिलेस्पीले चर्च ब्वाइज र सातदोबाटोविरुद्ध समान दुई गोल गरेका छन्। फ्रेन्ड्स र जावलाखेलविरुद्ध एक-एक गोल गरेका हुन्।

दीपकको सानदार प्रदर्शन

राष्ट्रिय फुटबल टोलीका स्ट्राइकर दीपकराजसिंह ठकुरीको सानदार प्रदर्शनमा सातदोबाटोले एपिएफलाई ३-० ले हराएको छ। दशरथ रंगशालामै दीपकले दुई गोल गर्नुका साथै एक गोल सिर्जना गरे। दीपकको पासमा विदेशी खेलाडी विलियम ओपोकुले गोल गरेका थिए। दुवै लेगमा सातदोबाटोले एपिएफलाई हराएको छ। पहिलो लेगमा सातदोबाटो १-० ले विजयी भयो। जितसँगै सातदोबाटो १७ खेलमा २६ अंक जोडेर चौथो स्थानमा उक्लिएको छ। एपिएफ २२ अंकका साथ सातौं स्थानमा छ। सातदोबाटोले पहिलो हाफमा दुई गोल गरेको थियो।

लिगमा दीपकको १२औं गोल हो। उनले १७ खेल खेल्दा एपिएफ, संकटा, हिमालयन शेर्पा र एनआरटीविरुद्ध समान दुई गोल गरेका छन्। उनले फ्रेन्ड्स, खुमलटार, जावलाखेल र मनाडविरुद्ध एक-एक गोल गरेका छन्।

एन्जिला सम्मिलित सेथु क्वार्टरफाइनलमा



पहिलोपटक भारतीय महिला लिग खेलिरहेकी नेपाली राष्ट्रिय महिला टोलीकी कप्तान एन्जिला तुम्बाप्पो सुब्बाले ६ खेल खेल्दा पाँच 'क्लिन सिट' राख्न सफल भइन्

नयाँ पत्रिका
काठमाडौं, ३० वैशाख

नेपाली राष्ट्रिय महिला फुटबल टोलीकी कप्तान तथा गोलरक्षक एन्जिला तुम्बाप्पो सुब्बा सम्मिलित सेथु एफसी इन्डियन वुमन्स लिग (आइडब्लुएल)मा अपराजित रहँदै क्वार्टरफाइनलमा प्रवेश गरेको छ। अब सेथुले सेमिफाइनल प्रवेशका लागि इस्ट बंगालको सामना गर्नेछ। अन्तिम खेलमा ओडिसा एफसीसँग गोलरहित बराबरी खेल्दै सेथु समूह 'बी'को विजेता बनेको हो। एन्जिलाको कप्तानीमा खेलेको सेथुले ओडिसाविरुद्ध केही अवसर बनाए पनि सदुपयोग गर्न सकेन।

ओडिसाको केही उत्कृष्ट प्रहार एन्जिलाले रोकेकी थिइन्। सेथुले सात खेलमा पाँच जित र दुई बराबरीसहित १७ अंक जोड्यो। लिगमा सेथुले २५ गोल विपक्षी पोस्टमा गरेको थियो। सात खेलमा १६ अंक जोडेका किक स्टार्ट र ओडिसा क्रमशः दोस्रो र तेस्रो स्थानमा रहे। किक स्टार्टमा नेपाली राष्ट्रिय टोलीका मिडफिल्डरद्वय रेणुका नगरकोटे र सरु लिम्बू अनुबन्धित छन्।

एन्जिलाको पाँच 'क्लिन सिट'

पहिलोपटक भारतीय महिला लिग खेलिरहेकी एन्जिलाले पाँच क्लिन सिट राखेकी छिन्। समूह चरणका सातमध्ये ६ खेल खेलेकी एन्जिलाले पाँच खेलमा 'क्लिन सिट' राख्न सफल भएकी हुन्। एन्जिलाले एक गोल मात्रै बेहोरेकी छिन्। 'लगातार राम्रो प्रदर्शन भएको छ। पाँच खेलमा क्लिन सिट भयो,' भारतबाट एन्जिलाले खुसी हुँदै नयाँ पत्रिकासँग भनिन्। 'अब क्वार्टरफाइनलमा ध्यान हुनेछ। सबै खेलाडीको मनोबल उच्च छ। उपाधि जित्ने योजना बनाएका छौं,' उनले थपिन्।

सेथुले पहिलो खेलमा चर्चिल ब्रदर्स एफसीलाई ६-०, लर्ड एफसीलाई ४-१ र एस्टर्न स्पोर्टिङ युनियनलाई ३-० ले हरायो। त्यसपछि सेथुले सेन्ट्रल रिजर्भ पुलिस फोर्स फुटबल क्लबलाई ५-०, किक स्टार्ट र ओडिसा एफसीसँग गोलरहित बराबरी खेलेको थियो। सेल्टिक क्विन एफसीलाई ७-१ ले हराउँदा एन्जिला बेन्चमा थिइन्। तेस्रो खेलमा सेल्टिकविरुद्ध पहिलो एघारका पाँच खेलाडीलाई विश्राम दिँदा एन्जिला पनि सेथुको बेन्चमा रहिन्।

साविित्राको २६ गोल

नेपाली स्ट्राइकर साविित्रा भण्डारीले भारतीय महिला लिगमा २६ गोल गरेकी छिन्। समूह चरणका सात खेलमा साविित्राले २६ गोल गर्दै उच्च गोलकर्ताको दौडमा शीर्ष स्थानमा रहिन्। साविित्राले गोकुलम केरेलाबाट खेलिरहेकी छिन्। सेथुकी काजोल डी सौजा ९ गोल गर्दै दोस्रो स्थानमा छिन्। यता, साविित्रा सम्मिलित गोकुलम ७ खेलमा १९ अंक जोड्दै समूह एबाट शीर्ष स्थानमा रहेर क्वार्टरफाइनलमा स्थान बनाएको छ।



नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com